

नवौँ खेन्छेन ठङ्गु रिन्पोछेको

# आत्मजीवनी

# परम पूजनीय नवौँ क्याब्जे योङ्जिन खेन्छेन ठङ्गु रिन्पोछेज्यूको आत्मजीवनी सङ्ग्रह

नेपाली अनुवादः

आचार्य ङोडुप ग्याल्छेन योन्जन

नाम : खेन्छेन ठङ्गु रिन्पोछेकाे सङ्क्षिप्त आत्मजीवनी सङ्ग्रह

नेपाली अनुवादक : आचार्य ङोडुप ग्याल्छेन योन्जन

सम्पादक : लामा कर्म फूर्बु
टिका शेर्पा (थुब्तेन काल्साङ्)
आचार्य तेन्जिन नोर्बु
सम्पूर्ण कुमार लामा

भाषा शुद्धीकरण : महेशप्रसाद कोइराला

सहयोगी दाता : आचार्य शेराब दोर्जे, Alan Chin and family

डिजाइन तथा टाइसेटिङ् : आचार्य ङोडुप ग्याल्छेन योन्जन

फोटोग्राफर : कर्म ज्याङ्छ्युब गुरुङ

प्रकाशक : ठङ्गु धर्माकर पब्लिकेशन

संस्करण : पहिलो, १००० प्रति

संस्करण मिति : वि.सं.२०८० साल, सन् २०२३

सर्वाधिकार © प्रकाशक र अनुवादक

ISBN: 978-9937-1-4760-6

Dharma Kara

THRANGU DHARMAKARA PUBLICATIONS
Namo Buddha Municipality-01, Kavre, Bagmati Province
P.O. Box 1287, Kathmandu, Nepal
Website: www.rinpoche.com www.namobuddha.org



परम पावन १६ औँ ग्याल्वङ् कर्मपा राङ्ज्युङ् रिग्पे दोर्जे र पूजनीय नवौँ क्याब्जे योङ्जिन खेन्छेन ठङ्गु रिन्पोछे



परम पावन १७ औँ ग्याल्वङ् कर्मपा उर्गेन ठिन्ले दोर्जे र पूजनीय नवौँ क्याब्जे योङ्जिन खेन्छेन ठङ्गु रिन्पोछे



ठङ्गु अवतारमालाको थाङ्का

१. शेरब तेन्पी ग्याल्छेन, २. गेदुन सेङ्गे, ३. कर्म रिग्शाङ, ४. कर्म नाम्ग्याल ५. शेरब ग्याछो
६. कुन्ख्याब ङ्यीमा, ७. कर्म ङेदोन ग्याछो, ८. कर्म तेन्जिन ठिन्ले राब्गे
९. कर्म लोडो रिङ्लुग म्रवी सेङ्गेज्यूको हस्त छाप

# विषयसूची


क) एघार वर्षसम्मको आत्मजीवनी . . . . . . . . . . . . . . . . . . . . . . 01

ख) बाह्र वर्षदेखि एक्काइस वर्षसम्मको आत्मजीवनी . . . . . . . . 30

ग) छयालीस वर्षसम्मको आत्मजीवनी . . . . . . . . . . . . . . . . . . . . 47

१. जन्मस्थल . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . 48

२. जन्म, प्रमाणीकरण र गद्दी आरोहण . . . . . . . . . . . . . . . . . . . . 54

३. प्रारम्भिक शिक्षा . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . 56

४. परम्पराअनुसार तीर्थयात्रा तथा विभिन्न आवरण शोधन . . . . . . . 57

५. पुण्यसंवर र आवरण शोधनको क्रम . . . . . . . . . . . . . . . . . . . . 60

६. सामान्य ज्ञान प्राप्ति . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . 60

७. बौद्ध दर्शनको अध्ययन . . . . . . . . . . . . . . . . . . . . . . . . . . . 61

८. प्रतिमोक्ष संवर, बोधिसत्व संवर, गुह्यतन्त्र संवर ग्रहण . . . . . . . . 64

९. मातृभूमि छाडेर शरणार्थीको बाटो . . . . . . . . . . . . . . . . . . . . . 66

१०. अभिषेक, आगम र प्रवचन . . . . . . . . . . . . . . . . . . . . . . . . 69

११. का-राब्ज्याम्पा परीक्षा . . . . . . . . . . . . . . . . . . . . . . . . . . . 72

घ) रुम्तेक उच्च बौद्ध शिक्षण केन्द्रमा सेवा . . . . . . . . . . . . . . . . 76

ङ) आत्माजीवनीमा आधारित आठ प्रश्नोत्तर . . . . . . . . . . . . . . . 79

जि.प्र.का.नं.
(५०।०५३।५४)

गु.व्य.तथा वि.सं.ल.पु.द.नं.
(१०६।०५३।५४)

# श्री नमोबुद्ध बौद्ध धर्म ध्यान तथा शिक्षण केन्द्र

ठाङगु टासी छोयलिङ्ग गुम्बा बौद्ध काठमाडौं

२०५३

༄༅། །དཔལ་ལྡན་རྩ་བའི་བླ་མ་རིན་པོ་ཆེ། །
བདག་གི་སྤྱི་བོར་པད་ཟླའི་གདན་བཞུགས་ལ། །
བཀའ་དྲིན་ཆེན་པོའི་སྒོ་ནས་རྗེས་བཟུང་སྟེ། །
སྐུ་གསུང་ཐུགས་ཀྱི་དངོས་གྲུབ་སྩལ་དུ་གསོལ། །

དེ་ཡང་རིགས་དང་དཀྱིལ་འཁོར་ཀུན་གྱི་ཁྱབ་བདག་༧ སྐྱབས་རྗེ་ཡོངས་འཛིན་མཁན་ཆེན་རྡོ་རྗེ་འཆང་ཆེན་པོ་མཆོག་གི་ཞལ་སྔ་ནས། སྤྱིར་བལ་ཡུལ་གྱི་ལྗོངས་འདིར་སྐྱེས་པའི་མི་རིགས་རྣམས་ཤིན་ཏུ་སྐལ་པ་བཟང་བ་ཞིག་སྟེ། སྟོན་པ་མཉམ་མེད་ཤཱཀྱའི་རྒྱལ་པོ་མཆོག་རང་རེའི་ཡུལ་ལྗོངས་འདིར་སྐུ་འཁྲུངས་པའི་བྱིན་རླབས་དང་། དེ་བཞིན་འཛམ་གླིང་ཡོངས་ལ་གྲགས་པའི་མཆོད་རྟེན་རིན་པོ་ཆེ་རྣམ་པ་གསུམ་བཞུགས་པའི་བྱིན་རླབས་ལ་བརྟེན་ནས། ཡུལ་གྲུ་འདིར་འགོད་པའི་མི་རིགས་ཐམས་ཅད་ཆོས་ལུགས་རིས་མེད་ལ་དད་གུས་དང་ཡིད་ཆེས་ཆེ་ཞིང་། ལས་འབྲས་དང་བདེན་དོན་ལ་བརྩི་བཀུར་གནང་བའི་ཐོག་ཡ་རབས་ཀྱི་སྤྱོད་པ་བཟང་པོ་དང་ལྡན་ལ། ལྷག་པར་ནང་པ་སངས་རྒྱས་པའི་ཆོས་ནི་སྟོན་མཆོག་ཐུབ་པའི་དབང་པོ་འཛིག་རྟེན་འདིར་བྱོན་པ་ནས་ཡོངས་སུ་དར་ཏེ། ད་ལྟའི་བར་ཉམས་མ་མྱོང་བའི་ཡུལ་ཁམས་ཤིག་ཡིན་མོད། ཆོས་ཀྱི་སློབ་སྦྱོང་དང་། དམ་ཆོས་སྤེལ་བའི་ཕྲིན་ལས་དེ་ཙམ་རྒྱ་ཆེན་པོ་མ་བྱུང་བའི་རྒྱུ་མཚན་ནི། ཡུལ་འདིར་ནང་པའི་ཆོས་ལ་སློབ་སྦྱོང་དང་། ཉམས་ལེན་བྱེད་པོ་རྣམས་ལ་སྡེ་ཚན་གཉིས་བྱུང་བ་ལས། སྡེ་ཚན་གཅིག་གིས་ལེགས་སྦྱར་གྱི་སྐད་དང་། གཅིག་ཤོས་ཀྱིས་བོད་ཀྱི་སྐད་ཡིག་ཐོག་དམ་ཆོས་འཛིན་སྐྱོང་སྤེལ་བ་ལས། ས་གནས་རང་གི་སྐད་ཡིག་སྟེང་ནས་ལག་ལེན་གནང་མ་ཐུབ་པའི་སྐྱོན་གྱིས་བྱུང་བ་ཞིག་ཡིན། ཞེས་རང་རེ་བལ་ཡུལ་གྱི་ནང་ཆོས་དོན་གཉེར་པ་རྣམས་ལ་བཀའ་སློབ་ལམ་སྟོན་བདུད་རྩི་ལྟ་བུ་ཞིག་བཀའ་དྲིན་སྩལ་གནང་མཛད་པར་བརྟེན། འདས་པའི་ལོ་ཤས་

पो.ब.नं. १२८७, बौद्ध, काठमाडौं, नेपाल । फोन नं. ९७७-१-४५७०७६३

སྟོན་རང་དགོན་གྱི་སློབ་དཔོན་རྣམས་ནས་བཤལ་སྐད་ཐོག་བསྒྱུར་རྩོམ་གྱི་དེབ་ཕྲེང་མི་ཉུང་བ་ཞིག་
པར་དུ་བསྐྲུན་ཟིན་མོད། སྔར་ཡང་དཔལ་རིགས་དང་དཀྱིལ་འཁོར་ཀུན་གྱི་ཁྱབ་བདག་༧ སྐྱབས་
རྗེ་ཡོངས་འཛིན་མཁན་ཆེན་རྡོ་རྗེ་འཆང་ཆེན་པོ་མཆོག་ནས་ལྷུགས་རྩོམ་གནང་བའི་ ༡༽ དགུང
གྲངས་བཅུ་གཅིག་བར་གྱི་རང་རྣམ། ༢༽ དགུང་གྲངས་ཉེར་གཅིག་བར་གྱི་རང་རྣམ། ༣༽ དགུང
གྲངས་ཞེ་དྲུག་བར་གྱི་རང་རྣམ། ༤༽ རྨ་བཏེག་བཤད་གྲྭ་ཆེན་མོར་ཞབས་ཞུ་ཞུས་པའི་ལོ་རྒྱུས།
༥༽ རང་རྣམ་དྲིས་ལན་བརྒྱད་མ་བཅས་ལྔ་པོ་ཉེ་ཆར་རང་དགོན་གྱི་ཁྲ་འགྲུ་མི་ཊི་ཡཱའི་ལས་བྱེད
པ་ཨཱ་ཙཱརྱ་དངོས་གྲུབ་རྒྱལ་མཚན་མཆོག་ནས་བསྟན་འགྲོའི་དོན་དུ་དམིགས་ཏེ། ཀུན་སློང་དང
ལྷག་བསམ་རྒྱ་ཆེན་པོའི་སྒོ་ནས་དཔེ་དེབ་འདི་ཉིད་ཐོག་མར་བཤལ་སྐད་ཐོག་ཕབ་སྒྱུར་མཛད། བར
དུ་དཔེ་སྒྲིག་དང་ཞུ་དག་གནང་། མཐར་ཁྲ་འགྲུ་ཧྲཱིམྨ་ཀ་ར་རྩོམ་སྒྱུར་ཁང་ནས་པར་སྐྲུན་གྱི་འགན
འཁུར་གནང་བར་རྗེས་སུ་ཡི་རང་དང་། ཀུན་ཏུ་སྤྱོད་པ་འདི་རྒྱལ་བའི་བསྟན་པ་རིན་པོ་ཆེར་ཞབས
འདེགས་དང་མིག་དཔེར་འགྱུར་ཞིང་། ཁྱད་པར་སྟོན་པ་ཉིན་དམ་པའི་རྣམ་ཐར། རྗེས་འཇུག་གདུལ
བྱའི་ཉམས་ལེན། ཞེས་པ་ལྟར་ཞི་བར་གཤེགས་པའི་དཔལ་ལྡན་བླ་མ་དམ་པའི་སྐུ་གསུང་ཐུགས
ཀྱི་ཡོན་ཏན་དང་ཕྱི་ནང་གསང་གསུམ་གྱི་རྣམ་ཐར་རྣམས་གང་གིས་ཐོས་པ་ཙམ་གྱིས་སེམས་རྒྱུད
ལ་དད་པ་མ་སྐྱེས་པ་སྐྱེ་བ་དང་། སྐྱེས་པ་རྣམས་ཉམས་པ་མེད་པར་གོང་ནས་གོང་དུ་འཕེལ་བར
བྱ་བའི་ཕྱིར་ལོ་རྒྱུས་ཙམ་དུ་མ་དགོངས་པར་ཕྱི་རབས་པ་རྣམས་ལ་བྱ་མིག་གྱིན་བལྟས་དཔེ་ལྟར།
ཆོས་བཞིན་འདུལ་བ་བཞིན་དུ་ཉམས་ལེན་མཛད་ནས་རྒྱལ་བ་བཀའ་བརྒྱུད་གོང་མའི་རྣམ་ཐར་གྱི
རྗེས་སུ་སློག་ཐུབ་པའི་སྨོན་འདུན་དང་བཅས་ཏེ།

དཔལ་ལྡན་བླ་མའི་རྣམ་པར་ཐར་པ་ལ། །
སྐད་ཅིག་ཙམ་ཡང་ལོག་ལྟ་མི་སྐྱེ་ཞིང་། །
ཅི་མཛད་ལེགས་པར་མཐོང་བའི་མོས་གུས་ཀྱིས། །
བླ་མའི་བྱིན་རླབས་སེམས་ལ་འཇུག་པར་ཤོག །

ཅེས་ཆོས་རྗེ་བླ་མའི་མིང་འཛིན་པ་དབང་ཕྱུག་སྟོབས་ལྡན་ནས།

ཕྱི་ལོ་༢༠༢༣ ཟླ་༨ ཚེས་༨ དང་། བོད་ལོ་༢༡༥༠ ཟླ་༧ ཚེས་༢༥ མཁའ་འགྲོའི་དུས
བཟང་གི་ཉིན་མོར་ཕུལ་བ་དགེའོ། །

Namo Buddha Buddhist Meditation & Educational Centre • 2053 •

# श्रद्धेय छ्योज्ये लामा वाङ्छ्युगज्यूको आशीर्वचन

*श्रीमान मूलगुरु रत्न,*
*मेरो शिर पद्माचन्द्रासनमा विराजमान गरेर,*
*महाकरुणाको कृपाले स्वीकारी,*
*काय, वाक र चित्तको सिद्धि प्रदान गर्नुहोस् ॥*

सर्व गोत्र र मण्डलका विभु शरणनाथ गुरु महावज्रधर खेन्छेन ठङ्गु रिन्पोछेज्यूको मुखारविन्दबाट, "वास्तवमा, नेपालमा जन्मिएका सम्पूर्ण मानव जातिहरू धेरै सौभाग्यशाली हुन्। किनभने शाक्यमुनि बुद्ध हाम्रै देशमा जन्मनु भएको र त्यसैगरी संसारमा प्रसिद्ध तीनवटै महाचैत्यहरू पनि यहीँ अवस्थित भएको अधिष्ठानले गर्दा यहाँका बासिन्दाहरूमा सबै धर्म तथा परम्पराप्रति ठूलो आस्था र विश्वास रहेका छन्। त्यसैगरी कर्मफल तथा सत्यार्थमा श्रद्धा भएसँगै भद्रचार्य तथा कुशल आचरणका छन्। विशेषगरी गौतम बुद्धको यस लोकमा आगमनपछि समस्त जगतमा बौद्ध धर्म फैलिए पश्चात् अहिलेसम्म पनि यहाँ बौद्ध धर्म अभ्यासमा ह्रास नआएको स्थान भए तापनि धर्मको अध्ययन र प्रवर्द्धन भने व्यापक हुन सकेको देखिंदैन। त्यसको कारण यहाँ बौद्ध धर्म अध्ययन तथा अभ्यास गर्नेहरूमा एउटा वर्गले संस्कृत भाषामा र अर्को वर्गले भोट भाषामा प्रवर्द्धन तथा संरक्षण गरिरहेका छन् भने यहाँको आफ्नै मौलिक भाषामा अभ्यास तथा अध्ययन गर्न नपाएर हो।" भन्नुभएको थियो। यसरी रिन्पोछेले बौद्ध धर्ममा चासो राख्ने हरेक नेपालीहरूलाई अमृत स्वरूप उपदेश र मार्गदर्शन दिनुभई ठूलो कृपा र योगदान पुऱ्याउनुभएको छ।

विगत केही वर्ष अगाडि हाम्रो गोन्पाका आचार्याज्यूहरूले नेपाली भाषामा अनुवादित केही पुस्तकहरू प्रकाशन गरिसकेका छन् जस्तो लाग्यो। पुनः यसपालि पनि सर्व गोत्र र मण्डलका विभु शरणनाथ गुरु महावज्रधार खेन्छेन ठङ्गु रिन्पोछेज्यू स्वयम्ले लेख्नुभएको; १) एघार वर्षसम्मको आत्मजीवनी, २) एक्काईस वर्षसम्मको आत्मजीवनी, ३) छयालीस्

वर्षसम्मको आत्मजीवनी, ४) रुम्तेकको बौद्ध शिक्षण केन्द्रमा सेवा र ५) आत्मजीवनीमा आधारित आठ प्रश्नोत्तर गरी छ अध्यायहरू यसै ठङ्गु मिडियामा आबद्ध रहेको हाम्रो गोन्पाको आचार्य ङोडुप ग्याल्छेनज्यूले बौद्ध धर्म तथा जगत-हितको लागि वृहत् अध्याशयका साथ हालै यस पुस्तक सर्वप्रथम नेपालीमा अनुवाद गरी दोस्रोमा सम्पादन र अन्तमा ठङ्गु धर्माकर पब्लिकेशनले प्रकाशनको जिम्मा लिनुभएकोमा हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

साथै यस भद्रचार्यले बौद्ध धर्म तथा जगतमा सेवा पुगी एउटा राम्रो उदाहरण बनोस् । विशेषगरी पूर्वज महासिद्धहरूका जीवनी पछि आउने अनुयायीको लागि अभ्यास हो भने झैं महापरिनिर्वाण प्राप्त गर्नुभएका श्रीमान् सद्गुरुको काय, वाक र चित्तको गुण साथै बाह्य, भित्री र गुह्यको जीवनी केवल श्रवण मात्रैले पनि श्रद्धा नभएकोमा श्रद्धा जाग्ने, श्रद्धा भएकाहरूमा झन् वृद्धि हुनको लागि यसलाई एउटा साधारण जीवनी मात्र नसोची ‘पंछीले सधैँ माथि हेर्छ’ भने झैँ पछिका अनुयायीहरुले धर्मानुसार र विनयानुसार अभ्यास गरेर जिनकग्यु पूर्वजको जीवनीले देखाएको मार्गमा चल्न सकियोस् भनी प्रार्थना गर्दछु ।

*श्रीमान् गुरुको विमोक्ष (जीवनी)मा,*
*एकक्षण पनि मिथ्यादृष्टि उत्पन्न नभई ।*
*जे गरेको उत्कृष्ट देखी श्रद्धा र आस्थाले,*
*गुरुको अधिष्ठान चित्तमा प्रवेश गरुन् ॥*

यसरी छ्योज्ये लामा (धर्मस्वामी गुरु) नामधारी वाङ्छ्युग तोब्देनले सन् २०२३ साल सेप्टेम्बर ९ तारिख तदनुसार भोट वर्ष: २१५० सातौँ महिनाको २५ गते डाकिनीको शुभ दिनमा चढाएको ॥ शुभम् ॥

# भूमिका

मेरा परम पूज्यनीय गुरु क्याब्जे योङ्गिन खेन्छेन ठङ्गु रिन्पोछेज्यूको भोट भाषामा लेखिएको 'आत्मजीवनी सङ्ग्रह' नेपालीमा प्रस्तुत गर्न पाउँदा मलाई अति खुसी लागेको छ। हामीमा श्रद्धाभाव र प्रेरणा जगाउनका निम्ति महापुरुष तथा सद्गुरुहरूको जीवनी अध्ययन र श्रवण गर्नु जरुरी छ भने झैँ गुरुको यस आत्माजीवनी जो कसैले पढेर वा सुनेर धर्म प्रति आस्था र विश्वास अवश्य जागृत हुनेछ भने यसले आफ्नो जीवनमा सकारात्मक उर्जा र प्रोत्साहन मिल्नेछ भन्ने आशा र विश्वास लिएको छु।

भोट पात्रोअनुसार चौथो महिनाको १५ गते पूर्णिमा (वि.सं.२०८० जेठ २१ गते)का शुभ दिनमा गुरुले महापरिनिर्वाण प्राप्त गर्नुभयो। त्यो क्षणप्रति म नि:शब्द छु। उहाँ मेरो लागि सद्धर्म र कर्मको बाटोमा डोऱ्याउँदै बौद्ध तथा आधुनिक शिक्षा प्रदान गर्ने एउटा महान् सद्गुरु मात्र नभई गाँस, बास र कपासको पूरै रेखदेख गर्ने अति उत्तम अभिभावक पनि हुनुहुन्थ्यो। उहाँको करुणा तथा कृपाद्वारा यस लोकमा गर्नुभएको बाह्य, भित्री र गुह्यको योगदानहरू अपरम्पार छन्। हुन त, उहाँको बाह्य कर्मलीला मात्र पनि अचिन्तनीय भएकोले यहाँ व्याख्या गर्न सक्दिन। उहाँले आफ्नो जीवनकालमा परहित र सद्धकर्म तथा बौद्ध धर्मको लागि समर्पित गर्नुभई स्वदेश तथा विदेशमा व्यापक रूपले बौद्ध धर्म फैलाउनु भयो।

विशेष गरी हाम्रो देश नेपाल र हामी नेपालीहरूका लागि उहाँको ठूलो योगदान रहेको छ। उहाँले आफ्नो जीवनको धेरै जसो अमूल्य समय यहीँ नेपालमा बिताउनु भएको थियो। हाम्रो देश नेपाल शान्तिका अग्रदूत भगवान् गौतम बुद्ध जन्मिनु भएको भूमि भएता पनि यहाँ बौद्ध संघ सस्थाहरू त्यति नहुँदा बुद्धले देखाउनुभएको सद्धर्मको प्रचार प्रसार भने त्यति व्यापक हुन सकेन। त्यसैले रिन्पोछेले नेपालीलाई विशेष ध्यानमा राखी वि.सं. २०३३ सालमा नमोबुद्धमा ध्यान केन्द्रको स्थापना गर्नुभई गौतम बुद्धको शिक्षा तीव्र गतिमा फैलाउने कार्य सुरु गर्नुभएको थियो।

क्रमशः नेपालका विभिन्न ठाउँमा बौद्ध धर्म ध्यान तथा शिक्षण केन्द्र, विद्यालय आदि स्थापना गर्नुभयो। उहाँले नेपालमा स्थापना गर्नुभएका केही संघ संस्थाहरूको नाम लिनुपर्दा बौद्ध महाचैत्य नजिकै ठङ्गु टाशी छ्योलिङ गुम्बा, नमोबुद्धमा ठङ्गु टाशी याङ्चे गुम्बा, भक्तपुरमा ठङ्गु सेखर ध्यान केन्द्र, स्वयम्भूको सीतापाइलामा ठङ्गु तारा अबे आनी गुम्बा रहेका छन्। साथै नुब्री, मनाङ, नार, सिन्धुपाल्चोक र लुम्बिनीमा पनि शाखा गुम्बाहरू स्थापना गर्नुभएको छ। यसरी भिक्षु, भिक्षुणी तथा सम्पूर्ण श्रद्धालु भक्तजनहरूलाई बौद्ध शिक्षाको अध्ययन, अभ्यास तथा चिन्तन गर्ने सुविधा मिलाउनुभई बौद्ध धर्मको संरक्षण तथा प्रवर्धनमा ठूलो योगदान पुऱ्याउनु भएको छ। उहाँकै चेलाहरू हाल विद्वान तथा खेन्पो, आचार्य भई स्वदेशी तथा विदेशीलाई सद्धर्मको मार्ग दर्शाउँदै जगतहितका कुशल कार्यहरू गरिरहेका छन्।

साथै रिन्पोछेले बौद्ध तीनचुलीमा श्री मंगलद्वीप बोर्डिङ् स्कूलको स्थापना गर्नुभई गरिब तथा दुर्गम हिमाली क्षेत्रका बालबालिकाहरू लगायत भिक्षु भिक्षुणीहरूलाई पनि आधुनिक शिक्षाको प्रबन्ध मिलाउनु भएको छ। नमोबुद्धमा श्री मंगलद्वीप शाखा विद्यालय स्थापना गर्नुभई साना भिक्षुहरूलाई बौद्ध शिक्षाका साथै आधुनिक शिक्षा प्रदान गर्नुभएको छ। यसले गर्दा भिक्षु, भिक्षुणी र बालबालिकाहरूको जीवनमा ठूलो परिवर्तन आएको छ भने उनीहरूका परिवार तथा गाउँ ठाउँ पनि संवृद्ध भएका छन्।

विगत तीस वर्षदेखि नमोबुद्धमा निःशुल्क स्वास्थ्य क्लिनिक सञ्चालन गरेर समाज सेवा गर्नुभएकोले त्यहाँका स्थानीय बासिन्दाहरूको स्वास्थ्यमा ठूलो लाभ पुगेको छ। यस क्लिनिकमा अहिले आयुर्वेदिक औषधी, एक्युपंचर आदिको पनि सेवा दिइँदै आइएका छन्। यसको लाभ लिन सर्वसाधारणहरू धेरै टाढाबाट पनि आउने गरेका छन्। यसै गरी स्वयम्भू स्थित आनी चिकित्सा विभागले पनि ठङ्गु तारा अबे आयुर्वेदिक क्लिनिक सञ्चालन गरी सेवा प्रदान गर्दै आएको छ।

नमोबुद्ध स्थित ठङ्गु धर्माकर पब्लिकेशनले पनि बौद्ध धर्मका ग्रन्थहरू विभिन्न भाषामा प्रकाशन गरिरहेको छ भने नेपाली भाषामा पनि केही पुस्तकहरू प्रकाशन गरिसकेको छ। यसै गरी अहिलेको समयको मागअनुसार वेबसाइट, सामाजिक सञ्जाल फेसबुक, युट्युब मार्फत पनि ठङ्गु मेडियाद्वारा बौद्ध धर्मको प्रचार प्रसार भैरहेको छ।

उहाँले धार्मिक तथा विदेशी पर्यटनको विकाससँगै देशको आर्थिक वृद्धिमा पनि ठूलो टेवा पुऱ्याउनु भएको छ। विभिन्न समाज सेवा जस्ता अरु पनि असङ्ख्य धर्म कार्यहरू गर्नुभएको छ जुन यहाँ लेखेर साध्य छैन।

यसरी हामी नेपालीहरूमा महाकारुणिक गुरुको अपार कृपा र देन रहेको बारे नेपालीहरूलाई खासै जानकारी नभएको र उहाँका वृहत् रचना तथा धर्मदेशनाहरू नेपालीमा अनुवादित अति कम पाएँ। यसै क्रममा मेरा धर्म मित्रहरूले नेपालीमा अनुवाद गर्नका निम्ति सल्लाह सुझाव दिनुका साथै हौसला दिनुभयो।

वास्तवमा, म जस्तो मन्द बुद्धि भएको व्यक्तिमा अनुवाद गर्न सक्ने कुनै योग्यता छैन। तर पनि गुरुको करुणामय कृपा र धर्म मित्रहरूको प्रोत्साहनले गर्दा अनुवाद गर्ने आँट गर्रें। अल्पज्ञान एवम् समय पाबन्दीले गर्दा पनि यस अनुवादमा त्रुटि भएको हुनसक्छ। त्यसमा म क्षमा प्रार्थी छु। यस पुस्तक पढी गुरुसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सम्बन्ध रहेका उहाँको अनुयायीहरूलाई गुरुको जीवनलीलाको ज्ञात हुनेछ भन्ने आशा गरेको छु।

रिन्पोछेको यस आत्मजीवनी पुस्तकमा भोटको ठाउँको नाम बुझ्न र छुट्याउन सहज हुनको लागि मैले (italic)अक्षर राखेको छु भने ग्रन्थहरूको नामहरू ('') चिन्ह भित्र राखेको छु। प्राविधिक शब्दहरूलाई सकेसम्म नोट वा कोष्ठमा राखेको छु।

अन्तमा, धर्ममित्र आचार्य तेन्जिन नोर्बुज्यूले सुरुदेखि नै हौसला दिनुका साथै अनुवाद तथा सम्पादनमा ठूलो सहयोग गर्नुभएकोमा म उहाँलाई हृदयदेखि विशेष कृतज्ञता व्यक्त गर्न चाहन्छु। सम्पादनमा सहयोग गर्नुहुने हाम्रो नमोबुद्ध ठङ्गु टासी याङ्चे गुम्बाका उपाध्यक्ष तथा श्री मंगलद्वीप शाखा विद्यालयका प्रधानाध्यापक लामा कर्म फुर्बुज्यू, लोचावा टिका शेर्पाज्यू र सम्पूर्ण कुमार लामाज्यूलाई पनि मुरी मुरी धन्यवाद व्यक्त गर्दछु। साथै भाषा शुद्धीकरणमा सहयोग गर्नु हुने श्यामपाटी स्थित श्री लक्ष्मीनारायण माध्यमिक विद्यालयका प्रधानाध्यापक महेशप्रसाद कोइरालाज्यूलाई पनि हार्दिक आभार प्रकट गर्दछु।

यसै गरी भोट भाषा रहेको यस पुस्तक सम्पादन आदि गर्नुभएका तिब्बत ठङ्गु गोन्पाको खेन्पो ठिन्ले पाल्साङ् र नमोबुद्ध बौद्ध शिक्षण केन्द्रमा अध्यापन गर्दै रहनुभएका

खेन्पो गेलोङ् छिरिङज्यू र खेन्पो शेराब फुन्छोगज्यूहरू सँग अनुवादको क्रममा परामर्श गर्दा उहाँहरूले प्रदान गर्नुभएको अमूल्य समय र सुझावप्रति हार्दिक आभार प्रकट गर्दछु।

विशेष गरी यस पुस्तक प्रकाशन गर्नका निम्ति हौसलाका साथै आर्थिक सहयोग गरी धर्मदान गर्नु हुने क्यानडा ठङ्गु गोन्पामा रहनुभएको धर्ममित्र आचार्य शेराब दोर्जेप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। साथै मलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्णलाई धेरै धेरै धन्यवाद व्यक्त गर्दछु।

यस कुशल कर्मको पुण्यले सर्वजगत्का प्राणीहरू यस भवसागरको दुःखबाट मुक्त भई अन्त्यमा बुद्धत्व प्राप्त गर्न सकुन् भनी प्रणिधान र परिमाण गर्दछु। विशेष गरी मेरा परम पूजनीय गुरु कर्म लोडोए रिङ्लुग म्रवे सेङ्गे (कर्म मति परम्परावादी सिँह) अर्थात् क्याब्जे योङ्गिन ठङ्गु रिन्पोछेज्यू सर्वजगत तथा सत्वहितको निम्ति निर्माणकायको शीघ्र आगमन होस् भनी काय, वाक, चित्तबाट प्रार्थना गर्दछु।

अनुवादक

सन् २०२३ सेप्टेम्बर २९

महान् तीर्थस्थल नमोबुद्धको ठङ्गु टशी याङ्चे गोन्पामा रही पूर्णिमाको शुभदिनमा लेखेको। सर्वमङ्गलम्॥

## परम पूजनीय नवौँ क्याब्ज्ये खेन्छेन ठङ्गु रिन्पोछेज्यूको एघार वर्षसम्मको आत्मजीवनी

(सन् १९३३-१९४३)

मसँग जोडिएका चिरपरिचित व्यक्तिहरू तथा धर्ममित्रहरू धेरैले मेरो जीवनी आफैँले लेख्नु पर्‍यो भनी सुझाव दिनुभयो। साधारणतया, मेरो विचारमा मसँग न त सद्धर्मको ध्यान तथा अभ्यासमा दक्ष भई विद्वान सरहको गुण छ, न त सांसारिक हिसाबले राजनीतिको योग्यता नै छ। त्यसैले मेरो जीवनी पढ्ने जो कसैलाई धार्मिक तथा राजनीतिक तवरले कुनै लाभ होला जस्तो नलागे पछि आफ्नो जीवनी लेखिरहन कुनै आवश्यक देखिनँ। तर मेरा केही शुभचिन्तक र साथीहरूले जसरी भए पनि एउटा लेख्नै पर्छ भनी बारम्बार अनुरोध गरेको हुनाले मैले पनि लेख्दिनँ भनेर धेरै जिद्दी गरिराख्नुको कुनै औचित्य देखिनँ।

यद्यपि मेरो जीवनमा पनि साधारण मान्छेको जस्तै सुखदुःख र उतार चढावका क्षणहरू धेरै छन् तापनि गुरु र अधिदेवहरूको कृपाले गर्दा मेरो जीवनी सद्धर्म र विशेष गरी कर्म *कम्छाङ* सम्प्रदायमा जोडिएको छ। तसर्थ म धेरै ठाउँ पुगेर त्यहाँ देखेका, भोगेका कुराहरू लेखी राखेमा यसले धार्मिक तथा सामाजिक कुरामा फाइदा त नहोला तर पनि पाठकहरूलाई मनोरञ्जन हुनेछ भन्ने सोचले मैले आफ्नो जीवनी लेखेको हुँ।

म जन्मेको ठाउँलाई आजकल *खाम तोइ* (माथिल्लो खाम) भनेर चिनिन्छ। भूगोलका हिसाबले भन्नु पर्दा खाममा चारवटा प्रमुख नदीहरू छन्। पूर्वबाट

यङ्चे नदी र पश्चिम तर्फ *मेकोङ्* नदी बग्छन्। ती दुई नदीहरूको बीचमा *दोती घङ्कर* भनेर चिनिने ठूलो क्षेत्र रहेको छ जहाँबाट *तेर्छ्येन छ्योग्युर लिङ्पाले* धेरै *तेर* (निधि) निकाल्नु भएको थियो। हिमाल, पहाड भएको यो ठाउँ धेरै अधिष्ठान युक्त र पवित्र रहेको छ। उता रहेको मेकोङ् नदी भन्दा यता यङ्चे नदीको नजिकै रहेको गाउँमा मेरो जन्म भएको थियो।

भौगोलिक रूपमा म जन्मेको ठाउँ र ठङ्गु टुल्कु भन्ने नाम प्राप्त भएको गोन्पा धेरै टाढा नभई नजिकै छ। धेरै पहिले तिब्बतमा सद्धर्म विस्तार हुँदा प्रारम्भिक चरणमा यस ठाउँबाट भएको थियो। किनभने राजा स्रोङ्चेन गम्पोले चिनियाँ राजकुमारी ग्याजा कोङ्जो (वेनचाङ्)सँग विवाह गर्ने बेला वेनचाङ् तिब्बतमा पाल्नुहुँदा चीन-तिब्बत सीमाना *मा-ङ्यीदा पास* हुँदै म जन्मेको ठाउँमा पाल्नुभएको थियो। त्यहाँ पाल्नुको विशेष कारण त स्पष्टसँग थाहा भएन तर पनि वैरोचन बुद्धका अष्ट हृदय पुत्र (बोधिसत्व) मञ्जुश्री, वज्रपाणि, अवलोकितेश्वर, क्षितिगर्भ, सर्वनिवारणविष्कम्भिन्, आकाशगर्भ, मैत्रेय, समन्तभद्रले परिक्रमा गर्नुभएको कुरा चट्टानमा कुँदिएका छन्।

त्यहाँ वैरोचन बुद्ध र नजिकको आठ हृदय पुत्रहरूको स्तुति र जीवनी अद्भुत तवरले खोपेका छन्। त्यसै गरी फेरि पछि चिनियाँ भाषामा पनि खोपेका रहेछन्।

त्यस बेला त्यो ठाउँ *कुश्युग्दा* (काय अवस्थित) भनेर परिचित रहेछ किनभने यस ठाउँमा शाक्यमुनि बुद्धको मूर्ति अवस्थित थियो। तिब्बतमा बौद्ध धर्मको प्रचारप्रसार स्रोङ्चेन गम्पोको पालामा भएकोले यस ठाउँमा सद्धर्मको विस्तार धेरै अगाडिदेखि भएको थियो। सबैभन्दा पहिले काय, वाक र चित्तको प्रतिमाहरू निर्माण गर्ने प्रचलन पनि सुरु भएको थियो। त्यसैले पनि यस ठाउँलाई अति पवित्र मानिन्छ। मेरो जन्मस्थान त्यसको नजिकै थियो।

पछि, त्यस ठाउँ *क्युरा*को मुख्य गोन्पा भएर गयो। कसरी भयो भन्दा धेरै पहिले यस ठाउँमा *डुताग गोय्* भन्ने एक जना व्यक्ति थियो। उनका सात छोराहरू थिए। ती सात छोराहरूले बुबालाई एउटा राम्रो कपडा दिने मनसायले ओटर (पानी र जमिनमा बस्ने जनावर)को रौँले गलैंचा बनाए। उक्त गलैंचा धुन लाग्दा नदीले बगाउन थाल्यो। ती सात छोराहरूले एकले अर्काको हात समात्दै गलैंचा समाते र अन्तिममा रहेको छोराले चौँरी गाईको नाक (नत्थी) समातेको थियो। तर चौँरी गाईको नाक नै चुँडिएर सबैजना नदीले बगाएर मरे।

आफ्ना सात छोराको मृत्युको कारण *डु ताग गोय्* ठूलो शोकमा पऱ्यो। शोकाकालमै क्रमैसंग तीन छोराहरू जन्मियो। ठूलो शोकको बेलामा जन्मेको छोरोलाई *डु ञ्चीमा नाग्पो,* शोक अलि कम भएको बेलामा जन्मेको छोरोलाई *डु ञ्चीमा ठवो* र शोकमुक्त पछि जन्मेको छोरोलाई *डु ञ्चीमा कार्पो* भनेर नामकरण गरे। ती तीन छोराहरू मध्ये कान्छो छोरो *डु ञ्चीमा कर्पो*ले एक दिन *माग्याल पोम्रा* भन्ने हिमाल अगाडि जाँदा त्यस ठाउँमा धेरै देवीहरू भेला भएका देख्यो। उसले डोरीको पासोद्वारा एउटी देवीलाई समातेपछि दुबैसँगै बसी कुराकानी गरे। देवीले,

"अहिले म देवलोकमा जान्छु, एक वर्ष पछि तपाईं यस ठाउँमा आउनु अनि हामी भेटौँला," भनी आकाशमा उडेर गइन्।

एक वर्षपछि *डु ञ्चीमा कर्पो* फेरि त्यस ठाउँमा पुग्दा देवीहरू आकाशबाट अवतरण भए। देवीहरूले सिंहको छाला फ्याँकी,

"त्यस माथिको तिम्रो छोरो हो," भनिन्।

चार कुनाबाट चार जनाले समातेर उठाउँदा एक जनाको हातबाट खुस्केर भुईंमा खसी एउटा औंला भाँचियो। त्यसैले छोरोको नाम *क्युरा नम्ज्यीन कर्पो*

*सोर्मो गु* (नौ औँले) भनिएको हो। आकाशबाट फ्याँकेकाले *क्युरा* भनिएको थियो। क्युराको वंशज फैलिँदै *आमे ङाग्छ्याङ् छुल्ठिम ग्याछो*सम्म आई पुग्यो। यहाँसम्म आइपुग्दा सद्धर्म धेरै राम्रो फैलिरहेको थियो भनी पवो चुग्लग ठेङवाले ‘छ्योईज्युङ खेपी गातोन’ नामक इतिहास ग्रन्थमा *लाङ् दार्मा* (सन् ८६३-९०६) ले बौद्ध धर्म विनाश गरेको बेलामा पनि धेरै तान्त्रिक गुरुहरूद्वारा बौद्ध धर्म सुरक्षित राखी अभ्यास गरेको कुरा प्रष्ट लेख्नुभएको छ।

त्यसपछि, *आमे ङग्छ्याङ छुल्ठिम ग्याछो*को भेट *आछ्यी छ्योक्यी डोन्मा*सँग भयो। *आछ्यी ना नाम्शा छ्योक्यी डोन्मा*को जन्म *लातोई क्यिडोङ*मा भएको थियो। उनले वंशज फैलाउन भनी लातोईको एक व्यापारी साथमा खाममा गई *आमे छुल्ठिम ग्याछो*लाई भेटेर,

“म हजुरसँग बिहे गर्न आएकी हुँ” भनिन्।

तर आमे छुल्ठिम ग्याछोले,

“म त धर्म गर्ने साधारण साधक हुँ। विवाह गर्न आवश्यक पर्ने धन सम्पत्ति र सामग्री केही छैन” भन्नुभयो।

आछ्यी छ्योक्यी डोन्माले,

“धन सम्पत्ति भए पनि हुन्छ, नभए पनि हुन्छ तर पनि हाम्रो वंशमा एउटा असाधारण, विशिष्ट व्यक्ति जसले बौद्ध धर्ममा ठूलो योगदान पुऱ्याउन सक्छ, त्यस्तो व्यक्तिको जन्म हुनेछ। त्यसैले हजुरले जसरी भए पनि विवाह गर्नुपर्छ” भनिन्।

त्यसपछि उहाँहरूले विवाह गर्नुभयो। अनि उहाँहरूको वंश फैलियो। पछि *आछ्यी ना नाम्शा छ्योक्यी डोन्मा* समाधिमा बस्नुभई आफ्नो शरीरसहित आकाशमा विलोप हुनुभयो।

समस्त कग्यु र विशेष गरी डिगुङ कग्युको धर्मपाल *आछ्यी छ्योक्यी डोन्म* यहाँ पाल्नु भई वंशज फैलाउनु भएकोले *क्युरा* कुलमा *क्योब्प ज्यिग्तेन सुम्गोन* (सन् ११४३-१२१७) जन्मिनु भयो। उहाँ यसै ठाउँमा जन्मिनु भएको थियो। यस ठाउँमा एउटा अहिले *क्योब्प राङुई* (क्योब्पले बाख्रा तानेको) भन्ने मैदान पनि छ। उहाँलाई एकजना भक्तले धर्म प्रवचन गरे बापत एउटा बाख्रा चढाउनु भएको थियो। तर उहाँ सानै भएकाले बाख्रा तान्दा ढुङ्गामा पैतालाको छाप बसेको थियो जुन अहिले पनि देख्न सकिन्छ। क्युराको मुख्य प्रतिमाहरु; सानो श्वेत चैत्य र क्युराको सानो रातो चैत्य दुवै अहिलेसम्म पनि त्यहाँ छन्। क्युराको वंशजले धर्म फैलाएकाले बुद्ध शासन (शिक्षा) धेरै लामो समयसम्म फैलियो। त्यसपछि विस्तारै यस ठाउँ डिगुङको मूल गोन्पा हुन गयो। तर धेरै वर्ष पछि डिगुङले मुख्य गोन्पा मध्य तिब्बतमा सारेपछि विस्तारै यस गोन्पा खाली भएको थियो।

पछि परम पावन सातौँ ग्याल्वङ् कर्मपा छ्योडाग ग्याछो (सन् १४५४-१५०६) एक्काईस् वर्षको उमेरमा यस ठाउँमा पाल्नुभई ठङ्गु गोन्पा स्थापना गर्नुभयो। त्यसपछि आफ्नो शिष्य श्येराब तेन्पी ग्याल्छेन (सन् १४३६-१४८७) लाई उक्त गोन्पाको प्रमुख लामा नियुक्त गर्नुभएको थियो। यसरी नै प्रथम ठङ्गु टुल्कु हुँदै क्रमिक रूपमा ठङ्गु टुल्कुहरू भएका हुन्। संक्षेपमा भन्नु पर्दा पहिले त्यस ठाउँमा डिगुङ्को मूल गोन्पा रहेको र पछि कर्म कम्छाङ्को गोन्पा भएर गएको हो।

ठङ्गु टुल्कुहरूको क्रमिक अवतार मालामा पहिलो शेराब तेन्पी ग्याल्छेन (सन् १४३६-१४८७) ग्याल्वङ् कर्मपा छ्योडाग ग्याछोले ठङ्गु गोन्पको प्रमुख लामा नियुक्त गर्नुभएको थियो। पाँचौँ ठङ्गु टुल्कु शेराब ग्याछो (सन् १६९७-१७६८) ले ठङ्गु गोन्पामा *थुग्ज्ये सङ्दुइ* (महाकरुणा गुह्यसमाज) साधना गरी *मणि चक्की* (सिद्ध औषधी) बनाउने परम्परा बसाल्नुभयो। उक्त महासाधना नेदो

कर्म छ्याग्मेको मार्गदर्शन पत्रअनुसार निर्धारण गर्नुभएको थियो। त्यसैकारण महासाधना अति राम्ररी फैलिएर गयो। बेला बेलामा मणि गोली आफैं वृद्धि भई जताततै पुगेको र कहिले काहीं त गोली अपार वृद्धि भई जताततै छरिएको कुरा रहेको छ। चिनियाँ सांस्कृतिक क्रान्ति हुनुभन्दा पहिले मणि चक्कीको वृद्धि धेरै राम्रो भएको थियो। समय समयमा जोखिमबाट जोगिनु पनि यस्तै इष्ट देवहरूको करुणामय कृपाले हो जस्तो लाग्छ। यसरी ठङ्गु टुल्कुले 'महाकरुणा गुह्यसमाज' महासाधनाको सुरुवात गर्नुभएको थियो।

छैटौँ ठङ्गु टुल्कु कुन्ख्याब ङ्यीमा (सन् १७६९-१८१९) जुन अति शक्तिशाली र भाग्यशाली हुनुहुन्थ्यो। उहाँ धर्म र राजनीति दुबैमा धेरै सक्रिय हुनुहुन्थ्यो। सानै हुँदा एक दिन ठङ्गु गोन्पाबाट माथि *ठि-कर्मोला पास* हुँदै जाने बेला *ठि-फुछुग्* भन्ने पहाड माथि आकाशमा साक्षात् गुरु पद्मसम्भवको दर्शन भएको थियो। उक्त दर्शन गरेको क्षणलाई थाङ्कामा चित्रण गरिएको थियो जुन पछि पनि निवासमा रहेछ। उक्त थाङ्कामा ठङ्गु टुल्कु उठी रहनुभएको र साथमा गुरु पद्मसम्भव रहेको छ। त्यस बेला उहाँको परिचारक पनि त्यहीँ थियो तर हुरीले गर्दा पद्मसम्भवको दर्शन नभएको कुरा उक्त थाङ्कामा लेखिएको छ।

पछि उहाँ मध्य तिब्बतमा रहेको छुर्फु गोन्पामा पाल्नुभई *छेच्यु गाछ्यीम* (धार्मिक नृत्य) सबै हेर्नुभयो। उक्त धार्मिक नृत्य ठङ्गु गोन्पामा पनि सुरु गर्नुपर्‍यो भनी नृत्यका लागि चाहिने सबै सामान लिएर फर्किँदै गर्दा पश्चिम *कार्रिल* पुग्दा ठङ्गु गोन्पा भूकम्पले ध्वस्त पार्‍यो भन्ने खबर सुन्नु भएपछि उहाँले पनि त्यतै परिनिर्वाण प्राप्त गर्नुभयो भन्ने कुरा रहेको छ। त्यस बेला भारतका अष्ट महासिद्धका नवनिर्मित थाङ्का, छ गहना र दुई सर्वोत्कृष्टहरूका थाङ्का जुन

*छेच्यु* साधनाको बेला गोन्पाको माथि सबैले देख्ने स्थानमा राख्न बनाइएका थिए। उक्त थाङ्का पछिसम्म पनि धेरै राम्रा र उत्कृष्ट थिए।

सातौँ ठङ्गु टुल्कु कर्म ङेदोन ग्याछो (१८२२-१८७७) *ङुखोगको ङोन्छङ्* परिवारमा जन्मिनु भयो। उहाँले ७०,००,००,००० मणि जप्नुभएको थियो भनिन्छ। यद्यपि उहाँ त्यति ठूलो विद्वान भएको कुरा भने छैन। पछि उहाँ *ग्याम् दोति* तीर्थयात्रा पाल्नुहुँदा उतै हिउँको बीचमा परिनिर्वाण प्राप्त गर्नुभएको थियो। एक वर्ष पछि खोज्न जाँदा एउटा पत्थरको छेउमा समाधि अवस्थामा भेटेपछि उहाँको कुदुङ् (पार्थिव शरीर) यता गोन्पामा ल्याँउदा मात्र अलि गन्ध आएको जस्तो भएको थियो भने पूर्ण रूपले परिनिर्वाण हुनुभएको थिएन। यदि हामीले पूर्ण आस्थाले काय, वाक र चित्त चढाएर प्रार्थना गर्न सके समाधिबाट फर्किन सकिन्छ भन्ने कुरा पछि सुनेँ।

आठौं ठङ्गु टुल्कु, कर्म तेन्जिन ठिन्ले (१८७९-१९३२) हुनुहुन्थ्यो। उहाँको परिनिर्वाण पछि मलाई पहिचान गर्नुभएको हो। म रालुङ्दा भन्ने ठाउँमा जन्मेको हुँ। पहिले गोन्पाबाट घोडा चढेर जाँदा दुई घन्टामा पुग्न सकिन्थ्यो।

खाममा अलि प्रसिद्ध रहेको *ग्यनाग मणि* (चिनियाँ मणि)को छेउबाट करिब २० मिनेट मै मेरो गाउँ पुगिन्छ। ग्यानाग मणि चिनियाँ बोध युक्त *ज्याङ्छ्युब फाग् याङ*ले बनाउनु भएको हो। उहाँ तिब्बतको *छ्याब्दो* भन्ने ठाउँमा जन्मिनु भएको थियो। तर पछि चीनमा जानु भई उहाँले त्यहाँ प्राणीहितका धेरै कार्यहरू गर्नुभएकोले उहाँलाई ग्यानाग तोग्देन (चिनियाँका बोध युक्त) भनेर चिनिएको थियो। त्यसपछि उहाँले एउटा ठूलो मणि निर्माण गर्नुभयो। उहाँको भविष्यवाणीमा एक तर्फबाट घोडचढी भाला बोकी जाँदा अर्को तर्फबाट के आइरहेको देख्न नसकिने जति उक्त मणि ठूलो हुनेछ भनी लेखिएको छ।

उहाँले सर्वप्रथम मणि खोप्दा ल्हजोङ्बाट ढुङ्गा ल्याउनु भएको थियो। त्यस बेला *ङ्येश्ये छाङ्* (परिवार) ले एउटा चौंरी दान दिनुभएको कुरा ग्यानाग तोग्देनको जीवनीमा उल्लेख छ। मेरो जन्म सोही ङ्येश्ये परिवारमा भएको हो। मेरो एउटा ठूलो दाइ र दुई ओटी बहिनीहरू छिन्। चार सन्तानमध्ये म चाहिँ दोस्रो हुँ। मेरो बाजेको पालामा परिवारको आर्थिक स्थिति अलि नाजुक थियो तर पछि मेरो मामा भाग्यमानी तथा परिश्रमी भएकाले म जन्मिँदा हाम्रो परिवारको आर्थिक स्थिति राम्रै थियो।

सन् १९३२ (बाँदर वर्ष) सालमा आठौँ ठङ्गु टुल्कु कर्म तेन्जिन ठिन्ले राब्येले परिनिर्वाण प्राप्त गर्नुभएको थियो। *क्याब्ज्ये* (शरणनाथ) ठलेग रिन्पोछे श्येडुब छ्योक्यी ङ्यीमाले ठङ्गु टुल्कुको निवास र ठङ्गु रिन्पोछेको नवौँ अवतारलाई पहिचान गराई आफ्नो गद्दीमा राख्ने जिम्मेवारी लिनुभएको थियो। त्यसैले उहाँले १६ औँ कर्मपा र ज्याम्गोन ताई सितु पेमा वाङ्छ्योगलाई पहिचान गर्नुहुन निवेदन गर्नुभएको थियो। यसरी उहाँहरूले मेरो पहिचान गर्नुभयो।

वास्तवमा, म पूर्व ठङ्गु रिन्पोछेको अवतार हुँ भन्ने कुनै आँट र विश्वास छैन। किनभने आफ्नो मन **आफैँमा** अप्रत्यक्ष हुँदैन। म एउटा सानो साधारण मान्छे हुँ। अघिल्लो आठौँ ठङ्गु रिन्पोछेको प्रतिष्ठा, महिमा र अधिष्ठान अतुलनीय रहेको छ। विशेष गरी उहाँहरुले धेरै मानसिक रोगले दुःख पाएकाहरू निको पारी अति अधिष्ठानयुक्त कार्य गर्नुभएको रहेछ। गोन्याबाट नजिकै *डेग्येथाङ* भन्ने मैदान छ। त्यस मैदानमा *स्यिन्डे* (मरेपछि सताउने आत्मा) र *सोन्डे* (जिंउदै सताउने आत्मा) धेरै थिए। अघिल्लो आठौँ ठङ्गु रिन्पोछेले ती भूत तथा प्रेत आत्मलाई शान्त पारेर उनीहरूले पछि हानि पुऱ्याउन छाडे।

एउटा कहानी भन्नु पर्दा एक रात डेग्येथाङ् भएर पाल्नुहुँदा त्यहाँ एउटा

रङ्गीन डोरी जस्तो देख्नुभयो। त्यो डोरी जसरी भए पनि सँगै ल्याउनु भनी आफ्नो परिचारकलाई भन्नुभएकोले उहाँले उक्त डोरी घोडाको काठीमा बाँधेर राखेको थियो तर बेलुकी हेर्न बिर्सेको थियो। भोलिपल्ट रिन्पोछेले हिजो ल्याएको डोरी ल्याउनु भनी परिचारक लिन पठाउँदा त्यहाँ घाँसको बिटा बाहेक डोरी थिएन। यसरी उहाँको करुणामय र अधिष्ठानले गर्दा मरेका तथा जीवित रूप धारण गर्ने आत्माहरूलाई शान्त तुल्याई त्यस दिनदेखि क्षति पुऱ्याउन छाडेको जस्ता करुणामय, अलौकिक शक्ति देखाउनु भएको धेरै गाथा छन्।

मसँग त्यस्तो करुणामय अधिष्ठान नभएकोले ठङ्गु रिन्पोछेको अवतार हो भन्ने आँट र विश्वास नभएको हो। तर पनि ग्याल्वङ् कर्मपा र ज्याम्गोन सितु रिन्पोछे दुबैले अद्भुत तवरले पहिचान गर्नुभएको थियो। किनभने ग्याल्वाङ कर्मपा उता छुर्फुमा हुनुहुन्थ्यो भने ज्याम्गोन ताई सितु रिन्पोछे यता देगे पल्पुङ्मा हुनुहुन्थ्यो। उहाँहरू दुबैजनाको पहिचान पत्रमा मेरो बुबाआमाको नाम र ठाउँ स्पष्टसँग एउटै लेख्नुभएको थियो। यसरी ठङ्गु टुल्कुको रूपमा मेरो पहिचान र प्रमाणीकरण गर्नुभएको थियो। ठलेग रिन्पोछेले १६ औं ग्याल्वाङ कर्मपालाई भेट्नुभई "वास्तविक ठङ्गु टुल्कु कता होला" भनी सोध्नुभएको बेला,

"*रालुङ्दा* भन्ने ठाउँमा छ," भन्नु भएछ।

त्यस बेला १६ औं ग्याल्वाङ कर्मपा सानै उमेरको हुनुहुन्थ्यो। उहाँले अलि सीधा बस्नुभई,

"एउटा ठूलो मणि रहेछ। त्यसपछि देखिएन। त्यसकै नजिकै छ," भन्नुभई अद्भुत लीला देखाउनु भएको कुरा छ। ती सबैलाई आधार मानेर म ठङ्गु टुल्कु हो भनी पहिचान गर्नुभएको थियो।

म आफैँले मनन गर्दा मसँग पूर्व ठङ्गु रिन्पोछेको करुणामय चित्त र ज्ञानको

अमूर्त रूप आफूसँग नभएको आभास हुन्छ। तर पनि मलाई ठङ्गु निर्माणकायको जिम्मेवारी सम्हाल्न ग्याल्वाङ कर्मपा रिग्पे दोर्जे र ज्याम्गोन ताई सितु पेमा वाङ्छ्योग ग्याल्पोले ठङ्गु टुल्कु हो भनी पहिचान गर्नुभएको होला भन्ने सोचेँ। यसरी ठङ्गुको अवतार नभईकन पनि हो जस्तो गरी साधारणतया समस्त बौद्ध धर्म र विशेष गरी कर्म कम्छाङ्लाई ठूलो टेवा पुऱ्याउन सक्ने कुनै दक्षता नभए पनि जति सकिन्छ गर्छु भन्ने सोच्ने गर्छु।

संक्षेपमा भन्नु पर्दा, मेरो जन्म सन् १९३३ साल तदनुसार भोट पात्रोको जल-स्त्री चरा वर्षको दसौं महिनाको १० गतेका दिन (सन् १९३३ नोभेम्बर २६ तारिख) भएको थियो। सन् १९३६ सालमा म चार वर्षको हुँदा ग्याल्वाङ् कर्मपा र सितु रिन्पोछेले पहिचान गर्नुभयो। म ठङ्गु टुल्कुको अवतार हो भनी गोन्पाले मेरो बुबालाई प्रमाणीकरण पत्र बुझाउनु भई पहिचान गर्नुभएको थियो। त्यस बेला पहिले त मेरो मामाले विश्वास नलागेर जसरी भए पनि अहिले ठङ्गु टुल्कु चाहिँदैन भन्नुभएको थियो तर पछि प्रमाणीकरण पत्र देखाएपछि पूर्ण विश्वासका साथ पहिचान गर्न दिनुपर्छ भन्नुभएको थियो रे। चार वर्षको उमेरमै जुरी टुल्कु दोङाग् छ्योक्यी सेङ्गे पाल्नुभई मलाई त्यस बेलाको परम्परानुसार *शेन, स्यम्थब* आदि लामा वस्त्र लगाई दिनुभयो। त्यसपछि चोखाउने र विध्न हटाउने पूजा पनि गर्नुभएको थियो।

सन् १९३७ (गोरू वर्ष) म पाँच वर्षको हुँदा गोन्पाले मलाई सिंहासनमा राख्नुभयो। ठलेग रिन्पोछे छ्योक्यी ङ्यीमा र जुरी टुल्कु दुबैले करुणामय चित्तले गद्दीमा राख्नुभएको थियो। त्यसपछि ठलेग रिन्पोछेले उपासकको संवर प्रदान गर्नुभयो। त्यस बेला १२ औं अवतार हो भन्ने कुरा पनि चलेको रहेछ। तर पनि ठङ्गु टुल्कुको अवतार माला प्रथम ठङ्गु रिन्पोछेदेखि अहिलेसम्म आइपुग्दा त्यति लामो समय भएको छैन। त्यसैले म ठङ्गु रिन्पोछेको नवौं अवतार हुँ भन्ने विश्वास

गर्छु। त्यस बेला मलाई ठङ्गु टुल्कुको गद्दीमा राख्नु भएपछि दानपतिहरूले धेरै खुसी व्यक्त गरेका थिए। गोन्पामा मलाई अथाह प्रेमका साथ हेरचाह गर्नुभएको थियो। त्यस बेला आफू सानै भएकाले ती कुराहरूको खासै महसुस भएन।

अघिल्लो ठङ्गु रिन्पोछेको एक जना परिचारक कर्म मोन्लम भन्ने हुनुहुन्थ्यो। उहाँ अति खुला सोच तथा भद्र स्वभावको हुनुहुन्थ्यो। बोली पनि अति नरम थियो। उहाँले अघिल्लो ठङ्गु रिन्पोछेको चिकित्सकको काम केही समय गर्नुभएको रहेछ। उहाँले औषधी लगायत ठङ्गु टुल्कुको निवासको रेखदेख र संरक्षण गरेर राख्नुभएको थियो।

आठौं ठङ्गु टुल्कु परिनिर्वाण हुँदा उहाँले उक्त परिचारकलाई,

“अवशेषको स्वर्ण स्तूप त तिमीले बनाउन सक्दैनौ तर मलाई श्रद्धाले चढाइएका दान खेर नजाओस् भन्नका लागि तिमीले वज्रसत्वको एउटा उत्कृष्ट मूर्ति बनाउन सके राम्रो हुन्छ।” भन्नुभएको रहेछ।

त्यही अन्तिम वचनलाई पालना गरी परिचारक कर्म मोन्लमले वज्रसत्वको तीर जति अग्लो उत्कृष्ट मूर्ति बनाउनु भएको थियो जुन पछिसम्म पनि रह्यो। त्यसपछि उहाँले उत्कृष्ट स्वर्ण अस्तु स्तूप पनि बनाउनुभयो।

त्यस बेला कर्म मोन्लामले ठूलो बाधा र कठिनाइको सामना गर्नुपरेको थियो। यता आठौं ठङ्गु टुल्कु परिनिर्वाण हुनुभएको थियो भने उता शिनिङ् र तिब्बत बीच युद्ध चलिरहेको थियो। शिनिङ र तिब्बतको युद्धमा न त चीनको विजय भएको थियो न त तिब्बतको विजय भयो। त्यसैले लामो समयसम्म युद्ध चलिरह्यो। युद्धको अन्तरालमा देशवासी र गोन्पाहरूले ठूलो तनाव, कष्ट सहनु परेको थियो। शिनिङ र तिब्बत युद्धकालमा त्यस ठाउँको नेताहरूले के गर्ने भनी निर्णय गर्न

नसकी दोधारमा थिए। केही नेताहरूले हामी आफ्नो देशप्रति वफादार रही निष्ठा पूर्वक तिब्बतको साथ दिनुपर्छ भन्थे। केहीले यस ठाउँ पहिले शिनिङको अधीनमा आइसकेकोले अझै पनि शिनिङ पराजय नभए हामी यहाँ बस्न गाह्रो हुनेछ भन्ने कुरा चलेछ। उनीहरू यस विषयमा निर्णय गर्न नसकी अन्योलमा परेका रहेछन्।

त्यस बेला आठौं ठङ्गु टुल्कुप्रति धेरै श्रद्धा र आस्था भएको एक जना रोङ्पो बेहु (रोङ्पो पालिकाको नेता) भन्ने थियो। उहाँले ठङ्गु टुल्कुको भतिजालाई ठङ्गु टुल्कु भेट्न पठाई त्यस बेलाको परिस्थिति बारे जोखाना हेर्न अनुरोध गर्न लगाउनुभएको थियो। शिनिङलाई विश्वास गरी उनीहरू पक्षमा लाग्दा राम्रो कि तिब्बत कै पक्ष गर्दा राम्रो हुन्छ भनी जोखाना हेर्न दिनुभएको थियो। तर त्यतिबेला ठङ्गु टुल्कु सिकिस्त बिरामी हुनुहुन्थ्यो। केही पटक जोखाना हेर्नुभई,

“त्यसको बारेमा केही भन्न सक्दिनँ। तर मेरो बिचारमा शिनिङ्को पक्ष लिँदा अलि उचित होला। साधारणतया समय खराब हुदैँ जान्छ होला। हाम्रो गाउँमा पनि कठिनाइको सामना गर्नुपर्नेछ” भन्नुभई पत्र पठाउनुभएको कुरा रहेछ।

उक्त पत्र स्थानीय नेताको हातमा पुगेपछि नेताले पत्रलाई शिरमा राखी शिनिङको पक्ष लिने निर्णय गऱ्यो। पछि त्यस ठाउँमा शिनिङले विजय हासिल गरेछ। शिनिङका नेताहरूले पनि उहाँलाई पछि राम्रो सहयोग गर्नुभएको रहेछ। तर तिब्बतको पक्षमा उठेका नेताहरूले भने धेरै दुःख पाएका रहेछन्। यसरी अघिल्लो आठौँ ठङ्गु टुल्कुको भविष्यवाणी तीखो भएको कुरा उहाँले सुनाउनुभयो।

उहाँले भविष्यवाणी गर्नुभएअनुसार उहाँको परिनिर्वाण पश्चात् शिनिङ र मध्य तिब्बत बीच चर्को युद्ध भयो। युद्धको समयमा अघिल्लो ठलेग क्यब्गोन रिन्पोछेको आफन्त बार्वी दोर्जे भन्ने एकजना सेनाको कमान्डर थियो। उहाँले, “ठङ्गु गोन्पामा

हानि पुऱ्यायो भने हामी भित्र पनि द्वन्द्व हुनेछ” भनी खबरदारी गर्नुभएकोले युद्धकालमा ठङ्गु गोन्पामा त्यति क्षति नपुऱ्याएको कुरा बताउनुभयो। तर पनि भिक्षुहरुको आवासगृह र लाब्राङ्(निवास)को सामानहरूमा भने ठूलो क्षति पुगेको थियो। त्यस बेला केही सिपाहीहरूलाई रोक्न नसकेकाले मुख्य मन्दिरभित्र पस्न खोज्दा बार्वी दोर्जेले बल गरेर रोकेको रहेछ।

त्यस बेला सेनाको जनरल खेन्छ्युङ दाबा भन्ने रहेछ। उनले मुख्य मन्दिरको मूल ढोकामै फलाम लगाई खाताले बाँधेर त्यसमा छाप लगाएको कारण भित्र खासै क्षति पुऱ्याउन नसकेको हो भन्नुभयो। नत्र भने गोन्पा पूरै ध्वस्त हुन सक्ने कुरा गर्नुभयो।

यसैबीच ठङ्गु टुल्कुको निवासमा पनि ठूलो क्षति पुगेको थियो। कर्म मोन्लमले भनेअनुसार स्वर्ण अस्तु स्तूप बनाउन तयार पारेका सुन आदि बहुमुल्य सामानहरू सबै शौचालयमा फ्याँक्नु भएको थियो रे। उक्त सामान शौचालयमा फालेर मात्र बचेको र पछि स्वर्ण स्तूप बनाउन सकेको कुरा गर्नुभयो। तर पनि निवास तोडफोडको कारण काय, वाक, चित्तको प्रतीक सबैमा ठूलो क्षति पुगेको रहेछ। त्यति खेर निवास अति नै कमजोर थियो। मेरो गद्दी आरोहण पछि मेरा नजिकका आफन्तहरूले जति सक्दो सहयोग गरेकोले निवास राम्रो भएको हो नत्र भने आर्थिक रूपमा धेरै कमजोर भएको कुरा रहेछ।

मेरो प्रमाणीकरण पछि म पाँच वर्षको हुँदा गद्दीमा राखियो। त्यसपछि ठलेग रिन्पोछेले भन्नुभए अनुसार म छ वर्षको हुँदा उहाँले,

“अहिले सानै छौ, अलि विस्तारै सुरु गरे हुन्छ” भन्नुभयो।

सात वर्षमा बल्ल पढाइ सुरु गरिएको थियो। म सात वर्षको उमेरमा मेरो पहिलो शिक्षक कर्म वाङ्छ्युग हुनुहुन्थ्यो। उहाँ अति नै विद्वान हुनुहुन्थ्यो। उहाँ

व्याकरण, साहित्य र विशेष गरी ज्योतिष शास्त्रमा अब्बल हुनुहुन्थ्यो। सँधै पुस्तक पढि रहनुहुन्थ्यो। उहाँ सानै हुँदा जीवनभर गुफावासमा रहनुभएको कर्म टाशी भन्ने मामा ध्यान केन्द्रको प्रमुख हुने बेलामा उहाँ ध्यान केन्द्रमा आउनु भई तीन वर्ष नरो योगको अभ्यास गर्नुभएको रहेछ।

उहाँको लेखाइ पनि राम्रो रहेछ। उहाँ पढ्न लेख्न अति इच्छुक भएर *डुखोगको डुच्येन् ङीनाङ्* भन्ने ठाउँमा रहनुभएका *डु ज्याम्याङ डाग्पा* सामु पुग्नुभयो। डु ज्याम्याङ् डाग्पाले सधैं प्रवचन दिने, पढाउने र सिकाउने गर्नुहुन्थ्यो। मेरो शिक्षक धर्म प्रवचन गरेको स्थानमा जानु भई राम्ररी सुन्ने गर्नुहुन्थ्यो। यसरी उहाँले तेस्रो कर्मपा राङ्ज्युङ दोर्जेको ‘गम्भीर भित्रीअर्थ र दुई साना तथा सरल शास्त्र; नम्स्ये येस्ये ज्येपा र ङ्यीङ्पो तेन्पा’ आदिको अध्ययन गर्नुभयो।

उहाँ अति नै गरीब भएकोले अध्ययनको क्रममा पुस्तकको सुविधा जुटाउन पनि सक्नु हुन्नथ्यो। त्यसैले एकाग्र मनले ध्यान दिएर सुन्ने गर्नुहुन्थ्यो। डु ज्यम् याङ डाग्पाले कलाप व्याकरण सिकाउनु भएकोले कलाप व्याकरण पढ्नुभएको थियो। कलापको चित्र र सुर सिक्नुभएको थियो। त्यस बेला कर्म साङाग् भन्ने एक वरिष्ठ लामा ठलेग रिन्पोछेको सहयात्री बनी डुखोगमा पाल्नुहुँदा उहाँले धेरै सातु दिनु भएकोले धेरै फाइदा भएको थियो रे। त्यसपछि कर्म वाङ्छ्युकलाई पुस्तक पढ्ने राम्रो अवसर जुट्यो। कर्म साङाग् धेरै असल भएको र उहाँको ठूलो कृपा रहेको कुरा सुनाउनुहुन्थ्यो।

उहाँले धेरै दुःख गरी पढ्नुभएको र बेलुकी पढ्नलाई दियो बाल्न समेत क्षमता नरहेको कुरा गर्नुहुन्थ्यो। रातको समयमा धूप बालेर एउटा एउटा अक्षर हेरेर पढ्ने गर्नुभएको कुरा रहेछ। यसरी उहाँले डु ज्याम्याङद्वारा केही ज्ञान प्राप्त गर्नुभएको रहेछ।

त्यसपछि उहाँ *देगे पाल्पुङ* गोन्पामा जानुभएको थियो। सितु छ्योक्यी ज्युङ्ने, पेमा ङ्यीन्ज्ये वाङ्पो र बेलो छेवाङ कुन्ख्याब आदिको कृपाले त्यस बेला पाल्पुङ गोन्पामा व्याकरणको राम्रो विस्तार भएको थियो। त्यसैले उहाँ उतै बस्नुभयो। देगेको कोषाध्यक्ष लुग्रा ज्याम्याङ भन्नेले सबै प्रबन्ध मिलाउनु भएको थियो। पाल्पुङको उम्जे (मूल वाचक) तेन्जिन दोर्जे व्याकरणमा अब्बल हुनहुन्थ्यो। हुन त उहाँ सबै विषयमा दक्ष हुनुहुन्थ्यो त्यसैले उहाँबाट मेरो शिक्षकले सितु छ्योक्यी ज्युङ्ने विरचित 'व्याकरणमूलत्रिंशत् र लिङ्गावतार'को महाव्याख्या सिक्नुभयो। त्यसै बेला उहाँले ज्योतिष शास्त्र र कविता पनि सिक्नुभयो। तेन्जिन दोर्जेले उहाँलाई अध्ययन राम्रो गर्ने रहेछ भनी प्रशंसा र माया पनि गर्नुहुन्थ्यो रे। उहाँले राम्ररी सिकाउनु भएकोले गर्दा सजिलै धेरै ज्ञान प्राप्त गर्ने अवसर मिल्यो भन्नुहुन्थ्यो।

संक्षेपमा भन्नु पर्दा उहाँले जति ज्ञान हासिल गर्नुभएको थियो ती सबै पल्पुङको उम्जे तेन्जिन दोर्जे र डुखोगको ज्याम्याङ् डाग्पाबाट प्राप्त गर्नुभएको थियो।

उहाँलाई ठलेग रिन्पोछेले,

"ठङ्गु गोन्पामा आऊ, तिमी शिक्षण गर्न योग्य छौ।" भन्नुभएको रहेछ।

सर्वप्रथम उहाँले मलाई सिकाउने बेलामा मेरो शिक्षक हो भनी भन्नुभएको रहेनछ। मेरो घरमा पद्मसम्भवको जीवनी 'पेमा कथाङ' सय पटक वाचन गर्नुपर्ने भएको रहेछ। सोही ग्रन्थ पढ्न उहाँलाई पठाउनु भएको र अतिरिक्त समयमा मलाई सिकाइदिनु भन्नुभएको रहेछ। मलाई ठलेग रिन्पोछे स्वयम्ले लेख्नुभएको भोट लिपि *उच्येन* र जुरी टुल्कुले लेख्नुभएको *उमे* वर्णमाला पठाउनु भएको रहेछ। यसरी भोट लिपि उच्येन र उमे दुवै सिकेँ।

त्यस पछि म आठ वर्षको छदाँ (सन् १९४० साल) मा १६ औं ग्याल्वाङ

कर्मपा राङ्ज्युङ् रिग्पे दोर्जे खामतिर पाल्नुभई विशेष गरी गाखोग् ठङ्गु र भेन्छेन गोन्पा पाल्नुभयो। ठङ्गु गोन्पामा पनि दुई तीन महिना बस्नुभई उहाँले अभिषेक, अधिष्ठान, अद्‌भुत कालो मुकुटको दर्शन दिनुभएको थियो। त्यस बेला परम पावन ग्याल्वाङ कर्मपाले कर्म वाङ्छ्युगलाई मेरो शिक्षकको रूपमा नियुक्त गर्नुभएको थियो।

परम पावन ग्याल्वाङ कर्मपा त्यहाँ पाल्नुहुँदा म सानै थिएँ। त्यसैले उहाँ पाल्दा म स्वागत गर्न नगए हुन्छ भन्नुभएको थियो। परम पावन ग्याल्वाङ् कर्मपाले दिनहुँ जसो आफ्नो कालो मुकुट लगाउनु भई सर्वसाधारणलाई दर्शन दिनुहुन्थ्यो। गखोग गोन्पा, क्येगु गोन्पा, देन्खोग आदिबाट दर्शनका लागि धेरै आउँथे। उनीहरूमा ग्याल्वाङ कर्मपाप्रति धेरै आस्था र श्रद्धा भएको देखेँ। ग्याल्वाङ् कर्मपाले मुकुटको दर्शन दिनुहुँदा हरेक पल्ट मलाई दर्शन गर्ने सौभाग्य प्राप्त भएको थियो। उहाँले एक दुई पटक अभिषेक पनि प्रदान गर्नुभएको थियो। ती सबै प्राप्त भएकोमा म आफूलाई धेरै भाग्यमानी ठान्छु।

मेरो शिक्षक छिट्टै रिसाउने स्वभावको र अलि कडाइ पनि गर्नुहुन्थ्यो। कहिले काहीँ निवासका कर्मचारी र आमा बुबालाई पनि गाली गर्नुभएकोले उहाँहरू बीच मनमुटाव भएको देखिन्थ्यो। सोही कुराले म चिन्तित हुन्थेँ। तर पनि आफ्नो ज्ञान र शिक्षाको लागि भने उहाँको ठूलो कृपा छ भन्ने ठान्दछु। उहाँले धेरै राम्ररी सिकाउनुहुन्थ्यो र राम्रो हेरचाह गर्नुहुन्थ्यो। त्यस बेला ठङ्गु गोन्पामा साना लामाहरू सिकाउने बेन्पोन भन्ने हुनुहुन्थ्यो। उहाँको वास्तविक नाम छोग्गे ज्यीन्पा हो। मेरो शिक्षकले,

"तिमीले राम्रो पढेनौ भने छोग्गे ज्यीन्पाबाट बच्चाहरू पिट्ने सामान ल्याउँछु" भन्नुहुन्थ्यो।

त्यसपछि एक दिन उहाँले,

“आज तिमीले राम्रोसँग पढेनौ, भोलि म छोग्गे ज्यीन्पाबाट पिट्ने सामान ल्याउँछु” भन्नुभयो। भोलिपल्ट मैले उहाँलाई, “आज छोग्गे ज्यीन्पाबाट पिट्ने सामान ल्याउनुभयो?” भनेर सोधेँ।

उहाँले, “ल्याएको छु।” भन्नुभयो।

मोटो सामान एक झलक मात्र देखाउनु भएर, “देखाउनुपर्ने समय आएपछि बिस्तारै देखाउनेछु, अहिले देखाउन मिल्दैन।” भन्नुभयो।

ख्याल ख्यालमा तर्साउनु हुन्थ्यो। कहिले काहीं खेलौना पनि बनाएर दिनुहुन्थ्यो। यसरी धेरै जुक्तिका साथ पढाउनु हुन्थ्यो। पहिले मलाई पढ्न सिकाउनु भई त्यसपछि लेख्न र अनि मात्र कण्ठ गर्न लगाउनुभयो। कण्ठ गर्न मलाई धेरै गाह्रो हुन्थ्यो भन्नुहुन्थ्यो। त्यसैले मैले पूरै कण्ठ गर्न सक्दैन थिएँ रे। तर पनि लगातार अभ्यास गरिरहन्थेँ।

यसरी मैले आफू नौ-दास वर्षको हुँदा महाकालको दैनिक साधना पूरै कण्ठ गरेँ। सन् १९४१ (फलाम-सर्प वर्ष) म नौ वर्ष हुँदादेखि *ठङ्गु छेड्ब* (अमितायुष दीर्घायु साधना) मा उपस्थित हुन थालेँ। सन् १९४२ (जल-घोडा वर्ष) दस वर्षको हुँदादेखि *गुतोर* (लोसार अघिको नौ दिने महाकाल साधना) गर्न थालेँ। महाकालको विस्तृत साधना नहेरिकन पढ्न सकूँला जस्तो भएको थिएँ। त्यसपछि महाकालको साधनामा पनि उपस्थित हुन थालेँ।

ठङ्गु गोन्पामा माथिल्लो गोन्पा र तल्लो गोन्पा भन्ने थियो। तल्लो गोन्पामा महाकालको ठूलो पूजा साधना कक्ष थियो। त्यसभित्र जहिले पनि चार पाँच जना लामाहरूले पूजा गर्थे। उक्त पूजा कक्षभित्र उपस्थित लामाहरू अधिष्ठान

प्राप्त गर्नका निमित्त एक महिना ध्यानमा बस्ने चलन रहेछ। त्यही बेला म पनि उनीहरूसँगै एक महिना ध्यानमा बस्ने अवसर मिल्यो।

त्यस बेला जुर्माङ्बाट तेर्क्षेन रोल्पी दोर्जे पाल्नुभयो। उहाँले गोन्पामा *डाग्ठोइ* महासाधना पूजा गर्नुभएको थियो। म पनि उहाँबाट अभिषेक प्राप्त गर्न सहभागी भएको थिएँ। त्यस बेला ठङ्गु गोन्पामा एक किसिमको रोग फैलिएर धेरै लामाहरू बिमार भएका थिए। त्यसैले तेर्क्षेन रोल्पी दोर्जेलाई आमन्त्रण गर्नुभई *डाग्ठोइ* महासाधना गर्नुभएको थियो। नभन्दै रोग पनि उन्मूलन भयो। तेर्क्षेन रोल्पी दोर्जेले *डाग्ठोई* ग्रन्थ निधिबाट प्राप्त गर्नुभएको थियो। *छोडाग ङ्यी* भन्ने 'छोतेर र डाग्तेर' दुईओटा अनमोल धर्म ग्रन्थहरू रहेछन्। ती सम्पूर्ण ग्रन्थहरुको अभिषेक र आगम प्राप्त भयो।

ठङ्गु गोन्पाको परम्परानुसार एक पटक छुर्फु गोन्पामा जानुपर्ने रहेछ। सन् १९४३ सालमा म एघार वर्ष हुँदा एक पटक गएको थिएँ। परम्परानुसार छुर्फु जानु अघि आफ्नै ठाउँमा पढ्ने लेख्ने गरी बस्नुपर्ने रहेछ। त्यस बेला रातो *छ्युपा र शेन* लगाउनुपर्ने रहेछ। त्यस्तो लगाएर बस्नेलाई लामा नभनी भन्ते भन्दो रहेछ। पछि अलि ठूलो भएपछि छुर्फु गोन्पामा गएर लामा वस्त्र (शेन, स्यम्दाग) लगाउन सुरु गरिँदो रहेछ। यसरी गोन्पाको परम्परानुसार छुर्फु गोन्पामा गएर भिक्षु शील ग्रहण गरी लामा बनेपछि छुर्फु गोन्पाको साधना कक्षमा भेला हुने प्रचलन रहेछ।

तर १५ औं ग्याल्वाङ् कर्मपा खाख्याब दोर्जेले विवाह गर्नुभएदेखि केही समयसम्म पूर्ण भिक्षुसंवर प्रदान गर्ने परम्परा रोकिएको थियो। उक्त परम्परा नभए पनि एक पटक छुर्फुमा गई परम पावन ग्याल्वाङ कर्मपा र छुर्फु गोन्पा दर्शन गर्ने परम्परा रहेछ। छुर्फु र ल्हासाको बीचमा पर्ने ल्हाक्षु भन्ने जुन गुरु पद्मसम्भव स्वयम्ले अद्भुत रूपले उत्पत्ति गराउनु भएको कुवा रहेको छ। उक्त कुवाको

जलले स्नान गर्ने, अनि जल सेवन गरी अधिष्ठान प्राप्त गर्ने चलन रहेछ। तसर्थ म पनि ल्हासामा गएको थिएँ।

हामीहरू खामबाट शरद ऋतुतिर तिब्बतको लागि निस्केको थियौँ। त्यस बेला गोन्पाको लामाहरू सबै मलाई बिदाइ गर्न आएका थिए। साना ठूला लामा धेरैले मलाई माया गर्थे, त्यसैले होला केही ठूला लामाहरूको आँखा आँसुले भरिएका थिए। त्यसपछि बिस्तारै बिस्तारै मौसम पनि राम्रो हुँदै गयो। सामान्यतया खामदेखि मध्य तिब्बत जान अलि कठिन नै थियो। तर पनि हामीहरूले पाल लिएर गएकाले त्यति दुःख भएन, रमाइलै भयो।

यसरी क्रमशः हामी *ल्हासा* पुग्यौँ। ल्हासामा पुगेर सर्वप्रथम हामीले मध्य तिब्बतमा रहेको *राडेङ्* गोन्पा दर्शन गऱ्यौँ। राडेङ् गोन्पा कादम्पा परम्पराको पहिलो गोन्पा थियो जुन डोम्तोनपाले सन् १०५७ मा स्थापना गर्नुभएको थियो। सो गोन्पा दर्शन गर्दा म सानै थिएँ। त्यसैले गोन्पाको बारेमा र यसको इतिहास केही थाहा भएन। तर पनि धूपीको थुप्रै रुखहरू भएको बीचमा अति राम्रो र सुन्दर गोन्पा, धेरै स-साना देवालयहरू थिए। तिनीहरू सबैको दर्शन गरियो। मेरो शिक्षक र बुबाले उक्त तीर्थस्थलको व्याख्या गरिदिनुपऱ्यो भनी अनुरोध गर्दा *कोन्ञ्येर* (साधना कक्ष रेखदेख गर्ने व्यक्ति) ले त्यति राम्ररी व्याख्या गर्न नआउने बताएपछि राम्रो व्याख्या गर्न सक्ने अर्को व्यक्ति आउनुभयो। उहाँले राडेङ् गोन्पाको बारेमा राम्ररी व्याख्या गर्नुभयो। मैले यसको कारण, इतिहास खासै बुझिनँ तर पनि मेरो कानले ज्योवो ज्ये पाल्देन अतीश, ज्योवो ज्याम्पी दोर्जे, डोम्तोन्पा ग्याल्वी ज्युङ्ने भन्ने नाम मात्र सुनेँ। अतीश को हुन्, राडेङ् कसले स्थापना गर्नुभएको हो, डोम्तोन्पा ग्याल्वी ज्युङ्ने कस्तो हुनुहुन्थ्यो केही बुझिनँ। तर पनि उक्त व्यक्तिले धेरै राम्रो व्याख्या गर्नुभएको थियो। म भर्खर भर्खर खामबाट आएको हुनाले

केन्द्रिय तिब्बती भाषा पनि प्रस्ट बुझ्दैनथेँ। म सानै हुँदा यस्ता पवित्र र महान् तीर्थस्थलहरूको दर्शन गर्न पाएँ जुन मेरो लागि ठूलो सौभाग्य थियो।

त्यस बेला राडेङ्मा धार्मिक ग्रन्थहरू चाङ लगाएर पर्खाल झैं सजाएर राखिएका रहेछन्। उक्त 'धार्मिक पर्खाल' ठूलो र प्रसिद्ध थियो। मेरो शिक्षक विद्वान हुनुभएकोले पुस्तकका बारेमा अति रुचि राख्नुहुन्थ्यो। त्यसैले होला त्यहाँ पनि *कोञ्च्येर*लाई उक्त धार्मिक पर्खालभित्र के-कस्ता पुस्तकहरू छन् भनी सोध्नुभयो। कोञ्च्येरलाई खासै ज्ञान नभएर होला उसले चौरासी हजार धर्म स्कन्धहरू छन् भनी उत्तर दिएको मलाई याद छ। त्यसपछि हामीले राडेङ्को तीर्थ दर्शन गर्‍यौं। राडेङ्को धूपी पवित्र तीर्थस्थलको र अधिष्ठित भएको हुँदा हामीले केही लियौं। *स्युग्पा पेमा च्येन* भन्ने पद्म आकारको एउटा धूपी पनि कोञ्च्येरले हामीलाई दिनुभयो।

त्यसपछि हामी राडेङ्बाट बिस्तारै *ताग्लुङ्तिर* लाग्यौं। ताग्लुङ्मा हामी बेलुकीतिर पुगेका थियौं। त्यहाँ रहेको तीर्थस्थल र ताग्लुङ् थाङ्पा रिन्पोछेको मूर्ति जसमा कपाल उम्रेको थियो, त्यो दर्शन गर्‍यौं। ताग्लुङ्मा यार्थाङ् र मार्थाङ् भन्ने दुई ओटा लामाहरूका छात्रावास थिए। ती गोन्पाभित्र पनि धर्मग्रन्थको पर्खाल झैं चाङ लगाएको देख्दा म आश्चर्यचकित भएँ। ताग्लुङ्मा ठि रिन्पोछे र ताग्लुङ् मा-रिन्पोछेको दर्शन गर्न पाएँ। त्यस बेला मेरो आँखा सन्चो थिएन। ताग्लुङ् मा-रिन्पोछे अति विद्वान हुन् भनी खाममा चर्चा थियो। त्यसैले ताग्लुङ्को मा-रिन्पोछेलाई मेरो आँखा निको पार्ने उपाय गर्नुहोस् भनी अनुरोध गर्दा उहाँले म औषधी दिन्छु भन्नुभयो। सम्फेल नोर्बु भन्ने आयुर्वेदिक औषधी दिनु भई,

"यो खानु" भन्नुभयो।

पछि उक्त औषधी खाई निको पनि भयो। अति अधिष्ठान युक्त र विशेष

जस्तो लाग्यो। भोलिपल्ट हामी ताग्लुङ् गोन्पा माथि रहेका *सेर्लिङ गोइ छाङ् डाक* भन्ने पर्वते भीर आदि दर्शन गर्‍यौँ। उक्त पर्वते भीर अग्लो र ठूलो रहेछ। माथि पुगेर सबै दर्शन गरियो। यसमा म सौभाग्यशाली महसुस गरेँ।

अनि हामी *ल्हादेन* हुँदै छुर्फु पुग्यौँ। छुर्फुमा पुगेर हामीले परम पावन ग्याल्वाङ् कर्मपाको दर्शन गर्‍यौँ। दर्शनको क्रममा मेरो बुबा र गुरुले अभिषेक दिनुहोस् भनी परम पावन ग्याल्वाङ् कर्मपालाई अनुरोध गर्नु भएकाले उहाँले पनि,

"हुन्छ, म यो टुल्कुलाई श्वेततारा चिन्ताचक्रको अभिषेक प्रदान गर्छु।" भन्नुभयो।

यसरी मैले श्वेततारा चिन्ताचक्रको सम्पूर्ण अभिषेक प्राप्त गरेँ। त्यसपछि छुर्फु गोन्पाको अलि माथि *बेन्गार तेङ्* भन्ने बेन्गार ज्यम्पल शाङ्पोले पहिले ध्यान गर्नुभएको ध्यान गुफा थियो। उक्त ध्यान गुफामा पहिले ठङ्गुबाट यता आउनु भएको दुई नातेदार पर्ने लामाहरू थिए। एकजनाले उम्जे (मूल वाचक) गर्थे भने अर्को चाहिँले बाहिरी आक्रमणबाट बचोस् भनी प्रार्थना सहित युद्ध निर्मूलको लागि महाकाल मन्दिरको निर्माण गर्नुभएको थियो। उक्त मन्दिरको महाकाल कक्ष रेखदेख गर्ने ठङ्गुको सोही लामा हुनु हुँदो रहेछ। शिक्षकले बन्दोबस्त मिलाई उक्त कक्षभित्र श्वेततारा चिन्ताचक्रको साधना गरियो। र एक महिना म त्यही श्वेततारा चिन्ताचक्रको गुफावास ध्यान साधना गरेर बसेँ।

त्यसपछि भोट पात्रोअनुसार बाह्रौं महिनाको अन्तिमतिर *गुतोर* (नौ दिने महाकाल महासाधना)को दर्शन भयो। छुर्फु गोन्पाले लोसार मनायो। छुर्फुमा गुरुहरूको निवास तथा शयनकक्षमा मध्य तिब्बतको परम्परा झल्किन्थ्यो। साधारणतया हाम्रो खामको गाउँ अलि पिछडिएकाले त्यति ठूलो निवास पहिले देखेको थिएनँ। सानै भएर होला, लोसारको भव्य कार्यक्रम देखेर म साह्रै खुसी

भएको थिएँ। यसरी महान् छुर्फु गोन्पा र १६ औँ ग्याल्वाङ् कर्मपा रिग्पे दोर्जेको दर्शन गर्ने मौका पाएँ। उहाँ स्वयम्सँग आफ्नो अभ्यासको बारेमा छलफल गर्ने मौका पाएँ।

यसरी दीर्घायुका तीन बुद्धमध्ये श्वेततारा चिन्ताचक्रको सम्पूर्ण अभिषेक प्राप्त भयो। उहाँले वास्तवमा भविष्य देख्नुभई मलाई श्वेततारा चिन्ताचक्रको गुफावास ध्यान साधना गर्न लगाउनु भएको हो जस्तो लाग्छ। त्यसकै कृपाले मेरो आयु लामो हुन गएको होला। आयु लामो त भयो तर पनि के गर्ने ? धर्ममा खासै ठूलो योगदान पुऱ्याउन सकिएन। जे होस् मेरो जीवनकाल धर्म विपरीत नहुनुमा उहाँहरूकै ठूलो देन र कृपा छ। म आफू छुर्फुमा केही महिना मात्र बस्न पाएँ। तर पनि जति बसेँ, धेरै सौभाग्य ठान्दछु।

त्यसपछि हामी ल्हासा आइपुगेर ल्हादेन महाप्रणिधानको दर्शन गऱ्यौँ। त्यस बेला *च्योङा छ्योपा* अर्थात् पूर्णिमाको महाप्रणिधान चलिरहेको रहेछ। त्यहाँ मण्डल, *तोर्मा* आदि भव्य सजाएका थिए। ल्हारम परीक्षाका निम्ति विद्वान भिक्षु साधकहरू माझ बौद्ध धर्म तथा दर्शनको बारेमा वादविवाद चलिरहेको देख्न पाउँदा आफूलाई सौभाग्यशाली ठानेँ। तर आफू सानै भएकोले त्यसको महत्व केही बुझ्न नसके पनि रमाइलोको रूपमा हेरेँ। त्यहाँ ल्हासाको ज्योवो हिश्यिन नोर्बु, रामोछ्येको ज्योवो, चे पोतलाको ज्योवो लोकेश्वर आदि काय, वाक, चित्तका महान प्रतिमाहरूको दर्शन गर्न पाएँ। त्यसपछि *सेरा* र *डेपुङ्* पुगेर सेरामा रहेको हयग्रीव दर्शन गर्ने सौभाग्य प्राप्त भयो। हामी पोतलाको दर्शन गर्न जाँदा परम पावन १४ औँ दलाई लामाको पनि दर्शन गर्न पायौँ। उहाँ पनि बालक नै हुनुहुन्थ्यो।

त्यसपछि क्रमश: ग्रीष्म ऋतुतिर *ल्होनेगेपा* (दक्षिणका तीर्थस्थल) आइपुग्यौँ। दक्षिणमा तीर्थयात्रा गर्ने बेला हामीलाई टोपी र लट्ठी चाहिन्छ भनेर बुबा र

शिक्षकले बन्दोबस्त गर्नुभयो। पहिले म घोडामा यात्रा गर्ने बानीले होला त्यस बेला विस्तारै पैदल जाँदा पनि धेरै गाह्रो भएकोले टाढा पुग्न सकेनौँ। अलिकति हिँडेपछि रोकेर चिया पिउन थालेँ, अनि खाना पनि खाइसकेपछि आज हिड्न सक्दैनौँ, अब यहीँ बसौँ भनी त्यहीँ बास बस्यौँ। दुई दिन बित्दा पनि ल्हासाको गाउँ अझै पनि देखिइरहेको थियो।

यसरी क्रमश: *डोम्तोइ ज्येन लोचावा*को महाकाल मन्दिर दर्शन भयो। *डाग् येर्पा*को *दावा फुग* भन्ने गुफा पनि दर्शन गर्‍यौँ। त्यहाँ धेरै देवालयहरू र स्वयम् उत्पन्न भएको अद्‌भुत मणि जुन कालो चट्टान माथि सेतो चट्टानको मणि उत्पन्न भएको थियो। त्यहाँ दर्शन गर्नुपर्ने धेरै रहेछन्।

त्यसपछि माथि जाँदा ज्ये चोङ्खपाको मूल गोन्पा गादेनको दर्शन गरेँ। गोन्पामा रहेको ज्येरिन्पोछेको ठूलो स्वर्ण अस्तु स्तूप, गादेनको मन्दिर आदि सबै दर्शन गरियो। त्यसपछि हामी गादेनबाट *सम् ये गोईकर्ला (पास)* घुम्यौँ। *साम्ये* पुगेर हामी *साम्ये यामा लुङ्* गयौँ। त्यहाँ गुरु पद्मसम्भवको अधिष्ठित विशेष गुफा रहेछ। हामी त्यहाँ साम्ये दोदेछ्योपा अर्थात् सूत्र पूजा गरिरहेका बेला पुगेका थियौँ। त्यस वर्ष *दोदे छ्योपा* धार्मिक नृत्य पनि प्रदर्शन गर्दै रहेछ। तर पनि हामीले त्यति राम्ररी हेर्न पाएनौँ। किनभने हामी त्यहाँ जानुको मुख्य उद्देश्य भनेको त्यहाँका तीर्थस्थलहरू दर्शन गर्ने थियो। त्यसैले हामी मन्दिर हेर्न गयौँ र *लिङ्श्यी* (चार द्वीप), मन्दिरहरू सम्पूर्ण दर्शन गर्‍यौँ।

त्यसपछि तलतिर गएर ज्ये फाग्मो डुपाको *कुन्तु शाङ्पोइ नग्ठोई* स्थित मुख्य गोन्पा *देन्सा थिल्* भन्ने गोन्पामा देवालय अति राम्रो रहेछ। त्यहाँ ज्ये फाग्मो डुपाको अमूल्य र विशेष धार्मिक सामानहरू थुप्रै रहेछन्। साथै सङ्गे छ्योईफागको दाँत, भगवान बुद्धको दाँत पनि रहेछ। अचम्मको कुरा त त्यहाँ

ड्रागनको सिङ भन्ने पनि थियो। त्यहाँ धेरै कुराको दर्शन गर्न पायौँ। फग्मो डुपाले अधिष्ठान प्रदान गर्नुभएको एउटा सानो पत्थर रहेछ। भाग्यमानीहरूको हातमा उक्त पत्थर राख्दा अवशेष धातु झर्छ भन्ने विश्वार रहेछ तर मेरो हातमा अवशेष धातु जस्तो केही पनि झरेन।

त्यसपछि तल गएर मच्चिग लब्डोनकी गोन्पा *शङरी खर्मर* भन्ने गोन्पामा गयौँ। खासमा शाङ्री खार्मर चाहिँ ल्होखा अर्थात् ल्हासाको दक्षिणमा पर्ने शाङ्रीको एउटा गोन्पा हो जुन सन् ११३९ (भेडा वर्ष) सालमा माच्चिग लाब्डोनले स्थापना गरेकी थिइन। त्यहाँ पनि शिक्षकले बन्दोबस्त मिलाउनु भई हामीले च्योई साधना गऱ्यौँ। त्यसपछि अलि माथिको एउटा गाउँमा बास बस्यौँ। त्यस गाउँमा एक जना गरिब रहेछन्। उनलाई खाना दियौँ। यसरी हामीले सो रात त्यहीँ बितायौँ। भोलिपल्ट हामी डुङ्गामा बसेर ब्रह्मपुत्र नदी तऱ्यौँ। घोडा, खच्चर र मान्छे सबैसँगै सजिलै नदी पारि आइपुग्यौँ।

नदी पार गरेपछि हामी माथितिर लागी *चेथाङ* पुग्यौँ। *चेथाङ गोन्पो* पर्वत दर्शन गरियो। *चे छोग्पा* भन्ने *चेथाङ* गोन्पामा भिक्षुहरू धेरै रहेछन्। ती सबैको दर्शन गरियो। कश्मीरी महापण्डित शाक्यश्री (सन् ११२७-१२२५)को माटोको मूर्ति पनि रहेछ। तर अहिले शाक्यश्रीको मूर्ति कस्तो छ भनी स्पष्ट याद छैन। बाल्य अवस्थामा दर्शन गरेकाले त्यति राम्रो भएन जस्तो लाग्यो। त्यसैले पछि फेरि तिब्बत जाँदा जसरी भए पनि शाक्यश्रीको मूर्ति दर्शन गर्नुपऱ्यो भनी अनुरोध गर्दा उक्त मूर्ति सांस्कृतिक क्रान्तिकालमा ध्वस्त भएको बताइयो, त्यसैले मैले दर्शन गर्न पाइनँ। सानो हुँदा आफ्नै आँखाले प्रत्यक्ष देखेको भए तापनि अहिले कस्तो छ भनी याद आउँदैन।

त्यसपछि चेथाङबाट यार्लुङमा गयौँ। यार्लुङ तेन्सुम, नेसुम, ठाडुग, तारा

कक्ष आदि दर्शन गऱ्यौँ। ती विशेष प्रतिमा, तीर्थ दर्शन गर्दा शिक्षकले बन्दोबस्त मिलाउनु भई जहिले पनि *ज्याङ्छ्युब ङ्यीङ्पोर छ्यीक्यी बर॥* (बोधिगर्भ प्राप्त नहुन्जेल) आदि पढेर सधैँ बोधिसत्व संवर लिन्थेँ। म सानै हुँदा गएकोले विशाल बोधिचित्तोत्पाद त भएन। तर पनि 'ज्याङ् छ्यि मा' एक एक पल्ट पाठ गरी प्रार्थना तथा प्रणिधान गर्न पाउँदा धेरै भाग्यमानी भएँ जस्तो लाग्छ।

त्यसपछि *यार्लुङ स्येल्डग* गयौँ। यर्लुङ स्येल्डग माथि पहाडमा रहेछ। माथि पुगेर गुरु पद्मसम्भवको *ङाडामा* (म जस्तै) भन्ने मूर्ति भएको गुफा दर्शन गऱ्यौँ। मेरो शिक्षकले भन्नु भएअनुसार उक्त गुफाभित्र रहेको गुरु रिन्पोछेको प्रतिमा गुरु पद्मसम्भव स्वयम्ले बनाउनु भएकाले अति अधिष्ठित र विशेष भएको कुरा सुनाउनु भए तापनि आफूले स्पष्ट बुझ्न सकिएन। गुफाभित्र हामीले 'कामना सहजसिद्ध प्रार्थना र मार्गबाधा निवारण प्रार्थना'का साथ प्रार्थना तथा प्रणिधान गऱ्यौँ।

तलतिर आँउदा एउटा *यार्लुङ् स्येल्डागमा* चिहान (गिद्धलाई लास दिने स्थान) रहेछ। शिक्षकको अनुसार त्यो जस्तो राम्रो ठाउँ अरु कहीं देखिएन भन्नुभयो। वास्तवमा चिहान भनेको यस्तो ठाउँमा हुनुपर्छ भन्नुभयो। त्यहाँ पनि प्रार्थना र प्रणिधान गरियो।

यसरी क्रमश: तल *यार्लुङ्* आइपुग्यौँ। यार्लुङमा *तेन्सुम* (तीन प्रतिमा); तेन्छ्योग छेछ्यु बुम्पा (उत्तम प्रतिमा दीर्घायु जल कलश), तेन्छयोग गोन्थाङ बुम्पा अथवा डिब्सेल बुम्पा (आवरण शोधन कलश), र तेन्छ्योग तग्च्येन बुम्पा (नित्य नेत्र कलश) रहेछ। यार्लुङमा *नेसुम* (तीन तीर्थस्थल); *ज्यासा ल्हाखाङ्, ठा डुग ल्हाखाङ्, चेन्थाङ् युयी ल्हाखाङ्* आदिको दर्शन गरियो। *च्याग्चे* हुँदै *ल्हो डग् खोग्* पास आइपुग्यौँ। त्यहाँ पुग्नासाथ पहिले *ल्होडाग मवो च्योग* भन्ने *ङादाग ङ्याङ्को* गोन्पा र *ङादाग ङ्याङ्ले* निधिबाट प्राप्त गर्नुभएको किलय र वज्र आदि

अद्‌भुत स्थल र सामग्रीहरूको दर्शन गऱ्यौँ। अधिष्ठान पनि प्रदान गर्नुभयो। बेन्प छ्याग्दोर र ल्होडाग् बेन्प डुग्रल् आदिको प्रत्यक्ष दर्शन गर्न पायौँ।

त्यसपछि क्रमश: *ल्होडाग सेखर गुथोग* (मिलारेपाले बनाउनु भएको नौ तले भवन) मा आइपुग्यौँ। त्यसभित्र धेरै राम्रोसँग दर्शन गर्न पायौँ। सेखर गुथोगको माथिल्लो तल्लामा जाँदा अग्रजहरूले तपाईं माथि जान सक्नुहुन्न भन्नुभएको थियो तर म जसरी भए पनि जान्छु भनेर एकपटक परिक्रमा गरेँ। उहाँहरूले तल खस्न सक्छ भनी धेरैले चिन्ता गर्दै हुनुहुन्थ्यो तर मलाई खासै डर लागेन। कोही त जानै नसक्ने रहेछन्।

त्यसपछि हामी *ल्हो डोवो लुङ्* गयौँ। त्यहाँ मार्पा गुरुयोग साधना गऱ्यौँ। ल्हो डोवो लुङ्को प्रतिमा बाकस, सेखरमा ज्येचुन मिलारेपाको *दोई तमा तेउ* भन्ने गोन्पा बनाउने औजार शिलाको बन्चरो एक जोर, मार्पा लोचवाको दाँत र उहाँको कचौरा, अरु सामान जस्ता अमूल्य र अधिष्ठित वस्तुहरू धेरैको दर्शन गरियो। त्यसै गरी *लोङ्दोल* लामा रिम्पोछे त्यहाँ पाल्नु भई त्यहाँको सामानहरू सबै बाकसमा हाल्नु भएको रहेछ। ती सबै दर्शन गऱ्यौँ। ती सामानहरूको त्यति राम्रोसँग रेखदेख गरेको जस्तो देखेन।

माथि *ल्होडाग ताग्ड्यी डाग* भन्ने *तागङ्या* लुङ्तेन फुगमा दुई ओटा ध्यान गुफा रहेछन्। ती दुई गुफामध्ये भट्टारक मिला रेपाले दियो शिरमा राखेर एघार महिना ध्यान गर्नुभएको गुफा अति नै रमणीय र एकान्त रहेछ। ती सबै दर्शन गरी मिला गुरुयोग साधना गऱ्यौँ। आफू सानै भएर केही नबुझे पनि शिक्षकको मार्गदर्शनअनुसार पुण्य आर्जन, प्रणिधान गर्ने सौभाग्य प्राप्त भयो।

त्यसपछि *फुर्म यु छोखा र ग्याल्चे* गयौँ। ग्याल्चे पाल्खोर चैत्य दर्शन गऱ्यौँ। शिगात्सेको टशी ल्हुन्पो गोन्पा, ज्यम्छेन, मन्दिर र शयनकक्ष दर्शन गऱ्यौँ।

शिक्याब कोषाध्यक्ष अघिल्लो ठङ्गु रिन्पोछेको दाता हुनुहुँदो रहेछ। उहाँ शिगात्सेको चिरपरिचित, प्रतिष्ठित हुनुभएकोले टशी ल्हुन्पो आदि दर्शन राम्ररी गर्न पायौँ। त्यसपछि *कुन्ख्याब लिङ्* भन्ने पेन्छेन रिन्पोछेको गर्मीयाममा बस्ने निवासमा *शिग्मो छ्ये* भन्ने धार्मिक नृत्य धेरै दिनसम्म गर्ने रहेछन्। ती नृत्य पनि हेर्‍यौँ। तर पनि पेन्छेन रिन्पोछे भने खामबाट माथि फर्किसक्नु भएको रहेनछ।

त्यसपछि शिगात्सेबाट *साक्यागोङ्* गयौँ। मेरो बुबा आमा दुवै *साक्या* सम्प्रदायको अनुयायी भएकोले साक्यामा अलि धेरै आस्था र लगाव थियो। त्यसैले सर्वप्रथम *ङोर* गोन्पामा गयौँ। ङोरको चार खेन्पोहरूलाई चियापान तथा संघदान गर्‍यौँ। धेरै राम्रोसँग दर्शन गर्ने सौभाग्य मिल्यो। त्यति खेर त्यहाँ थर्चे खेन्पो भन्ने प्रख्यात हुनुहुँदो रहेछ। उहाँले ङोर गोन्पा जीर्णोद्धार गर्दै हुनुभएको रहेछ। उहाँसँग पनि कुराकानी राम्रै गर्न पायौँ।

त्यसपछि क्रमश: साक्यागोङ् गएर टुल्पे ल्हाखाङ्को दर्शन भयो। टुल्पे ल्हाखाङ् भित्रको सेतो चन्दनको खम्बा, रातो चन्दनको खम्बा, पेने रुखको खम्बा, च ज्याग्माको खम्बा, पुत्र ताल, कालो मुखौटो जस्ता अमूल्य जुन सिल गरिएको राखेका थिए। ती सबैको दर्शन गर्न पायौँ। त्यस बेला दुई साक्या गोङ्मा मध्ये डोल्मा फोडाङ्का गोङ्मा रिन्पोछे ल्हासामा पाल्नु भएकोले त्यहाँ हुनुहुन्थ्यो। फुन्छोग फोडाङ् रिन्पोछे भने हुनुभएकोले उहाँबाट दीर्घायु अभिषेक ग्रहण गर्‍यौँ। उहाँले हामीसँग खुलेर कुरा गर्नुभएको थियो।

अनि डोल्मा फोडङ्मा *ज्येचुन पेज्युङ* भन्ने व्यक्ति हुनुहुन्थ्यो। उहाँको भविष्यवाणी तीखो थियो भनेर मेरो साथीहरूले कतिसम्म बाँचिन्छ होला भनेर सोधेका थिए। उहाँले मेरो बुबा र शिक्षक शायद साठी-पैसट्ठी वर्ष जति बाँचिन्छ

होला भन्नु भई भविष्यवाणी गर्नुभएको थियो। म सानै भएकोले मेरो बारेमा सोध्नु भएन। तर आयु लामो हुन्छ भन्नुभएको थियो। यति वर्षसम्म बाँचिन्छ भनी प्रष्ट भन्नु भएन।

त्यस बेला *श्याब्डुङ् दाम्पा लाग* भन्नेले 'ग्युदे कुन्तुई'को अधिष्ठान प्रदान गर्दै हुनुभएको रहेछ। उहाँबाट आशीर्वाद पनि लियौँ। ग्यानाग टुल्कु पनि साक्यामा पाल्नु भएको रहेछ। हामी एउटै गाउँको भएकाले त्यहाँगई साथमा चिया पियौँ। लुदिङ खेन रिन्पोछेको पनि उपस्थिति भएकोले उहाँलाई बुबाले विघ्न हटाउने पूजा गर्न बिन्ती चढाउनु भएको थियो। मेरो बुबाको उहाँप्रति आस्था विशेष रहेछ। उहाँले पनि धेरै माया देखाउनुभयो। दम्जे आदि अधिष्ठित वस्तुहरू र आशिष प्रदान गर्नुभयो। भविष्यमा कुनै बाधा अवरोध नहुन प्रणिधान पनि गर्नुभएकोले धेरै भाग्यमानी महसुस भयो।

त्यसपछि साक्याबाट *ल्हाचे* जाने योजना भए पनि मेरी बहिनी बिरामी भएपछि *ल्हाचे* जान सकेनौँ। क्रमश: तल गएर शिगात्सेमा आइपुग्यौँ। शिगात्सेबाट *होयुग ताङ्खा* भन्ने ठाउँबाट *याङ्पा च्येन* पुग्यौँ। त्यहाँ केही दिन बिताएर तल आफ्नो जन्मस्थानमा फर्क्यौँ।

त्यस बेला वसन्त ऋतु भएको हुनाले जनावरहरू पनि कमजोर देखिन्थे। हिउँ पनि परेकोले अलि कठिन भएकाले अगाडि जाने एक जना बटुवाको हातमा पत्र पठाई,

"हामीहरू यहाँबाट आँउदैछौँ। अति गाह्रो भयो। लिन आउनु पर्‍यो।" भनी लेखेको थियो।

त्यसपछि गोन्पाबाट सहयोग गर्न केही मानिसहरू माथिसम्म आए। उनीहरूले

सामान बोके पछि हामी सजिलै गोन्पामा फर्किन सक्यौँ। गोन्पामा पुग्दा सबैजना हर्षित भई धेरै राम्ररी स्वागत गरे।

गोन्पामा पूर्व ठङ्गु टुल्कुको निवास थियो तर सो निवास पुरानो भएकोले भित्ता पनि चर्केको र स्थिर छैन भन्दै थिए। त्यसैले कि पुनर्निर्माण गर्नुपर्छ नत्र सर्नुपर्छ भन्ने कुरा चलेको थियो। हामी ल्हासा पुग्दा लोडो ङ्यीमा रिन्पोछे उता ल्हासामै हुनुहुन्थ्यो। लोडो ङ्यीमा रिन्पोछेको निवास राम्रो भएको कुरा प्रसिद्ध थियो।

अनि लोडो ङ्यीमा रिन्पोछेको निवास र ठङ्गु टुल्कुको निवास साट्नु भयो। निवास साटेपछि म यता लोडो ङ्यीमा रिन्पोछेको निवासमा सरेँ। सरेको निवासमा मर्मत गर्नुपर्ने सबै मर्मत गरियो। कोषाध्यक्षले मध्य तिब्बतबाट विभिन्न प्रकारका राम्रा राम्रा लामा वस्त्रहरू र घोडामा राख्ने काठी पनि ल्याएका थिए। त्यस बेला ठङ्गु परिवार धेरै राम्रो भएको अवस्था थियो। हामी बस्ने ठाउँ गोन्पाको पूर्वपट्टि रहेको छ। सोही पूर्वको निवासमा सर्दा ढोका अगाडि जल भरिएका जोडी कलश पनि थियो। अति शुभ साइत भएको थियो। यसरी शुभ साइतका साथ हामी त्यहाँ बस्न थाल्यौँ।

मेरो यो सङ्क्षिप्त आत्मवृत्तान्त भारतको वाराणसी, सारनाथ स्थित वज्र विद्या संस्थानमा सन् २००८ जनवरी महिनाको २४ तारिखका दिन टेप रेकर्डरमा रेकर्ड गरिएको थियो। सोही अडियोबाट खेन्पो गेलोङ् छेरिङले लिपिबद्ध गरेकोमा म ठङ्गु टुल्कु उहाँलाई धन्यवाद दिन चाहन्छु। (सन् २०१९ सेप्टेम्बर १५ तारिख)

(नोट: भोट भाषामा रहेको 'परम पूजनीय नवौँ ठङ्गु रिन्पोछेको एघार वर्षसम्मको आत्मजीवनी' भन्ने अध्याय पवित्र तीर्थस्थल नमोबुद्ध स्थित ठङ्गु टाशी याङ्चे गोन्पामा, क्याब्ज्ये योङ्गिन खेन्छेन ठङ्गु रिन्पोछे नब्बे वर्षको हुँदा सन् २०२२ साल मे महिनाको १० तारिख मंगलबारको दिन गुरु स्वयम्ले आगम प्रदान गर्नुभयो।)

# परम पूजनीय नवौँ क्याब्ज्ये योङ्गिन खेन्छेन ठङ्गु रिन्पोछेको बाह्र वर्षदेखि एक्काइस वर्षसम्मको आत्मजीवनी

(सन् १९४४-१९५३)

हामी ल्हासा र मध्य तिब्बतबाट जन्मस्थानमा फर्किंदा वसन्त ऋतु थियो। घोडा, खच्चर, याक आदि धेरै कमजोर देखिन्थे। भारी पनि गह्रुङ्गो थियो। वसन्त ऋतुमा पनि हिउँ परेकाले यात्राका क्रममा केही याक मरे। त्यसकारण, हामीलाई बाटोमा ठूलो कठिनाइ आइपरेको थियो। तर अगाडि जाने एक जना बटुवा भेटेकोले उसको हातमा पत्र पठायौँ। पत्रमा,

"हामीहरू आउँदैछौँ। बीच बाटोमा अलि गाह्रो भयो। गाउँबाट माथि लिन आउन सके राम्रो हुन्थ्यो" भनेर लेखिएको थियो।

पत्र पाएपछि गाउँबाट माथि लिन आए। लाब्राङको प्रतिनिधित्व गर्दै ग्यारी योन्तेन शाङ्पो, दाता परिवार, राग्स्युल परिवारबाट सोनम वाङ्छ्युग, रोङ्पो परिवारबाट अघिल्लो ठङ्गु रिन्पोछेको भतिजा ठिन्ले छेरिङ् र उनीहरुसँगै केही सहयोगीहरू पनि आएका थिए। उनीहरू सबै घोडामा चढेर स्वागतको लागि *बुल्दाम श्युङ्* भन्ने ठाउँसम्म आइपुगे। हामीहरू त्यहाँ भेटेपछि मेरो शिक्षकले योन्तेन शाङ्पोलाई धेरै कुरा सोध्नुभयो। योन्तेन शाङ्पोले गोन्पाको परिस्थितिबारे धेरै कुरा भन्नुभएको थियो।

विशेष गरी त्यस वर्ष *छ्योईठिम्पा* (अनुशासन नायक)को रूपमा *ताखेन*

*बुयाग*लाई नियुक्त गरेको रहेछ। वास्तवमा, ताखेन बुयाग साधारण र सोझो स्वभावको हुनुहुन्थ्यो। तर पनि *छ्योईठिम्पा* पदमा बसी ठूलो जिम्मेवारी लिनुभएर नियम अनुशासनको राम्रो व्यवस्थापन गर्नुभएको थियो। उहाँले अति राम्रा र प्रभावकारी काम गर्नुभएको थियो भनी योन्तेन शाङ्पोले धेरै प्रशंसा गरे झैँ वास्तवमा उहाँ त्यस्तै हुनुहुँदो रहेछ। त्यस बेला आफूले पनि नयाँ नौलो कुरा सुन्न पाएकोमा खुसी थिएँ।

त्यसपछि विस्तारै हामी आयौँ। कहिले काहीँ अलि अलि हिउँ पर्थ्यो। *चिखुल्री पास* पुग्दा अलि धेरै हिउँ परेको थियो। तर त्यहाँबाट तलतिर लाग्दा हिउँ बिस्तारै पग्लिएपछि साँच्चै वसन्त ऋतुको अ ाभास भएको थियो।

त्यस बेला गोन्पाको लामा डुपोन देलेगले बाधा निवारणको लागि एउटा *सिदोग* स्तूप स्थापना गर्नुपर्छ भनेर हाम्रो नयाँ निवासको पछाडि बनाइएको रहेछ। त्यो कुरा सुन्दा मेरो शिक्षकले भन्नुभयो,

"राम्रो भएन, त्यसले विघ्न बाधा निम्त्याउँछ।"

उहाँले मेरो बुबा बोलाएर भन्नुभयो,

"तपाईंले कुरा गर्नुभए राम्रो हुन्थ्यो। उक्त स्तूप त्यहाँ बनाउन नहुने थियो। जसरी भए पनि सार्नुपर्छ।"

बुबाले पनि, "हुन त, राम्रो होइन। अलि अलि हानि पुऱ्याउँछ होला। किनभने धेरै पहिले केही गाउँमा मान्छेहरूले सो स्तूप स्थापना गरेका थिए भने केही गाउँमा स्थापना गर्न दिएका थिएनन्। स्थापना गर्न दिइएका स्थानका धनजन तथा स्थानीयलाई हानि पुऱ्याएको कुरा रहेछ।" भन्नुभयो।

तर उहाँले गोन्पामा भने विशेष केही पनि भन्नु भएन। स्तूपको कारणले

त्यहाँ अलि बाधा अड्चन आउँदै थियो भन्दै थिए। तर पछि उक्त स्तूपको हेरचाह नभएपछि बिस्तारै भत्केर गयो।

त्यसपछि म गोन्पामा आएँ। त्यस बेला वसन्त ऋतु भएकोले अति राम्रो मौसम थियो। गोन्पाले पनि धेरै राम्रो स्वागत सत्कार गऱ्यो। त्यस बेला ङ्येर्पा (व्यवस्थापक) अघिल्लो वर्ष व्यापार गर्न जाँदा धेरै राम्रो भएको रहेछ। म आइपुग्दा उहाँले ल्हासाबाट धेरै राम्रा राम्रा सामान ल्याउनु भएको थियो। नयाँ निवास पनि सम्पन्न भएकोले ठङ्गु परिवार समृद्ध भएको कुरा उल्लेखनीय तथा चर्चित थियो। हाम्रो *ङ्येर्पा* लोछ्योई भन्ने जिउ सानो, सेतो दाह्री भएको, जुँगा पनि धेरै राम्रो थियो। त्यस बेला डाहु बेहु भन्ने एकजना नेताले ठङ्गु परिवारको *ङ्यीमा लाग्पा* (घाम र हात) भनेर नाम राखेको रहेछ।

त्यस बेला ठङ्गु लाब्राङ् र ग्यानाग टुल्कु लाब्राङ्को नाम यसरी छरिएको थियो कि जसरी ढ्याङ्ग्रो बजाउँदा त्यसमाथि गेडागुडी राख्दा थर्किन्छ। उक्त समय अति राम्रो भएको थियो भनेर धेरै चर्चा भएको थियो।

त्यसपछि म पूजा गर्न गएँ। त्यस बखत जुरी टुल्कु हुनुहुन्थ्यो। उहाँले मलाई महाकरुणा गुह्यसमाजको आगम र तोर्माको अभिषेक प्रदान गर्नुभयो। त्यसपछि ठङ्गु अमितायुष दीर्घायु साधना सुरु गर्ने अगाडि नै पुरानो निवासबाट नयाँ निवास सऱ्यौँ। नयाँ निवास सजिसजाउ गरी मर्मत गर्नुपर्ने सबै गऱ्यौँ।

पहिले उक्त निवास धेरै राम्रो भएको कुरा थियो। हामी त्यहाँ बसाइँ सरेर धेरै राम्रो भयो जस्तो लाग्यो। त्यसपछि ठङ्गु छेडुब अर्थात् दीर्घायु साधना गऱ्यौँ। त्यस अघि ठलेग रिन्पोछे पाल्पुङमा पाल्नु भएर धर्मदेशना, आगम र अभिषेक ग्रहण गर्नु भएकाले अति उत्तम भएको थियो। उहाँलाई पनि गोन्पामा पाल्नुहोस् भनी आमन्त्रण गऱ्यौँ। उहाँ पाल्नु हुँदा स्वागत सत्कार धेरै राम्रो गरेका थियौँ। ठलेग

रिन्पोछे अरु भन्दा फरक, भाग्यमानी र शक्तिशाली हुनुहुन्थ्यो। सबैसँग मिल्ने र राम्रो सम्बन्ध राख्न सक्ने हुनुहुन्थ्यो।

ठलेग रिन्पोछेले आफ्नो जीवनकालको युवा अवस्थामा चिनियाँ मणि रहेको स्थानमा एक खर्ब वज्रसत्व मन्त्र भएको विशाल मणिचक्र स्थापना गर्नुभएको थियो। सो कार्यले उहाँ धेरै प्रसिद्ध पनि हुनुभएको थियो भने त्यहाँ एउटा राम्रो प्रतिमा पनि स्थापना भयो। तर उहाँको जीवनकालको पछिल्लो समयमा विघ्न बाधा आइपरेकोले त्यति धेरै प्रतिमाहरूको स्थापना भने गर्न सक्नु भएन।

त्यस लगत्तै दोस्रो ज्याम्गोन कोङ्टुल रिन्पोछे पाल्देन ख्येन्चे होशेर हाम्रो गोन्पामा पाल्नुभयो। उहाँलाई ठलेग रिन्पोछेले मूल गुरु मान्नु हुन्थ्यो। मूल गुरुको हैसियतले पनि उहाँ हाम्रो गोन्पामा पाल्नु भई राख्नुहुन्थ्यो। उहाँ पाल्नुहुँदा गोन्पा व्यवस्थापनले पनि स्वागत सत्कार तथा राम्रो प्रबन्ध मिलाउनु हुन्थ्यो।

ज्याम्गोन कोङ्टुल रिन्पोछे परम पावन ग्याल्वाङ् कर्मपालाई 'रत्न निधिकोशको' अभिषेक प्रदान गर्न पाल्नुपर्ने भएकोले गोन्पाले राम्रो प्रबन्धका साथ बिदाइ गरियो। त्यति मात्र नभई ठलेग रिन्पोछेले *थुग्डुब बाछ्र्यें कुन्सेल* साधनाका विधि तथा सिद्ध औषधी बनाउने परम्परा पनि सुरु गर्नुभयो।

साधारणतया, सिद्ध औषधी बनाउने विधि हाम्रो ठङ्गु गोन्पामा पुरानो निधि परम्परा बाहेक छ्योग्लिङ्को नयाँ निधि परम्परा भने विस्तार भएको थिएन। छ्योग्लिङ्बाट चलिआएको नयाँ निधि परम्परानुसार पूजा पाठको विधिमा ज्याम्गोन कोङ्टुल रिन्पोछे माहिर हुनुहुन्थ्यो। त्यसै गरी पाल्पुङ्बाट आउनु भएका ऊम्जे अर्थात् मूल वाचक र छ्योईपोन (पूजा नायक) दुवै पूजाआजाको विधिमा दक्ष भएकाले थुग्डुब बाछ्र्यें कुन्सेल महासाधनाको सुरुवात गर्नुभएको थियो।

उक्त साधनाको साथमा सिद्ध औषधी बनाएर श्रद्धालु भक्तजनहरूलाई

बाँडिएकाले सर्वसाधारण सबै जना धेरै खुसी भएका थिए। त्यस बेला पहिलो पटक त्यति धेरै भक्तजनहरू भेला भएका थिए भने धेरै टाढाबाट आएकाहरूलाई सिद्ध औषधी प्रदान गरिएको थियो। थुग्डुब बाछ्र्ये कुन्सेलको गणचक्र पूजा आयोजना गर्दा तोर्माबाट अमृत प्राप्त भएको र सिद्ध औषधी स्वयम् वृद्धि तथा फैलिएका जस्ता धेरै उपलब्धिहरू भएका थिए। त्यसपछि ज्याम्गोन कोङ्टुल रिन्पोछे ल्हासा जानु भई परम पावन ग्याल्वाङ कर्मपालाई 'रत्न निधिकोश'को अभिषेक चढाउनु भयो। ठलेग रिन्पोछे भने यता गोन्पामै बस्नुभएको थियो।

पूर्व ठङ्गु रिन्पोछेले पहिले नै स्थापना गर्नुभएको *ङ्यीडो* (घामको न्यानो) चैत्य थियो। उक्त चैत्य, गोन्पा पछाडि प्रयोगमा नआएको ठाउँमा शुभ लाभ होस् भनी स्थापना गर्नुभएको थियो। सो स्तूप अलि भत्किएकाले जुरी टुल्कुले जीर्णोद्धार गर्नुभयो। गोन्पाको अगुवाइमा भिक्षुहरू सबैले साथ दिएका थिए। जीर्णोद्धारका क्रममा जुरी टुल्कुले विधिहरू सबै पूरा गर्नुभई 'दुई विमल' साधना गर्दै स्तूप भित्र चढाउनु पर्ने रत्न तथा विभिन्न मन्त्र र प्रतिमाहरू सबै चढाउनु भएको थियो।

त्यही क्रममा ठलेग रिन्पोछेले जीणोद्धार कार्यमा सहभागी भएका हामीहरू सबैलाई 'प्रभा विमल र उष्णीष विमल' दुवैको अभिषेक प्रदान गर्नुका साथै स्तूप स्थापना गर्ने विधि, पूजा सजावट गर्ने विधिहरू सबै स्पष्ट बुझाउनु भई ठूलो कृपा गर्नुभएको थियो। त्यस बेला मलाई पूजापाठको विधिको ज्ञान त्यति थिएन तर पनि ती विशेष अभिषेकहरू ग्रहण गर्न पाउँदा ठूलो सौभाग्य भएको महसुस भयो। अनि जुरी टुल्कु माथि बस्नु भएर 'प्रभा विमल र उष्णीष विमल' पूजा विधि सिकाउनु हुँदा मैले पनि सिक्न पाएको थिएँ।

अनि सबैले मलाई ध्यान साधना गर्नुपर्छ भने पछि मेरो बुबाले त्यसको व्यवस्था मिलाउनु भएर पूर्वयोगको गुफावासमा बसें। पूर्वयोग ध्यान गर्दा जुरी

टुल्कुले अभिषेक, आगम र प्रवचनहरू धेरै दिनुभयो। उहाँको इष्टदेवता 'बज्र किलाय' भएकोले बज्र किलायको अभिषेक प्रदान गर्नुभएको थियो। त्यसपछि अमितायु दीर्घायु साधना, शान्त तथा क्रोध साधना, महाकरुणा गुह्यसमाज साधना, च्योई आदिको अभिषेक तथा आशिष दिनुभएको थियो। यसरी म गुफावासमा ध्यान गर्न थालेँ। मेरो शिक्षकले विधिहरू सिकाउनु हुन्थ्यो भने कहिले काहीँ व्याकरण पनि सिकाउनु भएको थियो।

यसै गुफावासको क्रममा पहिले पूर्वयोग, त्यसपछि क्रमशः किलाय, अमितायुष दीर्घायु साधना र च्योई साधना गरेँ। अनि बज्र वाराही र चक्रसंवरको पनि साधना गरेँ। यसरी केही साल गुफावास तथा ध्यान गरेर बिताएँ।

त्यसकै अतिरिक्त समयमा कलाप व्याकरण, सितु छ्योक्यी ज्युङ्ने र ल्हाग्साम तेन्पे ग्याल्छेनद्वारा 'व्याकरण मूल त्रिंशत् र लिङ्गावतार'को व्याख्यित पुस्तकहरू पढ्ने, लेख्ने र अभ्यास गर्ने अवसर प्राप्त भयो। साथमा मेरो शिक्षक ज्योतिष शास्त्रमा विज्ञ हुनुभएकोले मैले पनि ज्योतिष विज्ञान सिकेर अभ्यास गरेको थिएँ।

सातौँ ठङ्गु रिन्पोछेको पालामा धर्मपाल *राजा पेहर* अलि अलि मान्दथे। तर केहीले,

"राजा पेहर राम्रो होइन। त्यसले विकार निम्त्याउँछ।" भन्नुभएछ।

पछि एकजना लामा गुरु आमन्त्रण गरेर पूजापाठ सहित राजा पेहरलाई छोड्नु भएको रहेछ। त्यसकारण आठौँ ठङ्गु टुल्कुको जीवनकालको प्रारम्भिक समयमा निवासमा धेरै कठिनाइहरू आइपरेका थिए।

आठौँ ठङ्गु टुल्कुले भन्नुभयो,

"राजा पेहर चट्टै छोड्न गाह्रो हुन्छ। त्यसैले जसरी भए पनि छोड्नु पर्छ भन्ने छैन।

राजा पेहर भनेको लामा तथा सर्वसाधारणको *ड्राल्हा* हो। उहाँलाई गुरु पद्मसम्भवले नियन्त्रणमा राख्नुभएकोले राम्रो धर्मपाल हो। त्यसैले उहाँलाई पुज्नु पर्छ।"

उहाँले राजा पेहर पुज्नु पहिले *गुरु दोर्जे ढोलो* (बज्र भैरव)को साधना गर्नुपर्छ भन्नुभएअनुसार उहाँले बज्र भैरवको साधना गर्नुभएको थियो। राजा पेहरलाई चढावा सुरक्षाको लागि पुज्नु भएको थियो। यसरी त्यस बेलादेखि पुनः धर्मपाल राजा पेहरलाई ठङ्गु परिवारले पुज्न थालेका थिए।

त्यसपछि पुरानो निवासबाट नयाँमा सर्ने बेला महाकाल साधना कक्ष पनि सार्नुपर्ने भएको थियो भने त्यसभित्र अवस्थित राजा पेहरको मूर्ति पनि सार्नुपर्ने थियो। तर उक्त मूर्ति सार्ने बेला *आर्ग पोछ्योग* साधना गर्न सक्ने शक्तिशाली तान्त्रिक गुरु हुनुपर्ने र जो पायो त्यहीले साधारण तरिकाले सार्न मिल्दैनथ्यो।

अब कसलाई निमान्त्रणा गर्ने भन्दा *डोल्मा डाग्चर* भन्ने ठाउँमा डिगुङ गुरु निधिपति आठीलाई निमान्त्रणा गर्ने निधो भएको थियो। निधिपति अठीसँग राम्रो सम्बन्ध भएका र जीवनभर गुफावासमा रहनु भएका कर्म टाशी भन्ने पनि त्यतै हुनुभएकोले उहाँलाई निधिपति अठीलाई आमन्त्रण गर्न सकिन्छ कि सकिँदैन भनी पत्राचार गरियो। त्यसको उत्तरमा उहाँले,

"आमन्त्रण गर्न सकिन्छ, अति कुशल कुरा हो।" भनेर पठाउनु भएछ।

त्यसपछि डिगुङ निधिपतिलाई आमन्त्रण गरियो। उहाँबाट पनि मैले केही अभिषेक प्राप्त गरेँ। विध्न बाधा निवारणको पूजा पनि गर्नुभयो। अनि उहाँले 'आर्ग पोछ्योग' साधना गरेर राजा पेहरको मूर्ति पुरानो कक्षबाट नयाँमा सार्नुभएको थियो।

त्यस बेला उहाँले शुद्धाभासमा भविष्यवाणी गर्नुभएको थियो। त्यो पनि,

*सेतो पाल जमिन माथि टाँगे उत्तम हुनेछ॥ .......*

*कालो सुँगुर पर्वतको चुचुरोमा घुर्छ,*
*सङ्कलन गर्न सिपालु मुसा दुलोमा सुत्छ,*
*शीघ्र घोडाको याल फिरोजा मेघमा परिवर्तन हुनेछ॥*

भन्ने जस्ता भविष्यवाणी गर्नुभएको थियो। तर त्यस बेला भविष्यवाणीको स्पष्ट भनी बुझ्न सकिएन। उक्त भविष्यवाणीले यो टुल्कु भविष्यमा धेरै राम्रो हुनेछ भनिएको रहेछ। वास्तवमा भन्नु पर्दा मसँग धार्मिक तथा सांसारिक रूपले कुनै योग्यता छैन तर पनि त्यस्तो हुनेछ भन्नुभई भविष्यवाणी भने गर्नुभएको रहेछ।

उहाँ वास्तवमा विशेष आर्य महापुरुष हुनुहुन्थ्यो। त्यस बेला मनमा त्यस्तो होला जस्तो लागेन तर पछि म उच्च बौद्ध शिक्षाको अध्ययनका क्रममा उहाँ धेरै महान् गुरु भएको थाहा पाएँ। यसरी पुरानो निवासबाट नयाँमा सरेको थियो।

साधारणतया, टुल्कुहरू चढावा सङ्कलन गर्न जानुपर्छ भनेकाले म पनि सङ्कलन गर्न गएको थिएँ। गर्मीयामको बेलामा एक जना डोग्पाको घरमा गएँ। त्यहाँ जाँदा मसँगै अघिल्लो ठङ्गु टुल्कुको एकजना वृद्ध लामा हुनुहुन्थ्यो। तर उहाँ उमेर ढल्केको हुनुभएकोले दाताहरूको सम्बन्धलाई निरन्तरता दिन सक्नु भएको थिएन। हुन त अघिल्लो ठङ्गु टुल्कुको विशेष दानपतिहरू धेरै भएको कुरा रहेछ तर त्यसै बीच धेरै वर्षसम्म सम्पर्क भएको थिएन। मेरो शिक्षक अघिल्लो ठङ्गु टुल्कुको पालामा भएता पनि उहाँ निवाससँग नजिकको सम्बन्ध नभएकाले दाताहरू त्यति चिन्नुहुन्न थियो।

अनि एकजना ऊम्जे ग्याल्छेन हुनुहुन्थ्यो। उहाँ पूजापाठको विधिमा दक्ष

भएको र पुराना दाताहरू सबैसँग चिनजान भएकाले मसँगै गए राम्रो हुन्थ्यो भनिएको थियो। तर अचानक उहाँको मृत्यु भयो। त्यसैले दान सङ्कलन गर्न जाँदा अतिथि सत्कार गर्ने मान्छे खासै थिएनन्। इच्छुक तथा आस्था भएका मान्छेहरू धेरै नै कम थिए। त्यस वर्ष माथि *बोरोग* भन्ने ठाउँमा पुगें। त्यसपछि अघिल्लो ठङ्गु टुल्कुको जन्म स्थान *रोङ्पो तोईमा* भन्ने ठाउँमा पुगेका थिएँ तर त्यहाँ पनि आमन्त्रण गर्ने मान्छे खासै नभए पछि *रोङ्पो मे* भन्ने तल्लो गाउँमा गएँ। त्यहाँ भने अलि राम्रो भएको थियो। ती सबै ठाउँहरूमा गएपछि जाडो याममा *यूईवा*को घरमा गएर केही अन्न सङ्कलन गरेँ। त्यस्तो गर्दै यताउता घुमें।

ङ्येर्पाले लाब्राङका केही सरसामानहरू पहिले विनिमयदर अति कम भएको बेलामा नै बेचिसकेका रहेछन्। पछि ह्वात्तै भाउ बढेपछि धेरै घाटा भएको थियो। त्यति बेला म सोह्र-सत्र वर्षको थिएँ। हाम्रो निवासको आर्थिक अवस्था अति नै नाजुक भएको थियो।

त्यसपछि बुबाले ठलेग रिन्पोछेलाई एउटा राम्रो पढाइ गर्ने ठाउँमा मलाई पठाई दिनुहुन अनुरोध गर्नुभएछ। ज्यु-मिफामको शिक्षण परम्परा भएको एउटा राम्रो स्येडा अर्थात् बौद्ध शिक्षण केन्द्रको स्थापना गर्न सके राम्रो हुन्थ्यो भनी ठलेग रिन्पोछेले शेछ्येन गोन्पामा सम्पर्क गर्नुभएको थियो।

शेछ्येन गोन्पाबाट जाडोयाममा शेछ्येन कोङ्टुल रिन्पोछे पाल्नुभयो। उहाँले ठङ्गु गोन्पामा *श्यीठो* (शान्त-क्रोध)को अभिषेक प्रदान गर्नुभयो। त्यसपछि ठलेग रिन्पछेलाई ज्याम्गोन मिफम रिन्पोछेको उपदेश सङ्ग्रह ग्रन्थको सबै आगम प्रदान गर्नु हुँदा म पनि सहभागी भई सम्पूर्ण आगम ग्रहण गरेँ। विशेष गरी 'प्रमाणवार्त्तिक' पुस्तकको कमी थियो होला, त्यसैले उक्त ग्रन्थ भित्र नभएपछि अन्तैबाट ल्याएर आगम प्रदान गर्नुभएको थियो।

त्यस बेला ठलेग रिन्पोछेले जसरी पनि बौद्ध शिक्षण केन्द्रको स्थापना गर्नुपर्छ भन्नुभयो। शेछ्येन कोङ्टुल गोन्पामा पाल्नुभएको बेला उहाँसँगै खेन्पो लोडो राब्सल पनि पाल्नुभएको थियो। तर खेन्पो लोडो राब्सल भने अलि बिसन्चो हुनुहुन्थ्यो। उहाँ शेछ्येन ग्याल्छब रिन्पोछेको व्यक्तिगत प्रशिक्षक पनि हुनुहुन्थ्यो। ठङ्गु गोन्पामा बौद्ध शिक्षण केन्द्रको स्थापना गर्न सके बुद्ध शासन (शिक्षा)मा ठूलो टेवा पुग्ने थियो भनी ठलेग रिन्पोछेले शेछ्येन रिन्पोछेलाई अनुरोध गर्नुभएको थियो। शेछ्येन रिन्पोछेले त्यहाँका खेन्पो लोडो राब्सललाई केही साल ठङ्गु गोन्पामा बस्नुभई स्येडा सुरु गर्नू भन्ने आज्ञा दिनु भएपछि श्येछ्येन खेन्पो गोन्पामै बस्नु भएको थियो।

बौद्ध शिक्षण केन्द्रको स्थापना पछि सर्वप्रथम साधना कक्ष भित्र 'सर्वव्यापी ज्ञेयाकोश'को सबै आगम प्रदान गर्नुभयो। त्यसपछि सबै विद्यार्थीहरूको नामावली बनाउनु भएर बौद्ध शिक्षण केन्द्रको सुरुवात गर्नुभयो।

शेछ्येन कोङ्टुल रिन्पोछे र खेन्पो लोडो राब्सल *शिम्खाङ थोई* भन्ने माथि पहाडमा अवस्थित '*कुन्‌रीग'* ध्यान केन्द्रमा पाल्नुभयो। ज्यु मिफम रिन्पोछे पहिले त्यहाँ चार-पाँच वर्ष ध्यान साधना गर्दै गुफावासमा बस्नुभएको थियो। ध्यान साधना मात्र नभई त्यहाँ बस्नु हुँदा 'पण्डितावतार' आदि नयाँ शास्त्रहरू पनि रचना गर्नुभएको थियो। ज्यु मिफम रिन्पोछेको आसन पछाडि साङ्केतिक अक्षर झैं लेखिएका श्येछ्येन कोङ्टुल रिन्पोछेले हेर्दा विशेष शुद्धभास उत्पन्न भई "अहिले ठङ्गु गोन्पामा बौद्ध शिक्षण केन्द्रको स्थापना गरेको चाहिँ धेरै राम्रो हुन्छ होला। यस शिक्षण केन्द्रले बौद्ध शासनमा धेरै लाभ हुन्छ होला" भन्नुभई सबैलाई प्रशंसा गर्नुभएको थियो।

त्यसपछि श्येछ्येन कोङ्टुल रिन्पोछे जुर्माङ् दुइची थिलमा 'उपदेशकोश'को अभिषेक प्रदान गर्नुपर्ने भएपछि आफ्नो परिचारक तथा सहयात्री मण्डलका साथ जुर्माङ् दुइची थिल पाल्नुभयो। खेन्पो लोडो राब्साल भने यतै ठङ्गु गोन्पाको शिक्षण केन्द्रमा पढाउँदै बस्नुभयो।

शिक्षण सुरु गर्नुभन्दा पहिले ठलेग रिन्पोछे, खेन्पो लोडो राब्साल र हामी विद्यार्थीहरू सबै मुख्य साधना कक्षमा भेला भयौँ। त्यहाँ खेन्पोले सिकाउने विषयहरूको जानकारी दिनुभयो। अनि एक दिन शुभ साइत हेर्नुभई खेन्पोले बोधिसत्त्वाचर्यावतारको मूल श्लोकबाटै सिकाउनु भएको थियो। त्यसै बेला 'नौ दिने महाकाल साधना' पनि सुरु भएकोले अध्ययनरत सबै विद्यार्थीहरू गणचक्र पूजामा सामेल भयौँ।

त्यसपछि लोसार सकेर बोधिसत्त्वाचर्यावतारलाई पुनः निरन्तर सिकाउनु भई सुसम्पन्न गर्नुभयो। यसरी बोधिसत्त्वाचर्यावतारको मूल श्लोकबाट नै सिकाउनु हुँदा कुनै बाधा व्यवधान विना नै सम्पन्न भएको थियो। अन्तमा, बोधिसत्त्वाचर्यावतारको पाठ सुसम्पन्न भएपछि हामीले गुरुलाई कृतज्ञता ज्ञापन स्वरूप गणचक्रको आयोजना गर्‍यौँ।

अनि अभिधर्मकोष भने मिफामको टिप्पणी सहितको व्याख्याबाट सिकाउनु भएको थियो। वास्तवमा, त्यति खेर पुस्तकको अति नै अभाव थियो। तर पनि ठलेग रिन्पोछेले देगे गोन्छ्येनबाट तत्काल पुस्तकहरू मगाउनु भएको थियो। देगेबाट उपलब्ध भएको ६-७ बन्डल पुस्तकहरु स्येडामा अध्ययनरत हामीहरू सबैलाई बाँड्नु भएको थियो।

त्यसभित्र अभिधर्मकोष पुस्तकको पाना त्यति राम्रो थिएन तर हामीहरू सबैलाई पुग्ने भएकोले खेन्पोले अभिधर्मकोष सिकाउनु भएको थियो। पहिलो

पटक अभिधर्मकोष सिकाउँदा, त्यस भित्रका वैभाषिका सिद्धान्तको धार्मिक शब्दहरू अध्ययनरत धेरैले,

"पहिले कहिल्यै नसुनेको नयाँ कुरा रहेछ" भन्दै थिए।

यसरी अभिधर्मकोषको पहिलो कोशस्थान (अध्याय) धातुनिर्देश सिकाउनु भएको थियो तर त्यस बेला विस्तृतमा नसिकाउनु भएकोले "खासै फाइदा होला जस्तो लागेन" भन्नुभई उहाँले पहिलो अध्याय पुनः सिकाएर परीक्षा पनि लिनुभएको थियो।

परीक्षाका क्रममा सबैजनालाई एक-एक गरी, "यो के हो ? यसको कति ओटा प्रकार छन् ? यसको परिभाषा के हो ?" भनी प्रश्न सोध्नु भएको थियो।

त्यतिबेला कक्षाका अरु साथीहरूलाई गाह्रो भएको थियो तर मलाई भने त्रिरत्नको कृपाले होला सजिलै बुझ्नसकेको जस्तो भान भएको थियो। त्यसैले अभिधर्म विषय त्यति गाह्रो लागेन। वर्गहरू पनि सबै राम्ररी कण्ठ भएको थियो।

यसरी अभिधर्मकोषको पहिलो र दोस्रो अध्याय सम्पन्न भयो। त्यसपछि तेस्रो कोशस्थान 'लोकनिर्देश' र चौथो कोशस्थान 'कर्मनिर्देश' वर्षाबासको बेला सिकाउँदा उत्तम होला भन्नुभई वसन्त याममा पाँचौँ कोशस्थान 'अनुशय' र छैटौँ कोशस्थान 'मार्गपुद्‌गल निर्देश' देखि क्रमश: सिकाउनु भई ठङ्गु दीर्घायु महासाधना सुरु हुनेसम्म अभिधर्मकोषको आठौँ कोशस्थान सिकाउनु भएर "बाँकी पछि सिकाउँछु" भन्नुभयो।

त्यसपछि ठङ्गु छेडुब (अमितायुष दीर्घायु साधना) गर्‍यौँ। वर्षाबास सुरु भएपछि तेस्रो कोशस्थान 'लोक निर्देश' र चौथो कोशस्थान दुवै सिकाउनु भई वर्षाबास सक्ने बेलामा अभिधर्मकोषको अध्यापन पनि सिध्याउनु भएको थियो।

त्यसै गरी वर्षाबासको बेला केही शिष्यहरूलाई प्रज्ञापारमिताको व्याख्या 'केतक' बाट बोधिसत्त्वाचर्यावतारको नवौँ परिच्छेद 'प्रज्ञा' सिकाउनु भएको थियो। त्यस बेला म पनि सँगै बसेर सिकेको थिएँ। वास्तवमा, बोधिसत्त्वाचर्यावतारको नवौँ परिच्छेद 'प्रज्ञा' बुझ्न धेरै गाह्रो छ। बोधिसत्त्वाचर्यावतारको अध्ययनका क्रममा सुरु सुरुमा खासै बुझ्न गाह्रो भएको थिएन तर छैटौँ परिच्छेद 'क्षान्तिपारमिता'मा

*'जतिको मतमा प्रधान, जसमा आत्माको जे नामकरण गरिन्छ॥'* भन्ने श्लोकको सार बुझ्नै सकिनँ।

त्यसै गरी नवौँ परिच्छेद 'प्रज्ञापारमिता' भित्र धेरै गाह्रो छ भन्नु भएकोले सिद्धान्तको महत्वपूर्ण बिन्दुहरू स्पष्ट बुझ्न सकिएन।

मैले पहिले नै अभिधर्मकोष पढिसकेको हुनाले श्रावक वैभाषिका दर्शन धेरै राम्रो छ जस्तो लाग्छ। पुद्गल नैरात्म्य साँचो हो। ग्राह्य अनंश परमाणु र अवबोध अनंश क्षण दुई परमार्थमा छ होला जस्तो अनुभूति भयो। बोधिसत्त्वाचर्यावतारको प्रज्ञापारमिता परिच्छेदमा माध्यमक तर्कहरू दर्शाउनु हुँदा,

"ओ हो ! ती दुई वास्तवमा त छैन रहेछ। शून्यता पो रहेछ।" भन्ने बोध भएको जस्तो भएर धेरै खुसी भएको थिएँ।

त्यस बेला, पुस्तक पढे बुझिन्छ होला, पुस्तक पढ्नै पर्ने रहेछ भन्ने मेरो मनमा एक प्रकारको सोच आएकोले पुस्तकप्रति अधिमोक्ष तथा श्रद्धा जाग्यो। तर आफू धेरै अल्छी भएको र प्रज्ञा पनि नभएको कारण प्रगति भने त्यति हुन सकेन।

त्यसपछि वर्षावास समाप्त भएलगत्तै लाब्राङले चढावा सङ्कलन गर्न जानुपर्छ भनेपछि म त्यसको लागि गएँ। यसबेला भने पहिले भन्दा राम्रो भएको थियो।

वोरोग देपाको *च्यीरिम* पूजा गर्नुपर्छ भनेकोले उक्त पूजा गरें। अलि माथि गाउँको भित्री बस्तीमा एउटा परिवारमा एकजना सदस्य बिरामी भएको रहेछ। उनलाई अभिषेक प्रदान गर्नुपर्‍यो भनेकोले हामी त्यहाँ जान उनीहरूले सबै बन्दोबस्त मिलाइसकेका रहेछन्। जाँदा जाँदै बाटोमा मेरो शिक्षकले,

"रोग खतरनाक छ होला त्यसैले तपाईंले वज्रपाणिको मन्त्र वाचन गर्नु है।" भन्नुभएको थियो।

अनि हामी त्यहाँ पुग्दा रोग अति नै डरलाग्दो थियो। त्यहाँ तीन जनालाई उक्त सरुवा रोग लागिसकेको थियो। हामीसँगै दुईजना वरिष्ठ लामाहरू थिए। ती दुवै तर्सेर गाह्रो हुन्छ होला भन्दै थिए। अनि हामीले अभिषेक प्रदान गर्‍यौं। एक-दुई जनाको मृत्यु भयो। पछि फेरि अरु पनि विमार भई नौ जनाको मृत्यु भयो। त्यस बेला माहोल धेरै त्रसित भएको थियो। हामी अलि माथितिर सर्‍यौं। त्यहाँ एउटै लाब्राङ्को हो भनी लामाहरू आउनु भएर,

"अब के गर्दा राम्रो होला !" भन्नुभयो।

त्यहाँको परिस्थिति धेरै गम्भीर भएको थियो। तर हाम्रो ठङ्बु गोन्पामा अनुभूति उत्पाद तथा बोध भएको एकजना शक्तिशाली वरिष्ठ लामा *शाक्या* भन्ने हुनुहुन्थ्यो। उहाँलाई आमन्त्रण गर्दा उहाँले सपना जाँच्नु भई,

"एक गरी जान सकिन्छ, एक गरी सकिँदैन होला।" भन्नुभएछ।

तर पछि उहाँ आउनुभएर *च्योइ* साधना गर्नुभयो। च्योइ साधना सकेर फर्किंदा त्यहाँका रोग निवारण भई धेरै राम्रो भएको थियो। त्यसैले गाउँबासीहरूमा उक्त वरिष्ठ लामा शाक्याप्रति ठूलो आस्था जाग्यो। मलाई पनि यस्ता विशेष अधिष्ठान भएको कुरामा विश्वास लाग्यो। त्यस बेला वरिष्ठ लामाले *च्योइ* साधना

गर्दै गर्दा एउटा नीलो रङ्गको र अर्को रातो रङ्गको दुई ओटा स्याल बाहिर निस्केर गए भनेर केही मान्छेले अलि बढाइ चढाइ गरेर भन्दै थिए। जे भए पनि उहाँको करुणा र अधिष्ठानले गर्दा हामीलाई भने केही खतरा भएन।

त्यहाँबाट फर्केर फेरि पहिले झैं स्येडामा पढ्न बसैं। त्यस वर्ष माध्यमिकलंकार र माध्यमकावतार सिकाउनु भयो। खेन रिन्पोछे वास्तवमा अनुभूति उत्पाद तथा बोध भएको गुरु हुनुभएकोले उहाँले भन्नुभएअनुसार विशेष गरी माध्यमिक सिद्धान्त सिकाउने बेला माध्यमिकको बोध हुनुपर्ने, माध्यमिक सिद्धान्त युगनद्ध संयोजन सुस्थित नभएका माध्यमिकको अर्थहरू सबै राम्ररी बुझेको हुनुपर्ने, आभासित वा शून्यता कुनैको पक्षमा पतित हुन नहुने आदि महत्वपूर्ण छ भन्नु हुन्थ्यो। त्यो पनि माध्यमिकलंकारमा भन्नु भएअनुसार मध्यम परमार्थमा पर्याय र निष्पर्याय दुई परमार्थ भएका राम्ररी वर्गीकरण गर्न सक्ने हुनुपर्ने, र उक्त ग्रन्थहरूको मूल सार के हो भने माध्यमिक सिद्धान्तमा रही व्याख्या गर्नुपर्छ भन्नुभई गम्भीर उपदेश दिनुहुन्थ्यो।

त्यसको पछिल्लो साल बिनाङ्मा गएको थिएँ। सामान्यतया, हरेक वर्ष म त्यहाँ बाधा व्यवधान निवारण पूजापाठको लागि जान्थैं। बिनाङ्मा वैरोचना बुद्धको एउटा मन्दिर थियो। त्यहाँ पुग्दा बिनाङ्को उक्त मन्दिरमा बिनाङ् बासीले आफूसँग रहेका फलिफापका प्रतीक कलशहरू आदि ल्याएर त्यस मन्दिरमा जम्मा गरेर त्यहाँ *याङ्क्याब* साधना गऱ्यौं। त्यसपछि माथि गयौं।

त्यसवर्ष जुरी टुल्कु र हामी गुरु शिष्यसँगै गयौं। *ठाबी दिल* भन्ने ठाउँमा एउटा सानो पहाड रहेछ। त्यहाँ *छाल्री मार्याग* नामक भूमिपति रहेको स्थानमा हामीले धूप पूजा गऱ्यौं। त्यस बेला स्थानीय देवीदेवताहरूको नाम समावेश भएको धूप पूजा *साङ्छ्योइ दुईची टिन्फुङ* गरेका थियौं। उनीहरूले भने घोडा दौड

प्रतियोगिता गरे। हामीले डादोग पूजा पनि गऱ्यौँ। त्यसपछि रितोई, सेखार तोई, रिखार तोई जस्ता विभिन्न भूमिपति पूजा गर्यौं। त्यसपछि स्थानीयलाई अभिषेक प्रदान गर्नुभयो।

त्यसपछि हामी ठङ्गु परिवारको विशेष स्थानीय भूमिदेव भनिएको *आम्ये बिमोग* भन्ने एउटा भूमिपति रहेको स्थानमा गएर धूप पूजा गऱ्यौँ र मनोरञ्जन पनि गरेका थियौँ। उक्त ठाउँ धेरै सफा थियो। त्यसैले हामी केही दिन त्यहाँ बसेका थियौँ। त्यस बेला ङ्येर्पा लोछ्योईले भनेअनुसार उनी गएको वर्ष त्यस स्थानमा जाँदा एउटा फरक सपना देखेको र विशेष आभास भएको बताए। त्यसैले उसले आम्ये बिमोगलाई राम्ररी पुज्नु पऱ्यो भनेपछि कलशहरू निधि स्वरूप गाड्यौँ। त्यहाँ भूमि संरक्षक कलश, धन कलश र नाग कलशहरू पानीको मुहान छेउमै गाड्यौँ। यसले त्यहाँका स्थानीय बासिन्दाहरूलाई धेरै लाभ भयो भन्दै थियो। त्यसपछि हामीले धूप पूजा गरी ध्वजाहरू जति सक्दो धेरै टाँग्यौँ।

त्यस वर्ष अर्को ठाउँमा नगई स्येडा मै पढेर बसेँ। सोही साल खेन रिन्पोछेले महायान सूत्रालङ्कार, माध्यान्तविभाग र धर्मताविभाग गरी तीन विषयहरू सिकाउनु भएको थियो। ती ग्रन्थहरूसँग धार्मिक सम्बन्ध राख्ने सौभाग्य प्राप्त भयो। त्यसमध्ये महायान सूत्रालङ्कार अति विशाल भएकोले पूर्ण रूपले बुझ्न सकिनँ। तर पनि त्यस बेला खेन रिन्पोछे स्वयम्ले तेन्ग्युर (शास्त्र अनुवाद)भित्र फरक व्याख्याहरू छुट्टै निकालेर आफैँले अलि हेर्नुभई हामी शिष्यहरूलाई पनि हेर्न लगाउनु भएको थियो। "यसभित्र यसरी प्रष्ट्याइएको रहेछ" भनी हामीले उहाँलाई देखाउने गर्थ्यौं।

त्यसमध्ये आचार्य स्थिरमती विरचित 'महायान सूत्रालङ्कार'को व्याख्यित शास्त्र अति स्पष्ट र सरल रहेछ। भविष्यमा महायान सूत्रालङ्कारको व्याख्या

पढ्नु परेमा आचार्य स्थिरमतीद्वारा व्याख्यित शास्त्र छ भने जो कसैले पनि नबुझ्ने हुँदैन होला जस्तो लाग्यो।

मैले श्रवण तथा चिन्तन गरेको बारे छोटो जीवनी टेप रेकर्डरमा पहिले रेकर्ड गरेको थिएँ। उक्त अडियोबाट तिब्बतको *गातोए* स्थित ठङ्गु टाशी छ्योलिङ् गोन्पाको खेन्पो ठिन्ले पाल्शाङ्ले लिपिबद्ध गरेकोमा म ठङ्गु टुल्कु, उहाँलाई धन्यवाद प्रकट गर्दछु। सन् २०२२ साल (बाघ वर्षको नवौँ महिना ८ गते) पवित्र तीर्थस्थल नमोबुद्धमा लेखिएको। शुभम्।

(नोटः भोट भाषामा रहेको 'परम पूजनीय नवौँ ठङ्गु रिन्पोछेको बाह्र वर्षदेखि एक्काइस् वर्षसम्मको आत्मजीवनी' भन्ने अध्याय पवित्र तीर्थस्थल नमोबुद्ध स्थित ठङ्गु टाशी याङ्चे गोन्पामा, क्याब्ज्ये योङ्गिन खेन्छेन ठङ्गु रिन्पोछे एकानब्बे वर्षको हुँदा सन् २०२३ साल एप्रिल महिनाको ६ तारिख बिहीबारको दिन गुरु स्वयम्ले आगम प्रदान गर्नुभयो।)

# परम पूजनीय नवौँ क्याब्ज्ये खेन्छेन ठङ्गु रिन्पोछेज्यूको छयालीस वर्षसम्मको आत्मजीवनी

(सन् १९३३-१९७८)

*सर्व ज्ञानको ज्ञाता, करूणामय र,*
*अद्‌भुत तथा उत्कृष्ट कर्मको शक्तिले,*
*हामीलाई सांसारिक दलदलबाट जोगाउने,*
*श्रीमान् गुरुहरूलाई वन्दना गर्दछु ॥*

*दोष र गुण दुवै मिश्रित यो जिन्दगीबाट,*
*क्लेशको दोष पक्षहरू सबै नसमेटेर,*
*गुणको पक्षहरू जे जति याद आयो,*
*प्रिय मित्रहरूको आज्ञाले म लेख्दैछु ॥*

परम पावन सातौँ ग्याल्वङ् कर्मपा छ्योडाग ग्याछोले समग्र प्राणीको हित र विशेष गरी बुद्ध शासन दीर्घकालसम्म रहन क्योब्पा ज्यिग्तेन सुम्गोनको जन्मस्थल *चिङुर* भन्ने ठाउँमा ठङ्गु टासी छ्योखोर लिङ् गुम्बाको स्थापना गर्नुभएको थियो। त्यसपछि उहाँले ठङ्गु टुल्कु शेराब् तेन्पी ग्याल्छेनलाई बुद्ध शासन(शिक्षा) को प्रचारकको रूपमा नियुक्त गर्नुभएको थियो। ठङ्गु अवतारमालाको आठौँसम्म आइपुग्दा उहाँहरू सबैले त्रिचक्र (श्रवणचक्र, ध्यानचक्र र कर्मचक्र) मार्फत बुद्ध धर्म फैलाउनु भयो।

उक्त गोन्पामा बौद्ध धर्म ध्यान तथा शिक्षण केन्द्र विशाल नभए तापनि अरुसँग तुलना गर्न सक्ने जति रहेको छ भने त्यहाँबाट धेरै विद्वान र महासाधकहरूको पनि जन्म भएको छ। ठङ्ग टुल्कुको नवौं अवतार भनिएको म आर्य गुरुहरूको ज्ञानको प्रतिबिम्ब कहाँ हुँ र। तर पनि पूर्वजहरूको अधिष्ठान र विशेष गरी शरणनाथ परम पावन १६ औं ग्याल्वङ् कर्मपा राङ्ज्युङ् रिग्पे दोर्जेज्यूको कौशल उपाय स्वरूप टुल्कु प्रमाणीकरण गर्नुभएको र शरणनाथज्यूको करुणामय अधिष्ठानले गर्दा मैले सद्धर्मको अध्ययन, ध्यान र साधनाबाट बुद्ध शासनलाई थोरै टेवा पुऱ्याउने सौभाग्य प्राप्त गरेँ।

**१) मेरो जन्म स्थान बारे**

म जन्मेको ठाउँ जुन स्वर्ण नदी अर्थात् याङ्चे नदी र मेकोङ् नदीको बीचमा रहेको छ। यस ठाउँलाई धेरै महापुरुषहरूले चरण स्पर्श गरेर अधिष्ठित गराएका छन्। याक, नदी र सद्धर्मले समृद्ध भनेर चिनिने यस ठाउँमा तिब्बती बौद्ध धर्मको चारै सम्प्रदायको गुम्बा तथा ध्यान केन्द्र आदि रहेका छन्। पूर्व जन्मको सत्कर्मको फलले गर्दा यस पवित्र भूमिमा जन्मेर सद्धर्मको अभ्यास गर्ने सुवर्ण अवसर प्राप्त भएको मान्दछु।

मेरो जन्मस्थान नजिक *ज्यामेको देगु* भन्ने ठाउँमा एउटा काग्युको गोन्पा रहेको छ। त्यहाँ धेरै महापुरुषहरूको आगमन भएको स्पष्ट इतिहास छ। तर उक्त गोन्पा कसले स्थापना गरेको र कहिले विनाश भएको कुरा मैले देख्न र सुन्न पाइनँ। तर गोन्पाको भग्नावशेष अहिले पनि छ। गोन्पा खाली हुँदै जाँदा त्यहाँको ध्यान केन्द्र भने विकास हुँदै गएको र अहिले दाम्कार गोन्पा हुन पुग्यो। यस गुम्बाको प्रमुख गुरु दुल्मो छ्योज्ये र उहाँका अवतारहरूले क्रमशः व्यवस्थापना गर्दै आइरहेका छन्। त्यहाँ अछ्यि छ्योक्यी डोन्मा धर्मपाल नियुक्त गरी उनको विस्तृत धार्मिक

नृत्य गर्ने प्रचलन शुरु गरियो। उक्त गोन्पामा नरोयोग र रत्नसमुच्चयको ध्यान केन्द्र रहेको छ।

मेरो गाउँको पश्चिमपट्टि साक्या दाग्छ्येन ग्यागार शेराब ग्याल्छेनले स्थापना गर्नुभएको क्येगु गोन्पा भनेर चिनिने एउटा गोन्पा छ। दाग्छ्येनले गुम्बा स्थापना गर्ने परिकल्पनाका साथ मञ्जुश्री नामसङ्गीति पाठ पढ्दै आउनु हुँदा अहिले गुम्बा भएको स्थानमा पुग्दा *सिद्धार्थः सिद्ध संकल्प॥* अर्थात् अर्थ सिद्धभई, सबै संकल्प सिद्धभएको, भन्ने पङ्क्तिमा पुगेको थियो। त्यसलाई अति शुभ लक्षण मानेर गुम्बाको नाम पनि दोन्डुप लिङ् (सिद्धार्थद्वीप) राखे। एउटा कहानी भन्नुपर्दा, त्यतिबेला डाहु कुलका एकजना लामा, एकजना नेता र उनकी बहिनी गरी तीन योगी थिए। ती तीन जना बीच ध्यान शक्ति प्रदर्शन प्रतियोगिता गर्दा लामा पराजित भएको हास्यास्पद कहानी रहेछ।

पछि ङोर खेन्छेन पाल्देन छ्योक्योङ् आउनु भई साम्डुब ग्याछो भन्ने गोन्पा स्थापना गरे। हे वज्र, चक्रसंवर लुहि र वज्रपञ्जर आदि ङोर परम्परानुसार मण्डलहरूका सिद्ध पूजाको सुरुवात गर्नुभएको थियो। ङोर परम्पराका यस गोन्पामा हरेक वर्ष नवप्रवेशीहरु आएर 'मार्गफल' प्रवचन सुन्ने र भिक्षु संवर ग्रहण गर्दा रहेछन्।

त्यस बेला बीस वर्ष नपुग्दा पनि पूर्ण भिक्षु शील ग्रहण गर्न मिल्ने रहेछ। लामाहरू त्यहाँ पुगेर वज्रपाणि आदिको साधना गर्नुपर्ने र त्यसपछि मात्र दैनिक 'भूतडामर' पाठ गर्नुपर्ने जस्ता कुशल परम्परा रहेछ। अनि विस्तारै खेन्पो शेन्गा रिन्पोछे विरचित तेह्र महाग्रन्थको पठन पाठन गरिने रहेछ। त्यहाँ ५० जना जति उच्च बौद्ध शिक्षाको अध्ययन गरिरहेका थिए भने दुई खेन्पोहरू सधैँ उपस्थित हुने रहेछन्। मेरो बुबाको आफन्त पर्ने खेन ङाग्गा भन्ने एउटा वृद्ध खेन्पो जो एकदम

शान्त स्वभाव, विद्वान र कुशल आचरणका हुनुहुन्थ्यो। उहाँलाई गाउँले सबैले श्रद्धा गर्दथे भने उक्त गुम्बाका लामा सबैको आशा र भरपर्ने व्यक्ति पनि उहाँ नै हुनुहुन्थ्यो। मेरो अध्ययनको क्रममा उहाँले मलाई उपहार स्वरूप धेरै पुस्तकहरू दिनुभएको थियो।

गुम्बामा र्‌वा परम्परानुसार वज्र भैरवको विस्तृत सिद्धपूजा तथा साधना, साठी तोरदोक्, तेह्र भैरव देवको धार्मिक नृत्य आदि गरिन्छ। त्यस बेला गाउँका मानिसहरूले सांस्कृतिक भेषभूषा र फिरोजा रत्नको गहना, हार, बहुमूल्य श्रृङ्गार र पहिरन सहित कम्मरमा तरवार भिरेर जान्छन्। केहीले तीर तथा एक नाले बन्दुक पनि बोकेर जान्छन्। गोन्पामा र्‌वा लोचवा दोर्जे डाग्पाको परम्परानुसार अति शक्तिशाली होम गर्ने चलन पनि छ।

त्यहाँबाट नजिकै अछ्यी छ्योक्यी डोन्मा खेचरीमा प्रस्थान हुनुभएको स्थल *देन* भन्ने ठाउँको गहिरो गुफामा स्वयम् प्रकट भएको एक्काइस ताराको मधुरो आकृतिहरू रहेका छन्। गाउँलेहरूको माझ *तारा गुफा* भनेर चिनिने उक्त गुफा पहिले डिगुङ् कग्युको ठूलो गोन्पा रहेको तर पछि मङ्गोल सैनिकले आक्रमण गरी ध्वस्त भएको थियो। यस ठाउँमा क्योब्पाको ध्यान गुफा, आमे डाग्छ्याङ छुल्ठिम ग्याछोको ध्यान गुफा आदि विशेष र अधिष्ठित गुफाहरू रहेका छन्। त्यसबेला त्यहाँ आकाशबाट दीर्घायु सिद्धि औषधी प्राप्त गर्न सक्ने निधिपति अठि होइसल दोर्जे भन्ने विशेष गुरु हुनुहुन्थ्यो। उहाँ सम्प्रदायले डिगुङ् कग्यु भएकोले उहाँमा डिगुङ् कग्युको गोन्पा बनाउने सोच थियो। तर यसै बीच राजनीतिक परिवर्तन भइरहेकोले देगेको ज्यागोय् र डाहु युद्ध हुँदा निधिपतिलाई ज्यागोय्सँग गुरु-दाताको सम्बन्ध छ भनेर आरोप लगाई केही महिना जेलमा थुनिएको थियो। त्यही कारणले पनि उहाँको काममा ठूलो अवरोध पुग्न गयो।

त्यसकै नजिक *बुम्गागमा* चिनियाँ बेहुली कोङ्जो तिब्बत आउने बेलामा दैवी शक्तिबाट बनाउनु भएको वैरोचन बुद्धलाई अष्ट हृदय पुत्रहरूले परिक्रमा गरिरहेको कुरा सूचीसहित खोपिएका छन्। यसै बीच उक्त तीर्थ बेवास्ता गरिएको जस्तो भएको बेला एक दिन एउटा शिकारीले आफ्नो शिकार गुमाएको रिसको झोकले वैरोचन बुद्धको मूर्तिको नाकमा बन्चरोले हाने जसले गर्दा उक्त मूर्तिमा क्षति पुगेको कहानी छ।

तर धेरैपछि ठङ्गु गोन्पाले रेखदेख गर्न थालेर एउटा सानो मन्दिर स्थापना गरी कोङ्येर अर्थात् हेरचाह गर्ने व्यक्ति पनि राख्नुभयो। उक्त ठाउँ खोला नजिक भएको कारण बढी सिमसार भएकोले मन्दिरमा क्षति पुगेको थियो। पछि फेरि आठौँ ठलेग रिन्पोछेको नेतृत्वमा गोन्पा र त्यहाँको स्थानीय बासिन्दा एकजुट भएर मन्दिर विस्तार र रङ्गरोगन गर्नुभएको थियो। मूर्तिको अनुहारमा सुनको जलप लगाएकोले धेरै शानदार र सुन्दर देखिएको थियो भने विशेष गरी पुनर्निमाणको क्रममा निधारबाट पञ्चरङ्गी इन्द्रेणी उत्पन्न भएको जस्तो अद्भुत घटना घटेको थियो। प्राण प्रतिष्ठा तथा उद्घाटनमा ठलेग रिन्पोछे र जुरी टुल्कु दुवै पाल्नु भई चक्रसंवरको पूजा गरी भव्यरूपमा उद्घाटन सम्पन्न गरियो। अन्त्यमा, महाकरुणा गुह्यसमाजको साधनाद्वारा हजार बुद्धको अभिषेक प्रदान गर्नुभएको थियो। उक्त ठाउँ बिकट र एकान्त भएता पनि त्यस बेला भने धेरै अनुयायीहरूको उपस्थिति थियो।

त्यहाँबाट अलि नजिक कग्यु गोन्पा ‘भेन्छेन गोन्पा’ रहेको छ जुन महासिद्ध साङ्गे ङ्येन्पा अवतार मालाको गोन्पा हो। पहिले साङ्गे ङ्येन्पाको केही अवतारहरू जुर्माङ्को दुईचीदिल गोन्पामा बस्नु भएकोले त्यहाँ *ङ्येन्पी खार्ङ्नेन* भन्ने दरवार पनि थियो। त्यस बेला दुईचीदिल र ङ्येन्डुङ् दुई भनेर पनि

चिनिन्थ्यो। तर पछि छुट्टै भेन्छेन गोन्पा बनाउनु भएर त्यहीँ बस्न थाल्नुभएको थियो। त्यहाँ साधारणतया कग्युको परम्परानुसार पूजापाठ, मिन्लीङ् परम्परानुसार वज्रसत्व र कर्म काम्छङ् परम्परानुसार जिनसागर महासाधना गरिन्छ।

विशेष गरी भोट पात्रोको १० महिनाको १० गतेका दिन महानिधिपति गुरु छ्योवाङ्को छेच्यु महासाधना र धार्मिक नृत्यसहित भव्य रूपमा मनाउने परम्परा असाध्यै प्रसिद्ध रहेको छ। ज्याम्गोन कोङ्टुल योन्तेन ग्याछोको अनुयायी डोङ्पा टुल्कु तेन्जिन पाल्नुभई उहाँले स्थापना गर्नुभएको कुन्रीग, नरोयोग, निगुयोग, जिन-सागर गरी चार ध्यान केन्द्रहरू रहेका छन्। त्यसै गरी कुन्रीग ध्यान केन्द्रमा ङोन्डो श्यीज्योर अर्थात् पूर्वयोग साधना गरी कुन्रीग मन्त्र सबै जपेर सकाएपछि मात्र एक साल नरोयोग, एक साल वज्र वाराही, एक साल निगुमा चक्रसंवर, एक साल जिनसागर गरी एक-एक वर्षमा गर्न सकिने नयाँ कुशल र प्रभावकारी परम्परा सुरु गर्नुभएको चार ध्यान केन्द्रहरू रहेका छन्।

साथै रग् स्युल लुङ्स्यी गोन्पा, बम्बु गोन्पा, र्वा ङ्याग गोन्पा, लाब् गोन्पा, गाग्ला गोन्पा आदि गेलुगको साना ठूला गोन्पाहरू छन्। दाग्र्ये गोन्पा, सेब्फु गोन्पा, दागोन्पा, ठरीग ठिदु काल्शाङ्, थाग्लुङ, दोगोन, रिन्छेन लिङ् आदि साक्या गोन्पाहरू छन्। आयाङ् गोन्पा, डुब्ग्युई गोन्पा, ड्यीजोङ् गोन्पा आदि डिगुङ् गोन्पा, गा देवालय आदि डुग्पा कग्यु रहेका छन्। दुचीदिल, लावो, श्येजोङ्, नाशाङ्, ल्हाचे, गार्श्युङ आदि कर्म कम्छाङ् गोन्पाहरू छन्। लुङ्स्यी, डुग्पा, नेछ्येन आदि भिक्षुणी समुदाय, पाल्ख्यीम, देता आदि तान्त्रिक गोन्पाहरूमा आ-आफ्नो धर्म परम्परानुसार मिल्ने शिक्षण, अभ्यास र परहितको कार्य भइरहेका छन्।

तर किन हो किन, ड्यीङ्मा परम्परा र बोन् परम्परा भने त्यहाँ सुरु भएको नै रहेनछ। विशेष कारण भने थाहा भएन।

ग्याल्वङ कर्मपा ज्याङ्छ्युब दोर्जेको पालामा ग्यानाग तोग्देन ज्याङ्छ्युब फाग् याङ् पाल्नुभई ग्यानाग मणि बनाउनु भएको र त्यहाँ तोग्देन स्वयम्को निवासमा दोङ्ना कुलको ध्यान केन्द्र पनि रहेको छ। त्यहाँ स्वयम् प्रकट भएको मणि र चमत्कारी शक्तिले मणि खोपेको पत्थरी ढिस्को पनि रहेको छ।

ग्यानाग तोग्देन कग्यु सम्प्रदायको हुनुभएकोले उहाँले कग्युमै अवतार लिनु हुन्छ होला सोच्नु भएको थियो। तर शुभ लक्षण स्वरूप उहाँको अवतार साक्या सम्प्रदायमा हुन पुग्यो। उहाँले चीनबाट ल्याउनु भएको विशेष झ्याम्टा उहाँले ठङ्गु गोन्पामा चढाउनु भएको थियो जुन ‘रोल्मो ग्यानाग’ (चिनियाँ झ्याम्टा) भनेर प्रसिद्ध छ।

*ग्याम् ग्याल दोती गाङ्कर* भन्ने तीर्थस्थलको बारेमा भन्नु पर्दा उक्त पर्वत परिक्रमा गर्न सहज बनाउनका लागि निधिपति छ्योग्युर लिङ्पाले खोल्नु भएको अद्‌भुत बाटो रहेको छ। वरिपरि खान्डो छो, होछो, ग्याम्छोनाग भन्ने विभिन्न रङ्गका तालहरू रहेका छन्। उक्त प्राकृतिक तातो पानीमा स्नान गर्दा विभिन्न रोग निको हुने गरेको छ। पछि नवौं पेन्छेन छ्योइक्यी ङ्यिमा त्यहाँ आउनु भई नयाँ तातो पानीको कुवा स्थापना गर्नुभएको थियो। त्यहाँ सिन्दूर, नीलो र रातो (कलेजी)को स्रोत पनि रहेको छ।

स्थानीय बासिन्दाहरू साधारणतया धर्ममा ठूलो श्रद्धा भएका र कुनै पनि सम्प्रदायको पक्षपात नगरी आस्थाले दान दक्षिणा चढाउँछन्। डोग्पा समुदायका मानिसहरू याक, चौंरी जस्ता पशु पालन गरेर गुजारा चलाउँछन्। उनीहरू ऊन, घिउ, छुर्पी जम्मा पारेर पछि शरद ॠतुमा बालीसँग साटेर जीवन गुजारा गर्दछन्। कहिले काहीं चोर र स्यालले धेरै दुःख दिने भएकोले चनाखो र ऊर्जावान् केही कुकुरहरू पनि पाल्छन्।

गर्मीयाममा पाल टाँगी रमाइलोका साथ बस्छन् भने वरिष्ठ गुरु तथा लामाहरू पाल्ने बेलामा स्वागत गरी आ-आफ्नो ठाउँको भूमिदेवलाई धूप पूजा गर्ने गर्छन्। त्यस बेला गाउँका किशोर किशोरीहरू राम्रो लुगा र गहनाले सजिसजाउका साथ लामा गुरुहरूलाई ऊन, घिउ, छुर्पी आदि चढाउने गर्छन्। घोडा दौड प्रतियोगिता, विभिन्न घोडचढी सम्बन्धी खेलहरू खेल्छन्। घोडचढीहरूले धूप बाल्ने ठाउँको परिक्रमा गरी 'ल्हाग्यल र क्योसो' भन्ने चलन छ।

## २) जन्म, प्रमाणीकरण र गद्दी आरोहण

ग्यानाग मणि नजिकैको *सेङ्शे* गाउँ जुन महासिद्ध ङ्याग्रे सेवोको ध्यान गुफा तीर्थस्थल *राहुनाङ्* रहेको छ। त्यहाँ रहेको फु र दा दुई गाउँ मध्ये *रालुङ्दा* भन्ने गाउँको ङ्येन्श्येछाङ् परिवारमा, सन् १९३३ नोभेम्बर २६ तारिख तदनुसार भोट पात्रो: जल-चरा वर्षको १० महिनाको १० गतेका दिन मेरो जन्म भएको थियो। ग्यानाग तोग्देन ज्याङ्छ्युब फाग् याङ्ले ग्यानाग मणि बनाउन र ल्हाजोङ्बाट ढुङ्गा ओसार्ने बेला ङ्येन्श्येछाङ् परिवारले आर्थिक सहयोग गर्नुभएको कुरा तोग्देनले आफ्नो जीवनीमा स्पष्ट लेखेका छन्। सोही परिवारमा मेरो जन्म भएको थियो।

केही वर्षपछि परम पावन १६ औँ ग्याल्वङ् कर्मपा राङ्ज्युङ रिग्पे दोर्जेले आवरण मुक्त ज्ञानले भविष्यवाणी गर्नु हुँदा पिताको नाम ज्याम्याङ् दोन्डुब र आमाको नाम वाङ्मो, घरको ढोका पूर्वपट्टि रहेको, रातो कुकुर पालेको, चरा वर्षमा जन्मेको बालकलाई पहिचान गर्नु भन्नुभएको रहेछ।

ग्याल्वङ् कर्मपा रिग्पे दोर्जे सानै भएकोले घोडा चढेर कतै जान लाग्दा ठलेग रिन्पोछेले फेरि सोध्नु हुँदा उहाँले घोडा माथिबाटै भन्नुभयो,

"ठूलो मणिबाट अलि देख्ला नदेख्ला जस्तो नजिकैको ठाउँमा छ।"

कर्मपाले यस्तो अद्‌भुत तवरले भविष्यवाणी गर्नुभएको कुरा वरिष्ठ लामाहरूले सुनाउनु हुन्थ्यो। उहाँले दीर्घायु, सत्य वचन चित्त प्रणिधान गर्नुभएको श्लोक,

*बुद्ध शासनको विभूति, कर्म लोडो,*
*धर्म र श्रीभद्र गुण आकाश समान फैलाएर,*
*चरण-कमल सदा स्थिर रही अध्ययन, साधना,*
*कर्म दिग्विजय भई ज्वलन्त रहिरहोस् ॥*

यसरी शुभ मङ्गलमय स्वरूप दीर्घायु प्रणिधान गर्नुभएको थियो। त्यति मात्र नभई ताई सितु पेमा वाङ्छ्योग ग्याल्पोको पहिचान पत्र पनि ग्याल्वाङ कर्मपासँग ठ्याक्कै मिलेको थियो। यसरी आठौँ ठङ्गु टुल्कु कर्म तेन्जिन ठिन्ले राब्येको अवतार हो भनी निधो भएको थियो।

यसै बीच एउटा याकले हानेर मेरो गालामा ठूलो चोट लागेको थियो। अहिले पनि गालामा त्यसको दाग छ। तर पनि त्रिरत्नको करुणामय कृपाले ज्यानै जाने भने भएन।

सन् १९३६ सालमा पहिलेको परम्परानुसार जुरी टुल्कु कर्म दोङाग छ्योक्यी सेङ्गे मेरो घरमा पाल्नुभएर पूजापाठ गर्नुभयो। अनि ग्याल्वङ् कर्मपा र सितु रिन्पोछेले पहिचान पत्र दिनु भई शुभकार्य गर्नुभएको थियो। पाँच वर्षको उमेरमा ठङ्गु टाशी छ्योइलिङ् गोन्पामा भव्य रुपले मेरो गद्दी आरोहण गर्नुभएको थियो। क्याव्ज्ये ठलेग रिन्पोछे स्येडुब छ्योक्यी ड्यिमाले कपाल खौरिनुभई गोन्पाको मुख्य प्रतिमा भगवान बुद्धको मूर्ति अगाडि घुँडा टेक्न लगाई उपासक संवर प्रदान गर्नुभयो।

त्यस वर्ष पेन्छेन रिन्पोछेको नवौँ अवतार थुब्तेन छ्योक्यी ड्यिमा चीनबाट मध्य तिब्बतमा फर्कने बेला बीच बाटोमा पर्ने क्येगु दो भन्ने ठाउँमा केही महिना

बस्नुभएको बेला ठङ्गुको वर्षाबास मन्दिरमा पनि केही दिन बस्नुभएको थियो। उहाँको दर्शन गर्ने बेला उहाँले, "भविष्यमा बौद्ध धर्ममा ठूलो टेवा पुऱ्याउन सक्छ" भनेर भविष्यवाणी गर्नुभएको थियो भन्ने कुरा वरिष्ठ लामाहरूले भनेको सुनें। तर आफू सानै भएकोले खासै याद छैन।

### ३) प्रारम्भिक शिक्षा

सन् १९३९, म सात वर्षको हुँदा ठलेग रिन्पोछे स्वयम्ले लेख्नुभएको सम्भोट लिपि उच्येन क ख अर्थात् वर्णमाला पुस्तक र जुरी टुल्कुले लेख्नुभएको उमे लिपिको वर्णमाला पुस्तक दिनुभएको थियो। ती पुस्तकहरूबाट मैले अक्षर पढ्न सिकें। त्यसपछि मेरो शिक्षक कर्म वाङ्छ्युगबाट पढ्न र लेख्न सिकेर तन्त्रहरू कण्ठ गर्ने र मण्डल बारेमा पूर्ण ज्ञान प्राप्त गरें।

त्यतिबेला १६ औं ग्याल्वङ् कर्मपा खामको गोन्पाहरूमा पाल्नु हुदाँ हाम्रो गोन्पामा पनि पाल्नुभई सन् १९४१ सालको लोसार पनि सँगै मनाउनु भएको थियो। त्यसै बेला उहाँको दर्शन गरी अभिषेक ग्रहण गरेको थिएँ। साथै उहाँको कालो मुकुटको पनि दर्शन गर्न पाउँदा धेरै शुभ भयो।

सोही समय कर्म वाङ्छ्युगलाई मेरो शिक्षक नियुक्त गर्नु भएपछि उहाँबाट व्याकरण 'मूलत्रिंशत् र लिङ्गावतार' आदि सिकें। विभिन्न साधना तथा पूजामा सहभागी भएँ। साथै दाताहरूको चाहनाहरु पनि जति सक्दो पूर्ति गरें।

सन् १९४२ (जल घोडा वर्ष) मा गोन्पामा नाग, भूतप्रेतले धेरै दुःख दिएको कारणले *जुर्माङ दुईचीदीलबाट* निधिपति रोल्पे दोर्जेलाई आमन्त्रण गरेर 'डाग्ठोई महापूजा गरेकोले धेरै लाभ भयो। त्यस बेला उहाँबाट 'छोतेर र डाग्तेर' दुईओटा अनमोल निधिहरूको अभिषेक र आगम सबै प्राप्त गर्ने सुवर्ण अवसर मिल्यो।

त्यसपछि एक महिना महाकाल मन्दिरभित्र गुफाबासमा बसेर महाकालको ध्यान साधना गरेँ।

### ४) परम्परानुसार तीर्थयात्रा तथा विभिन्न आवरण शोधनको क्रम

सन् १९४३, म एघार वर्षको हुँदा कर्म कग्यु सम्प्रदायको प्रमुख गोन्पा छुर्फु दर्शनको लागि ल्हादेन हुँदै जाँदा मैले त्यहाँ ज्योवो मिक्यो दोर्जे, ज्योवो शाक्यमुनि, पोताला दरबार, सेरा, डेबुङ् आदिको दर्शन गरेँ।

छुर्फुमा पुगेर ग्याल्वङ् कर्मपाको चरण-कमलमा साष्टाङ्ग दण्डवत् प्रणाम गरी प्रार्थना गरेँ। उहाँले महाकरुणाले हेर्नु हुँदा मलाई कुन विशेष अधिदेव उत्तम होला भनी अनुरोध गर्दा उहाँले,

“बौद्ध शासनलाई निरन्तरताको लागि दीर्घायु रहन अति आवश्यक भएकोले सर्वप्रथम लगनशीलताका साथ श्वेततारा चिन्ताचक्रको साधना गर्नू” भन्नुभयो।

साथै उहाँले अभिषेक र आगम दुवै प्रदान गर्नुभयो। अनि बेन्गार तेङ् भन्ने बेन्गर ज्याम्पाल शङ्पोको गोन्पामा एक महिना ध्यान साधना गरेँ।

सन् १९४४ सालको लोसार उत्सवमा, परम पावन ग्याल्वङ् कर्मपाबाट काय, वाक, चित्तको अधिष्ठान र कोसेली पनि प्राप्त भएको थियो। त्यसपछि ल्हादेनको महाप्रणिधान तथा पूजाको दर्शन गरी दान पनि गरियो। ज्योवो चिन्तामणि आदिको प्रतिमाहरू दर्शन गरी त्यहाँ चढावा र सुनको जलप चढायौँ।

अनि दक्षिणका तीर्थ दर्शन गर्न शिक्षक र आमाबुबाले प्रबन्ध मिलाउनु भई सजिलै *डाग येर्प दावा फुग* भन्ने गुफा, गादेन गोन्पा, साम्ये, यमालुङ् छ्यिम्फु, फाग्मो डुपाको गोन्पा कुन्तु शङ्पोए नाग्ठोई आदिको दर्शन गरियो। मच्यिग लाब्डोनको गोन्पा शाङ्री खार्मरमा च्योइ साधना गरियो। चेथाङ् गोन्पो री,

कश्मीरी महापंडित शाक्यश्रीको गोन्पा चे छोग्पा दर्शन पछि यार्लुङ स्येल्डागमा गुरु पद्मसम्भवको गणचक्र पूजा गरेँ। युम्बु लाखार दरवार, रेछ्युङ गुफा आदि यार्लुङको तीर्थ दर्शन गरेँ।

ल्होडाकबाट ङादाग ङ्याङको गोन्पा म्रावो च्योग, मार्पाको गोन्पा ल्होडोवो लुङ्, सेखार गुथोग दर्शन गरेर मार्पा गुरुयोग गणचक्र पूजा साधना गर्‍यौँ। मिलारेपाको ध्यान केन्द्र ल्होडग तग्ङ्यमा मिला गुरुयोग गणचक्र पूजा साधना गर्‍यौँ।

त्यहाँ रहेका स-साना तीर्थ सबै दर्शन गरी ग्याल्चे पल्खोर चैत्य, शिकात्सेमा टाशी ल्हुन्पो, त्यसपछि नर्थाङ्, श्याल्बु, ङोर येवं चैत्य, अनि साक्याको सेबग नग्पोफुर आदि प्रतिमाहरू सबै दर्शन गरेँ। साक्या दाग्छ्येन फुन्छोग फोडाङ्को गुरु ठिछ्येन ङावाङ् थुतोबबाट दीर्घायु अभिषेक प्राप्त भयो। त्यस बेला ङोर खाङ्सर खेन्पो श्याब्डुङ् दाम्पालाग भन्ने साक्यामा धेरै प्रसिद्ध रहेछ। उहाँले ग्युदे कुन्तुईको अभिषेक प्रदान गर्दै हुँदा हामीले दर्शन गर्न पायौँ। त्यसै गरी लुदिङ् खेन्पो दर्शन गर्ने बेला उहाँले आवरण शोदन गर्नुभएकोले धेरै राम्रो भयो। त्यस पछि आफ्नो गाउँमा फर्केर त्यहीँ बस्न थालेँ।

पछि सोच्दा त्यस बेला आफू सानै भएको र तीर्थस्थलको इतिहास, कारण केही थाहा नभएकाले त्यति ठूलो श्रद्धा र आस्थाले दर्शन गर्न नसकेको हुँदा त्यस बेला तीर्थयात्रा जानु अलि छिटो भएछ जस्तो लाग्यो। तर पनि पछिको समयमा त्यहाँको स्थिति बुझ्दा राजनीतिक परिवर्तनको क्रममा गोन्पा, चैत्य तथा पवित्र तीर्थहरू सबै तोडफोड र ध्वस्त भएछन्।

मैले पहिले बौद्ध धर्मको विशेष र अधिष्ठित प्रतिमाहरू, गोन्पा, चैत्य आदि

सबै धेरै राम्रो अवस्थामा हुँदा दर्शन गर्ने सौभाग्य मिलेको थियो। ती सबै बन्दोबस्त मिलाउने मेरो शिक्षक र बुबा आमा प्रति म धेरै आभारी छु।

त्यसपछि गोन्पामा आइपुग्नासाथ ङ्येर्पा लोछ्योईले धेरै राम्रो नयाँ लाब्राङ् किन्नु भएपछि त्यहाँ सरेँ। किनभने पुरानो निवास चर्किएको र बस्न नमिल्ने अवस्थामा थियो। अघिल्लो ठङ्गु टुल्कुले अधिष्ठित विशेष महाकाल साधना कक्ष पनि सार्नुपर्ने भएकोले त्यस बेला ठूलो खैलाबैला भएको थियो।

आर्ग पोछ्योग पूजा र प्राण प्रतिष्ठाको लागि डिगुङ निधिपति होइसाल दोर्जेलाई आमन्त्रण गरिएको थियो। उहाँले विभिन्न अभिषेक तथा अधिष्ठान प्रदान गर्नुभएको थियो।

विशेष गरी साक्षात्कार भविष्यवाणीमा;

*सेतो पाल जमिन माथि टाँगे उत्तम हुनेछ,*
*शक्तिशाली र मजबुत डोरी नभए पनि,*
*क्रोधित आँधीको बाधा आउने दिन, अद्‌भुत हुनेछ॥*

सन् १९५८ राजनीतिक युद्धकालमा जेल जानु नपर्ने र ज्यानको खतरा पनि नहुने भविष्यवाणी र त्यसैगरी,

*कालो सुँगुर पर्वतको चुचुरोमा घुर्छ,*
*सङ्कलन गर्न सिपालु मुसो दुलोमा सुत्छ,*
*शीघ्र घोडाको याल फिरोजा मेघमा परिवर्तन हुनेछ॥*

भन्ने भविष्यवाणी प्राप्त हुँदा त्यति बेला के होला भनी ठम्याउन नसके पनि पछि सन् १९५९ मा आफ्नो देश छोडेर भारतमा जानुपर्ने, सन् १९६० देखि १९७७ सम्म परम पावन ग्याल्वङ् कर्मपा रीग्पे दोर्जेबाट अधिष्ठान, आगम आदि प्राप्त

गरी सद्धर्मको उपयोग गर्नुका साथै धार्मिक कार्यमा सेवा गर्दै बस्न पाउने र सन् १९७८ (घोडा वर्ष)मा नमो बुद्ध डाँडामा जग्गा किनेर बौद्ध शिक्षाको जग स्थापना गरी थोरै भए पनि उपलब्धि हुने स्पष्ट भविष्यवाणी गर्नुभएको रहेछ।

## ५) पुण्यसम्भार र आवरण शोधनको क्रम

सन् १९४५ (चरा वर्ष)मा आफू तेह्र वर्षको हुँदा मेरो कृपालु शिक्षक कर्मा वाङ्छ्युगबाट 'नीतार्थ प्रदीप' र 'गुरुसमन्तभद्रको मुखागम'मा आधारित चार चित्तनिवृत्ति गम्भीर रूपले शिक्षा प्रदान गर्नुभयो। साथै एक लाख ढोग आदि पूर्वयोग र वज्रकिलयको ध्यान विधि सिकाउनु भएर साङ्थिग वज्रकिलाय, रोल्पी दोर्जेको वज्रपाणिमा आधारित धर्मोपदेश, त्यसै गरी दीर्घायु फलामेकोशको ध्यान साधना गरें।

त्यस बेला रोल्पी दोर्जे स्वयम्लाई पत्र मार्फत ध्यान तथा भावना गर्ने विधि आदि सोध्दा उहाँले सुन्नु भएका वाक परम्पराको विशेष धर्मोपदेश तथा मार्गदर्शन पत्रमा लेखेर पठाउनुभई ठूलो कृपा गर्नुभएको थियो। त्यसपछि उक्त मार्गदर्शनअनुसार सन् १९४५ देखि १९४७ सम्म ध्यान साधना गरेर बसें।

## ६) सामान्य ज्ञान प्राप्ति

त्यस बेला मेरो शिक्षकबाट दायिग ङाग्डोन, तोग्देन ल्हाकसम विरचित व्याकरण मूलत्रिंशत् र लिङ्गावतारको व्याख्या, सितु रिन्पोछे विरचित व्याकरण मूलत्रिंशत् र लिङ्गावतारको महाव्याख्या लगायत ज्योतिष विज्ञान पनि सिकें। तर सानै भएकाले कविता भने सिकाउनु भएन। त्यसैगरी कलाप व्याकरण भने सशाङको महाव्याख्याबाट सिकाउनु भएको थियो।

सन् १९४६ (अग्नि कुकुर वर्ष)मा दोस्रो ज्याम्गोन कोङ्टुल पाल्देन खेन्चे

होईसेर हाम्रो गोन्पामा पाल्नुभई 'थुग्डुब बाछ्र्ये कुन्सेल' महासाधना साथै सिद्धि औषधी बनाउने पाल्पुङ परम्परानुसार ख्येन-कोङ-छ्योग-सुम (ज्याम्याङ् खेन्चे वाङ्पो, कोङ्टुल योन्तेन ग्याम्छो, निधिपति छ्योईग्युर लिङ्पा) तीन गुरूहरुका विस्तृत परम्परा दर्शन गर्ने सौभाग्य प्राप्त भयो।

महासाधनाको अधिष्ठान अभिषेक प्राप्त भएको मात्र नभई उक्त समयमा 'महामुद्रा नीतार्थ सागर'को आगम साथै प्रवचन सुन्ने विशेष अवसर पनि प्राप्त भएको थियो। उम्जे कर्म ज्याम्याङ्बाट कर्म लिङ्पाको 'शान्त-क्रोध' पूजा गर्ने विस्तृत विधि सिकेँ। सोही साल पूर्व ठङ्गु रिन्पोछेको दाताहरूको इच्छा अनुरुप उहाँहरूको ठाउँमा पूजापाठ गर्न गएको थिएँ।

## ७) बौद्ध दर्शनको अध्ययन

सन् १९४८ (मुसा वर्ष)मा म सोह्र वर्षको हुँदा श्येछ्येन कोङ्टुल पेमा डिमे हाम्रो गोन्पामा पाल्नुहुँदा उहाँबाट मिफम रिन्पोछेको धर्मोपदेश सङग्रहको पूर्ण आगम र शान्त-क्रोध साधनाको अभिषेक प्राप्त भएको थियो। विशेष गरी कग्युको मौलिक परम्परानुसार दर्शनलाई व्याख्या गर्नुहुने सर्वज्ञ राङ्ज्युङ् दोर्जे, सितु छ्योइक्यी ज्युङ्नेको आशयअनुसार 'माध्यमक परशून्य' परम्पराको निरन्तरता भएको एउटा नयाँ बौद्ध शिक्षण केन्द्र स्थापना गर्नुभएको थियो। त्यसकै शुभलक्षणसहित महाग्रन्थ 'सर्वव्यापी ज्ञेयकोश'को आगम र व्याख्याका साथ शुभारम्भ गर्नुभई ठूलो कृपा गर्नुभएको थियो।

त्यसपछि पूजनीय खेन्पो लोडो राब्सल रिन्पोछेज्यू गोन्पामा बस्नुभई पाँच महाग्रन्थ र मैत्रीय धर्म (मैत्रीय बुद्धको पाँच ग्रन्थ) आदि सिकाउने बेला पहिले बोधिसत्त्वाचर्यावतारको मूल श्लोकबाट नै सिकाउनु भएको थियो जसबाट मेरो मनमा धेरै फाइदा पुग्यो।

त्यसपछि अरु ग्रन्थहरू भने मिफमको व्याख्याबाटै सिकाउनु भयो। त्यसको परम्परा पनि अति नजिकको छ । किनभने मिफम रिन्पोछेले खेन्पो कुन्पाल वा ग्याल्छब ग्युर्मे पेमा नाम्ग्याल दुईमध्ये कुनै एकलाई प्रदान गर्नुभएकोले परम्परा अति नजिक भएको हो। त्यसकारण महत्त्वपूर्ण विशेष धर्मोपदेशहरू स्पष्ट र सरल रूपले महामुद्रा र महासमापन अभ्यास मेल गरी सिकाउनु भएको थियो।

कहिले काहीं उहाँले आठौँ कर्मपाद्वारा व्याख्यित शास्त्रको आशय र सिद्धान्त मेल हुने गरी विस्तृतमा व्याख्या गर्नुहुन्थ्यो। आफू युवा तथा तार्किक भएता पनि कर्म कम्छाङ् प्रति श्रद्धाका साथ ठूलो लगाव र चासो बढ्न पुग्यो।

विशेष गरी बोधिसत्त्वाचर्यावतारको शिक्षणपछि अभिधर्मकोश सिकाउने क्रममा नवौँ कर्मपाद्वारा व्याख्यित शास्त्र पढ्न पाउने सौभाग्य प्राप्त भयो। वास्तवमा, यस शास्त्रको शिक्षण परम्परा लोप नै होला जस्तो भएको थियो। आठौँ कर्मपाको आशयसँग ठ्याक्कै मिल्ने र सङ्क्षिप्तमा पनि भएकोले अति सहज र पढ्दा उत्साह बढेको थियो। तर पछि भारतमा अभिधर्मकोश सिकाउँदा उक्त पुस्तक नपाएकोले सम्झेर मन खिन्न भएको थियो।

पछि १७ औं कर्मपाको कृपाले उक्त पुस्तक उपलब्ध भएकोले पछिका पाठकहरू भने भाग्यमानी नै भए।

'अभिधर्मकोश' पढिसकेपछि अर्को वर्ष 'पण्डितावतार' र माध्यमिकलंकार दुवै सिकाउनु भई पण्डितावतार शिक्षणको क्रममा उहाँले 'ङोन्पा गोङ् होग'को स्पष्ट फरक देखाउनु भएको थियो।

मध्यमिकको विभिन्न ग्रन्थहरूमा मूल अर्थ थोरै शब्दमा स्पष्ट देखाइएका छन्। त्यति मात्र नभई 'मध्यमिकलंकार र प्रमाणायुक्तनिधि' सँगै अध्ययन गर्दा मध्यम मार्ग र प्रमाणमा आ-आफ्नै पृथक मर्म र तर्कअनुसार संवृत्तिको आभास र

परमार्थ शून्यतामा विलोप कसरी हुन्छ भन्ने स्पष्टरूपमा *ऊछे सेङ्गे ज्यिङ्नोल*को आशय प्रष्ट भएको महसुस भयो।

सन् १९५३ (सर्प वर्ष) पछिका वर्षहरूमा मैत्रीय बुद्धको पाँच ग्रन्थ; प्रज्ञापारमिता, महायान सूत्रालंकार, माध्यान्तविभाग, धर्मताविभाग र उत्तरतन्त्र गरी पाँच ग्रन्थहरुका साथै मूलमाध्यमिककारिका आदि सिकाउनु हुँदा दोस्रो धर्मचक्र प्रवर्तनले देखाएको धर्मधातु निष्प्रञ्च शून्यता र तेस्रो धर्मचक्र प्रवर्तनले देखाएको सुगतगर्भ बारेमा उहाँले स्पष्ट रूपले तर्क सहित अर्थ बुझाउनु भयो। गम्भीर शून्यता दर्शाउने आर्य नागार्जुन र आर्यदेव गुरु-शिष्यको माध्यमिक शास्त्रहरू र विशाल प्रभास्वर ज्ञान दर्शाउने मैत्रीय धर्म र आर्य असङ्ग दाजुभाइ तथा शिष्यहरुको ग्रन्थहरूका मूल आशयमा अन्तर विरोध नभएको कुरा बुझाउनु भएकाले अति राम्रो भएको र यस धर्तीमा त्यो भन्दा ठूलो कृपा अरु हुन सक्दैन जस्तो लाग्यो।

अनि लोङ्छेनको सातकोश, गुणकोश, ग्याल्छब पेमा नाम्ग्यालको धर्मोपदेश सङ्ग्रह सम्पूर्ण आगम प्रदान गरी ठूलो कृपा गर्नुभयो। उहाँले मलाई विशेष गरी आफू टुल्कु हो भनी घमण्ड नगर्न र दान दक्षिणाहरू जम्मा गरेर नराखी बौद्ध धर्म ध्यान तथा शिक्षण जस्तो परहितको कार्यमा जतिसक्दो प्रयोग गर्नु भन्नुहुन्थ्यो। यसरी धार्मिक तथा सांसारिक ज्ञान र धर्मोपदेश दिनु भई ठूलो दया गर्नुभएको थियो।

उहाँले सुसम्बन्ध र अधिष्ठानको प्रतीक स्वरूप मलाई एउटा राम्रो स्योकली (पुस्तक राख्ने वस्तु) दिनु भई श्येछ्येन गोन्पामा फर्किनु भयो। पछि फेरि उहाँको दर्शन गर्ने ठूलो आकाङ्क्षा र योजना हुँदा हुँदैँ पनि सांस्कृतिक क्रान्तिका कारण सोचेको जस्तो हुन सकेन।

विशेष गरी सन् १९५३ (सर्प वर्ष) मा ठलेग रिन्पोछेले आकस्मिक परिनिर्वाण प्राप्त गर्नुभएकाले ज्याम्गोन रिन्पोछेलाई आमन्त्रण गर्दा उहाँ गोन्पामा आउनु भएको थियो। तर उहाँले पनि यसै ठङ्गु गोन्पामा परिनिर्वाण प्राप्त गर्नुभएकाले अति दुःख महसुस भएको थियो। अरु केही गर्न नसके पनि उहाँको पार्थिव शरीर सामु पूजापाठ गरी अन्तमा अन्त्येष्टिमा सहभागी भई अधिष्ठान प्राप्त गरेर प्रार्थना तथा प्रणिधान गर्‍यौँ।

## ८) प्रतिमोक्ष संवर, बोधिसत्व संवर, गुह्यतन्त्र संवर ग्रहण

सन् १९५४ मा आफू बाइस वर्षको हुँदा तिब्बतका वरिष्ठ लामा गुरुहरू चीन भ्रमणबाट फर्किने बेला परम पावन ग्याल्वङ् कर्मपा पाल्पुङ् थुब्तेन छ्योखोर लिङ् गोन्पामा आइपुग्नु भएपछि खाममा रहेका सम्पूर्ण भिक्षु-भिक्षुणीहरू उहाँको दर्शनको लागि जम्मा भएका थिए। मैले पनि परम पावन ग्याल्वङ् कर्मपा जस्तो महान् गुरुबाट त्रिसंवरको अधिष्ठान प्राप्त गर्नसके कति सौभाग्यवान हुन्थेँ भन्ने सोचेँ र सुवर्ण अवसर पनि भएकोले म पाल्पुङ्कै लागि निस्केँ। त्यहाँ शरणनाथ सितु रिन्पोछेको अवतारको गद्दी आरोहण कार्यक्रममा उहाँलाई मण्डल अर्पण गरी दर्शन गरेँ।

प्रार्थना गरेअनुसार नै भोट पात्रोको तेस्रो महिनाको पूर्णिमाको दिन अर्थात् कालचक्र दिवसमा सर्वज्ञ सितु छ्योक्यी ज्युङ्नेको शयनकक्षमा परम पावन श्री १६ औँ कर्मपा अर्थात् पूरा शुभनामले सम्बोधन गर्नुपर्दा पाल्देन् राङ्ज्युङ् रिग्पे हेस्ये लुङ्तोग् छ्योक्यी ङ्यिमा ठिन्ले डोन्कुन् डुब्पीदे छ्येन्पोबाट जुर्माङ् गार्वाङ् रिन्पोछे, डुङ्पा छ्योक्यी ग्याछो र म लगायत हामी तीन जनाले साथमा प्रतिमोक्षसंवर ग्रहण गर्ने सौभाग्य प्राप्त भयो।

सोही गोन्पामै दुवै परम्परानुसार बोधिसत्व संवर ग्रहण गरेपछि गुह्यतन्त्र संवर पनि ग्रहण गरेँ। त्यसपछि थुग्डुब बाछ्र्ये कुन्सेल, जिन-सागरको अभिषेक पनि प्राप्त भयो।

पहिले आफू परमुखी तार्किक मात्र थिएँ तर उक्त समय अन्तर्मुखी भई ध्यानको केही अनुभव भएको जस्तो लाग्यो। यस्तो विशेष अधिष्ठानको कारण चित्तमा परिवर्तन भएकोले परम पावन गुरुलाई साक्षात् बुद्धको संज्ञा उत्पन्न भयो। विशेष गरी पाल्पुङ्को ध्यान केन्द्रमा पेमा ङ्यिन्ज्ये वाङ्पो शयनकक्षभित्र महाकाल बेर्नाग्को गुह्य अभिषेक प्रदान गर्नुभई कृपा गर्नुभयो।

त्यसपछि सितु छ्योक्यी ज्युङ्नेको अष्तुधातुको मन्दिर, ज्याम्गोन कोङ्टुल अवतार मालाको गोन्पा *चाडा रिन्छेन डाग* सबै दर्शन गरेपछि देगे गोन्पामा गएँ। त्यहाँका ठूला प्रकाशन केन्द्र र थाङ् ग्याल मन्दिर आदिको दर्शन भयो। सोही समय परम पावन १४ औँ दलाई लामाको दर्शन गरी अवलोकितेश्वरको अभिषेक ग्रहण गरेँ।

त्यसपछि गोन्पामै फर्किएर सन् १९५५ मा निवास मर्मत र पहिले ङ्येर्पा लोछ्योईले तयार पारेको ३५ सुगतको मूर्तिहरुलाई पूर्णता दिएँ।

त्यसै गरी अघिल्लो ठङ्गु टुल्कुको हृदय ईष्टदेव आर्य ताराको महा अधिष्ठित प्रतीक जुन मध्य तिब्बतको तेन्गे लिङ् गोन्पा बिनास हुँदा प्राप्त भएको थियो। देगेको दुई राजा बीच आन्तरिक द्वन्द्व हुँदा प्राप्त भएको डोगोन छ्योग्यल फाग्पको अद्‌भुत कपाल:(खोपडी) र मिफाम रिन्पोछेको अस्तुसहितको मञ्जुश्रीको मूर्तिमा सुनको जलप लगाएर त्यसको लागि बाकसका साथ दर्शन गर्न उपयुक्त बनाएँ।

मेरो बुबा उहाँ सानो हुँदा नाम ज्याम्याङ् दोन्डुब थियो तर पछि बिरामी भएकोले नाम परिवर्तन गरेकोले सबैले कुन्गा दोन्डुब भनेर बोलाउँथे। पछि सन्

१९५६ (बाँदर वर्ष) सालमा, उहाँ फेरि सिकिस्त बिरामी हुनुभयो। उपचार, सेवा, अभिषेक, बाधा निवारण पूजापाठ आदि सबै जति सक्दो गर्‍यौँ। तर जे गरे पनि केही सीप नलागी अन्तमा भोट पात्रोको नवौँ महिनाको १५ गते पूर्णिमाका दिन उहाँको निधन भयो।

त्यस बेला क्येगु गोन्पा, ठङ्गु गोन्पा, गग्ला गोन्पा आदि सबै सम्प्रदायका वरिष्ठ गुरुहरू आमन्त्रण गरी पूजापाठ गर्‍यौँ। गोन्पाहरूमा पनि पूजाको लागि अनुरोध र दान जति सकिन्छ गर्‍यौँ। ग्यानाग मणिमा पनि पत्थरी शङ्ख दान गरी पुण्यकार्य गर्‍यौँ। परम पावन १६ औँ ग्याल्वङ् कर्मपाको स्पष्ट मार्गदर्शनअनुसार उहाँको नाममा ठङ्गु गोन्पाको नयाँ पूजा तथा साधना कक्षको मुख्य प्रतीक मैत्रीय बुद्धको मूर्ति आम्दोबाट आमन्त्रण गरेर ल्याइएको थियो तर द्वन्दले गर्दा पूर्णता भने दिन सकिएको थिएन।

सन् १९५७ मा, म पच्चीस वर्षको उमेरमा श्येछेन गोन्पाको खेन्पो गाङ्स्यर वाङ्पो जुर्माङ दुईचीदिल गोन्पामा धर्म प्रवचन गर्दै बस्नुभएको थियो। उहाँ विभिन्न ठाउँमा जानु भई धर्म प्रवचन गर्ने क्रममा ठङ्गु गोन्पामा पनि पाल्नुभएको थियो। त्यस बेला उहाँबाट विशेष धर्मोपदेशहरू लिने सौभाग्य प्राप्त भयो।

### ९) मातृभूमि छोडेर शरणार्थीको बाटो

सन् १९५८ मा आफू छब्बीस वर्षको हुँदा समय सहज नभएकाले डर र त्रासमा बिताउनु परेको थियो। अन्तमा, भोट पात्रो छैटौँ महिनाको २५ गते राति मेरो ठूलो दाजु योन्तेन ग्याम्छोले दुइजना सन्देशवाहक पठाउनु भई चिनियाँ सेना याङ्चे नदी नजिक पुगिसकेको र क्येगु गोन्पाको महत्त्वपूर्ण व्यक्तित्वहरू गोन्पा छोडेर गइसकेको गोप्य समाचार पठाउनु भई,

“अब के गर्दा ठीक होला राम्ररी सोच्नु” भन्नुभएको थियो।

के गर्ने, कसो गर्ने अन्यौलमा परेपछि तत्काल जुरी टुल्कु रिन्पोछे कहाँ गएर उहाँलाई सोध्दा उहाँले,

“यहाँबाट गए प्राण बच्ने आशा बाहेक अरु विकल्प छैन।” भन्नुभयो।

त्यसपछि जति सक्दो छिटो निस्किने निर्णय भयो। त्यसको भोलिपल्ट बाटोमा चाहिने अति आवश्यक सामानहरू पोको पारेर तयार भएपछि त्यहाँको ध्यान केन्द्र र वर्षाबासका लामाहरू सबै भेट्ने कुरा भयो। उक्त भेटघाटमा सबैजना धेरै दुःखी र चिन्तित थिए। त्यसको भोलिपल्ट गोन्पा तथा त्यहाँका सम्पूर्ण गतिविधिहरू छोडेर जानु पर्दा मेरो मुटु छिया छिया भएको थियो। केही उपाय नलागेपछि मनमा ठूलो पीडा बोकी गोन्पा छोडेर निस्किएँ।

यसै बीच बाटोमा खासै खतरा भएन। केही दिनपछि गोन्पाबाट निस्किन सफल भएका जुरी टुल्कु निवासका लामा र उहाँसँगै अरु तीन लामाहरू आइपुगी सेनाले गोन्पा ध्वस्त पारेको र समातेका लामाहरू सबै जेलमा थुनेको दुःखद खबर सुनायो।

मनमा जति वेदना भए पनि के चाहिँ गर्न सकिन्थ्यो र ! क्रमशः उत्तरी *डोग* क्षेत्रतिर जाने बेला भोट पात्रो: आठौँ महिनाको १९ गते *मुग् श्युङ्को* गेस्ये युङ्जुङ भन्ने पहाडको फेदमा पुग्दा ठलेग रिन्पोछे सानै भएकाले आज राति ब्वाँसोले खान्छ भनेर रुन थाले। नभन्दै राति सेनाले आक्रमण गर्दा डर त्रासले खानपिन, कपडा आदि सबै छोडेर कठिनाइका साथ बल्ल तल्ल उम्केर मध्य तिब्बतमा जानुपर्ने भयो।

त्यस बेला हाम्रै गोन्पाको लामा कर्म ग्यूर्मेले आफू निवासको कर्मचारी नभए

पनि स्वेच्छाले आएर खानपिनको व्यवस्था मिलाउने, भौगोलिक क्षेत्र तथा बाटो देखाएर सहयोग गरेकोले ज्यान जोगिन सफल भयो।

त्यसपछि क्रमशः ल्हासा र छुर्फुमा पुग्यौँ। छुर्फु गोन्पाको लामा गुरुहरू, साना-ठूला सबैले धेरै राम्रो स्वागत सत्कार गरे। परम पावन ग्याल्वङ् कर्मपाबाट सितु रिन्पोछेको साथमा चक्रसंवर, जिनसागर, बज्रबाराही र महाकालको अभिषेक प्राप्त भयो।

श्येछेन कोङ्टुल रिन्पोछे जेल पर्नुभई परिनिर्वाण प्राप्त गर्नुभएकोले उहाँको परिनिर्वाणमा पूजा तथा साधना गर्न गयौँ। नौ दिने महाकाल पूजा गरेर सन् १९५९ सालको लोसारलाई स्वागत गर्‍यौँ। त्यस बेला ग्याल्छब रिन्पछेको दर्शन गर्न पायौँ।

मध्य तिब्बतमा पनि द्वन्द्वका गतिबिधि द्रुतगतिमा फैलिएकाले परम पावन ग्याल्वङ् कर्मपा र उहाँका सहायक मण्डलहरू भुटानतिर लाग्नुभयो। उहाँहरूलाई पछ्याउन सक्ने अवस्था त थिएन तर पनि बिस्तारै हामी उतैका लागि निस्क्यौँ। *ल्हो खाखुलको* छ्युश्यी गाङ्डुक सेनाको कृपाले उक्त समय हामीलाई चिनियाँ सेनाबाट खतरा भएन।

हुन त परम पावन ग्याल्वङ् कर्मपाले हामीलाई मदतको लागि सिफारिस पत्र पनि दिनुभई *ल्होडागको* ङ्यीदे गोन्पामा बस्नु भन्नुभएको थियो। तर द्वन्द्व क्रम बढ्दै गएकाले हामी जति सक्दो छिटो निस्कनुपर्ने भयो।

त्यसपछि हामी भुटान आइपुग्यौँ। सीमा क्षेत्रमा पवो रिन्पोछेको दर्शन गर्ने सौभाग्य प्राप्त भयो। त्यहाँ भुटानी सेनाले सावधानी अपनाउँदै तिब्बतबाट आएका सबैलाई केही दिन प्रवेशमा रोक लगाएको थियो। पछि परम पावन सर्वज्ञ दलाई लामा भारतको सिमानामा पुग्नु भएको कृपाले चिनियाँ जेल र ज्यानको खतराबाट

बचेर भारतमा शरणार्थीका लागि निवेदन गर्न पाउने शुभ अवसर प्राप्त भयो। यसरी भुटान हुँदै आसामको बग्स भन्ने ठाउँमा पुग्यौँ।

पूर्वजन्मको कु-कर्मको फल हो जस्तो लाग्यो किनभने जाडोयामको पहिलो र दोस्रो महिना अत्यधिक जाडो भएको बेलामा पनि खान र लाउन सुविधा विहीन भई उत्तरी भोट क्षेत्रबाट त्यतिकै भौँतारिनु परेको थियो। गर्मीयामको पहिलो र दोस्रो महिनामा आसाम जस्तो गर्मी ठाउँमा पुगेकाले वातावरण अनुकूल नभएर होला, जिऊ सन्चो नहुने, दुख्ने आदि धेरै कष्ट सहनु परेको थियो। अनि हामीसँगै आएका कतिपयले त ज्यानै गुमाउनु परेको थियो। तर पनि भारत सरकारले तिब्बती शरणार्थीहरूलाई स्वागत सत्कार राम्रै गर्नुका साथै औषधी तथा उपचारमा जति सक्दो सहयोग गरेकोले आफू बाँच्न सफल भयौँ।

त्यसै बखत परम पावन ग्याल्वङ् कर्मपाले तुरून्तै एक जनालाई सन्देश पठाउनु भई ठलेग रिन्पोछे र हामी सँगै सिक्किममा आएर बस्नु भन्नुभएकोले हामी त्यहाँ गयौँ। उहाँले बस्नका लागि सबै बन्दोबस्त मिलाउनु भएको थियो। त्यसपछि रुम्तेग गोन्पामै बस्न थालेँ।

## १०) अभिषेक, आगम र प्रवचन

सन् १९६० मा, म अट्ठाइस वर्ष हुँदा श्री परम पावन ग्याल्वङ् कर्मपाले कग्यु तन्त्रकोशको सम्पूर्ण अभिषेक भोट पात्रो: पाँचौँ महिनाको ३ गतेदेखि प्रदान गर्न सुरु गर्नुभयो। ती सबै अभिषेक मैले पनि प्राप्त गरेँ। उक्त ग्रन्थको आगम भने नवौँ साङ्गे ङ्येन्पा रिन्पोछेले प्रदान गर्नुभएको थियो।

भोट पात्रोको छैटौँ महिनाको ११ गतेदेखि उपदेशकोशको अभिषेक प्राप्त भयो। आगम पनि एकमात्र शरननाथ परम पावन स्वयम्को वाकबाट प्राप्त गर्ने

सौभाग्य मिल्यो। पहिले उच्च बौद्ध शिक्षण अध्ययनका क्रममा मार्पाको जीवनी दर्शन गरेको थिएँ। त्यस बेला नै उहाँप्रति श्रद्धा जागेको थियो। विशेष गरी परम पावन ग्याल्वङ् कर्मपाद्वारा मार्पाको जीवनी सुन्दा उहाँप्रति श्रद्धा र आस्था झनै धेरै बढेर आयो।

छुर्फु गोन्पामा पहिले वर्षाबासको पराम्परा नभए पनि बुद्ध शासनको पुनरुत्थानका लागि पछि सन् १९६१ (गोरु वर्ष) मा शुरु गर्नुभयो। त्यस बेला रिपा साल्ज्ये टुल्कु रिन्पोछे र दिल्याग डुपोन तेन्जिन रिन्पोछेले वर्षाबास खेन्पोको कार्य सम्हाल्नु भएको थियो। उक्त वर्षाबासमा दिल्याग डुपोन तेन्जिन रिन्पोछेले गम्पोपा विरचित सद्धर्मचिन्तामणिमोक्षरत्नलंकारको विस्तृत शिक्षण गर्नुभएको थियो। उक्त शिक्षण परम्पारा खेन्छेन दावा शङ्पोबाट चलिआएको भएकोले उहाँको विशेष अधिष्ठान प्राप्त भयो।

सन् १९६२ (बाग वर्ष) सालमा, म तीस वर्षको हुँदा परम पावन ग्याल्वङ् कर्मपाले वर्षाबासको खेन्पो गर्नु भन्नुभएकोले त्यस बेलादेखि उक्त कार्य सम्हालेर सेवा गरेँ। साधारणतया, वर्षाबासको क्रममा भिक्षुहरू पूजापाठको विधि अध्ययनमा व्यस्त भए पनि 'त्रिसंवर' आदिको थोरै भए पनि केही शिक्षा दिन सके राम्रो हुन्थ्यो भन्ने सोचेर त्रिसंवर सिकाउन थालेँ।

त्यतिबेला मेरो आमा सिकिस्त बिरामी भएकोले तेन्गा रिन्पोछेलाई आमन्त्रण गरी साथमा कुन्रीगको सय अभिषेक प्रदान गर्‍यौँ।

सोही साल भोट पात्रोको नवौँ महिना २१ गतेका दिन ङ्येन्पा रिन्पोछेले परिनिर्वाण प्राप्त गर्नुभएको थियो भने दसौँ महिनाको १० गतेका दिन पोन्लोब रिन्पोछेले पनि परिनिर्वाण प्राप्त गर्नुभयो। उहाँहरूको अन्त्येष्टिमा उपस्थित भई प्रार्थना तथा प्रणिधान गरेँ।

सन् १९६३ मा छुर्फु लाब्राङ् तथा गोन्पा व्यवस्थापकले स्वेच्छामा रुम्तेग गोन्पा निर्माण गर्ने क्रममा मैले पनि केही दिन श्रमदान गर्ने अवसर प्राप्त भएकोमा धेरै सन्तुष्टि मिल्यो।

सन् १९६४ (मेघ वर्ष) मा परम पावन ग्याल्वङ् कर्मपाबाट महामुद्रा नीतार्थ सागरको प्रवचन सुन्ने सौभाग्य मिल्यो।

सन् १९६५ (सर्प वर्ष) मा गोन्पाको निर्माण कार्य लगभग सम्पन्न भएकाले मुख्य पूजा तथा साधना कक्षको भित्तामा सातौँ ग्याल्वङ् कर्मपा छ्योडग ग्याछोको परम्परानुसार बनाएको चित्रमा तेल रङ् लगाएँ। मूल साधना कक्ष जाने भऱ्याङको दायाँ बायाँको भित्ता र देवालय जाने बाटोमा ज्याम्गोन लोडो थायेको समम्तभद्रा चक्र कविता र परम पावन ग्याल्वङ् कर्मपा खाख्याब दोर्जेले लेख्नुभएको कलश आकारमा रहेको अष्टमङ्गल आकृतिमा मैले तेलरङ्ग लगाएको थिएँ जुन अहिले पनि दर्शन गर्न सकिन्छ।

भोट पात्रोअनुसार सर्प वर्षको अन्तिमतिर गोन्पा निर्माण सम्पन्न भई घोडा वर्षको लोसार (सन् १९६६ फेब्रुअरी २१ तारिख) मा नयाँ गोन्पामा सरियो। त्यस बेला मलाई पनि नयाँ कोठा सौगात स्वरूप प्रदान गर्नुभई ठूलो कृपा गर्नुभएको थियो। उक्त कोठामा आफूले 'पक्षी गुरुयोग' ध्यान साधना सम्पन्न गरेँ।

छेज्यु, महाकाल, वज्रकिलाय साधना आदि परम्परा पुनरुत्थान कार्य गर्ने बेला छुर्फु परम्परानुसार धार्मिक नृत्य र पूजापाठ गर्ने विधिहरु उम्जे (मूल वाचक) र छ्योइपोनबाट सिकेँ। कहिले काहीँ मैले पूजामा बज्राचार्य पनि गर्नुपर्ने भएको थियो।

## ११) का-राब्ज्याम्पा परीक्षा

सन् १९६७ मा परम पावन ग्याल्वङ् कर्मपा राङ्ज्युङ् रिग्पे दोर्जेको आज्ञा तथा इच्छानुसार म पैँतीस वर्षको हुँदा ल्हाराम् गेस्ये परीक्षामा सहभागी हुन भारत र भुटानको सिमाना क्षेत्रमा पर्ने बक्सा भन्ने ठाउँमा गएँ। त्यहाँ परम पावन दलाई लामाको प्रतिनिधि, विभिन्न सम्प्रदायका कल्याणमित्र तथा गुरुवर्ग, विद्वानवर्ग, १५०० साधकहरू भेला भई ठूलो कार्यक्रम आयोजना गरिएको थियो।

त्यस बेला सर्वपरिचित पाँच महाशास्त्र र विशेष तथा पृथक ग्रन्थ 'नाङ्-ताग-ग्यु-सुम'को बारेमा प्रश्नोत्तर तथा विचारविमर्श भएको थियो। उपस्थित साना ठूला सबैले प्रशंसाका साथै सबैले,

"धेरै राम्रो भयो" भनेका थिए।

उक्त भेलामा महासंघ तथा उपस्थित सबैमा कृतज्ञता स्वरूप चढावा भव्य गर्न नसके पनि सबैलाई भोजन र संघदान गरेँ। त्यस बेला परम पावन दलाई लामाको प्रतिनिधि रातोई छ्युबार रिन्पोछेको दर्शन गरी दीर्घायु र बाधा निवारण पूजाको अनुरोधका साथै धर्मकर्मको धर्मोपदेश पनि सुनेँ।

कार्यक्रममा मुख्य गुरु डेलोलिङ खेन्पो पेमा ग्याल्छेनज्यूले उत्तीर्ण भएका सबै ल्हा-राम् गेस्येहरूलाई धर्मोपदेशका साथै प्रशंसा गर्नुभएको थियो। परम पावन दलाई लामाका प्रतिनिधिहरूले उहाँको मार्गदर्शन र निर्देशनअनुसार मलाई कग्यु खेन्पोको पदक दिनुभएको थियो। त्यसपछि म रुम्तेग गोन्पामा फर्किएँ।

क्याब्ज्ये कलु रिन्पोछेले हृदय पुत्रहरूलाई बज्रवाराही र नरोयोगको विस्तृतमा सिकाउने बेला म पनि उपस्थित भएर सँगै सिक्ने सौभाग्य प्राप्त भयो।

त्यसपछि परम पावन ग्याल्वङ् कर्मपाले पनि कग्युको मूल गोन्पा रुम्तेगको

महामहोपाध्याय (खेन्छेन) उपाधिले सम्मान दिनु भई मलाई उहाँले मर्पा लोचावाको मुख्य शिष्य ‘विद्वान ङोग् छ्योईकु दोर्जे’को चित्त समान हो भनी प्रशंसा गर्दै फूलको वर्षात गर्नुभएको थियो।

त्यसपछि लगत्तै परम पावन ग्याल्वङ् कर्मपा भुटान सरकारको निमन्त्रणामा उहाँ र परिचारक तथा सहायक मण्डल भुटानमा सवार भएको बेलामा मलाई पनि सँगै जाने अवसर दिनुभयो।

त्यसैबेला पवित्र तीर्थस्थल *पारो ताग्छाङ्मा* परम पावनले अमितायुष दीर्घायुको गुफाबास, ध्यान तथा साधना गर्ने बेला मलाई पनि दीर्घायु गुह्यसमाजको सात दिने ध्यान साधना गर्ने सुवर्ण अवसर प्राप्त भयो।

तर पनि त्यस बेला युवा भएकोले होला, ठूलो श्रद्धा र लगनशील नभएको आभास भएको थियो। तर पछि सोच्दा पछुतो लागेर आयो। भविष्यमा अरुलाई पनि यस्तो हुन सक्ने भएकाले यदि त्यस्तो सुवर्ण अवसर मिलेको बेला खेर नफाली स्मृति-सम्प्रजन्य र अप्रमादीको साथ काम गर्नु भन्न चाहन्छु।

फेरि रुम्तेग गोन्पामा फर्किना साथ कुन्शिग श्यामर रिन्पोछे, क्वान्तीङ् ताई सितु रिन्पोछे, ज्याम्गोन कोङ्टुल रिन्पोछे, छुर्फु ग्याल्छब रिन्पोछे, भतिजो छ्योडाग तेन्फेललाई अध्यापन गर्नु भन्ने परम पावनको स्पष्ट आज्ञा अनुरुप सन् १९६८ (बाँदर वर्ष)मा म छत्तीस वर्षको हुँदा, सर्वप्रथम ज्यु-मिफाम रिन्पोछे विरचित ‘पण्डितावतार’ विस्तृतमा सिकाएर हरेक शब्दार्थमा प्रश्नोत्तर गराउने, सारांशहरू कण्ठ गराउने, संक्षेप अर्थ लेखाउने गरेर अन्तमा, वक्तृत्वकला प्रतियोगिता पनि आयोजना गरेको थिएँ।

उहाँहरू भर्खरको ठिटो भए तापनि विषय प्रसङ्गको बुझाईमा भने धेरै राम्रो

हुनुहुन्थ्यो। त्यसपछि क्रमशः प्रतिमोक्षसूत्र, बोधिसत्वचर्यावतार, अभिधर्मकोश, सद्धर्मचिन्तामणिमोक्षरत्नलंकार, मध्यमिकलंकार, माध्यमकावतार, माध्यान्तविभाग, प्रज्ञापारमिता, उत्तरतन्त्र, गम्भीर भित्रीअर्थ, प्रमाणवार्त्तिक, आदि विस्तृतमा सिकाएर उहाँहरुको अध्ययन समापन गरी करिब आठ वर्षसम्म सेवा गरें।

सन् १९६८ (बाँदर वर्ष)मा वर्षाबासको बेला दिल्गो खेन्चे रिन्पोछेको बिन्तीपछि लामा, टुल्कु तथा सम्पूर्ण भिक्षुहरूलाई परम पावन ग्याल्वङ् कर्मपाज्यूले 'छ्याग्छ्येन ग्याश्युङ'को सम्पूर्ण आगम प्रदान गर्नुभएको थियो। त्यस बेला मैले पनि परम पावनज्यूबाट आगम प्राप्त गर्ने सौभाग्य मिल्यो।

सन् १९६९ (चरा वर्ष)मा उहाँबाट गम्पोपाको धर्मोपदेश सङ्ग्रहको आगम प्राप्त भयो। त्यस बेला मैले हृदयपुत्रहरूलाई महाग्रन्थहरूको शिक्षण गरिरहेको थिएँ।

सन् १९७५ (खरायो वर्ष)मा परम पावन १६ औँ ग्याल्वङ् कर्मपा विदेशमा पाल्नुहुँदा विदेशीहरूलाई आवश्यक पर्ने बौद्ध धर्मको इतिहास, परम पावनको जीवनी र बज्रधर लघु प्रार्थनाको व्याख्या लेख्नु पर्‍यो भन्नुभएकोले उहाँको आज्ञानुसार सम्पन्न गरें। खाली समयमा भिक्षुणी खेछ्योग पाल्मोसँग 'दैनिक साधना' र केही पाठहरू पनि अंग्रेजी भाषामा अनुवाद गरेका थियौँ।

परम पावन ग्याल्वाङ कर्मपासँगै भुटानमा पाँच पटक जति गएको थिएँ। भुटानको बुम्थाङ् टाशी छ्योईलिङ् गोन्पामा वर्षाबास सुरुवात गरी सेवा गर्ने अवसर मिल्यो। विभिन्न धर्म शास्त्रहरू र पूजापाठका पुस्तकहरू प्रकाशन गर्नुपर्छ भन्नुभएकोले धर्म ग्रन्थहरूको विस्तृत अनुसूची तयार पारेको थिएँ।

सन् १९७६ (मेघ वर्ष) म चौवालिस वर्षको हुँदा छ्योग्टुल उग्येन रिन्पोछेज्यूले गोन्पा उद्घाटन तथा धर्म प्रवचनको लागि परम पावन ग्याल्वङ् कर्मपालाई

नेपालमा आमन्त्रण गर्नुभएको थियो। मलाई पनि परम पावनज्यूको साथमा नेपाल आउने अवसर प्राप्त भयो। त्यस बेला 'कग्यु मन्त्रकोश' अभिषेकको लागि पुस्तकको बन्दोबस्त मिलाउने काम गरेँ।

त्यसपछि २५ जना जति पश्चिमेली अनुयायीहरूलाई 'नाङ्-तग्-ग्युई सुम'को साधारण शिक्षण गरेँ।

परम पावनको मार्गदर्शनअनुसार कानिङ् शेडुब लिङ गोन्पाको स्येडामा सद्धर्मचिन्तामणिमोक्षरत्नलंकार विस्तृतमा सिकाएँ। त्यसै बीच नमोबुद्धमा ध्यान केन्द्र स्थापना गरेर समय समयमा बिदेशीहरूलाई पूर्वयोग, उत्पत्तिक्रम, मध्यामाकको बारेमा सिकाएँ।

सन् १९७८ (घोडा वर्ष)मा म छयालिस वर्षको हुँदा नमोबुद्धमा वर्षाबास बसेँ। त्यस बेला भट्टारक मिलारेपाको जीवनी नेपाली भाषामा (नेवार लामा दार्गेलाई) अनुवाद गर्न लगाएको थिएँ।

मेरा प्रिय धर्ममित्रहरू प्रायले आत्मकथा लेख्नु भनेकाले सुःख दुःखका कुराहरु तथा दोष-गुण मध्ये दोषका कुरा लेखेमा धर्मावलम्बीहरूको दृष्टिमा नराम्रो छाप पर्नसक्ने र बुद्ध शासनमा पनि हानि पुग्न सक्छ भन्ने ठानी दोषहरु नलेखी सद्‌गुणहरू जे जस्तो याद आयो त्यही म ठङ्गु टुल्कुले सन् २०१७ मे महिनाको २१ तारिखमा लेखेँ ॥ शुभम् ॥

(नोटः भोट भाषामा रहेको 'परम पूजनीय नवौँ ठङ्गु रिन्पोछेको एघार वर्षसम्मको आत्मजीवनी र छयालीस वर्षसम्मको आत्मजीवनी' भन्ने अध्याय पवित्र तीर्थस्थल नमोबुद्ध स्थित ठङ्गु टाशी याङ्चे गोन्पामा, क्याब्ज्ये योङ्गिन खेन्छेन ठङ्गु रिन्पोछे नब्बे वर्षको हुँदा सन् २०२२ साल मे महिनाको १० तारिख र १२ तारिख अर्थात मंगलबार र बिहीबारको दिन गुरु स्वयम्ले आगम प्रदान गर्नुभयो।)

## रुम्तेग उच्च बौद्ध शिक्षण केन्द्रको सेवा

कग्यु सम्प्रदायको संस्थापक तथा मूल गोन्पा रुम्तेग धर्मचक्र केन्द्र अन्तर्गत श्री नालन्दा उच्च बौद्ध शिक्षण संस्थानमा मैले प्रदान गरेको सेवा बारे लेख्नु पर्‍यो भनी स्पष्ट अनुरोध आएको हुनाले मैले थोरै नोट लेखेँ।

सामान्यतया, आफू धार्मिक तथा सांसारिक दुवै तवरले अल्पज्ञानी भएकोले सेवा दिन सक्ने योग्य नभए तापनि परम पावन १६ औँ ग्याल्वङ् कर्मपाको कृपा र मार्गदर्शनअनुसार भू-सुँगुर वर्षमा रुम्तेग आइपुगेदेखि परम पावनबाट पाँच महाकोश मध्ये उपदेश कोश कग्यु मन्त्रकोश र वृहत उपदेशकोशका सबै अभिषेक तथा आगम प्राप्त भयो। त्यसै गरी सातौँ कर्मपा छ्योडाग ग्याछोद्वारा संकलित महामुद्रा ग्याश्युङ्, दाग्पो दाहोय् श्योन्नुको उपदेश संग्रह आदिको आगम प्राप्त भयो। त्यति मात्र नभई महामुद्रा नीतार्थ सागर, महामुद्रा अविद्या अन्धकार निवारण, महामुद्रा औँलाले दर्साउने जस्ता ग्रन्थहरुको शिक्षण तथा उपदेश परम्परा कर्मपाका हृदयपुत्रहरूलाई प्रदान गर्ने बेलामा आफूले पनि सँगै प्राप्त गर्न पाएकोले कृपाको सीमा रहेन।

मैले दिएको सेवा बारेमा भन्नुपर्दा, मैले धेरै वर्षसम्म लगातार क्याब्जे श्यामर रिन्पोछे, ज्याम्छेन ताई सितु रिन्पोछे, तेस्रो ज्याम्गोन रिन्पोछे, गौश्री ग्याल्छब रिन्पोछे, तेछ्र्येन वार्वे दोर्जे र खेन्पो छ्योडाग तेन्फेललाई शिक्षा दीक्षा प्रदान गर्ने अवसर पाएँ। उहाँहरूलाई मूल ग्रन्थहरूको शिक्षणका क्रममा प्रज्ञापारमिता ज्येचुन

ङाल्सो पुस्तक उपलब्ध नभएकोले कुन्खेन पेकरको ज्याम्पे श्याल्लुङ सिकाएँ। त्यसै गरी अरू अभिधर्मकोश, माध्यमकावतार र विनयसूत्र (मूल) आठौँ कर्मपाको महाव्याख्याद्वारा शिक्षण गरेँ। सातौँ कर्मपा विरचित प्रमाण शास्त्र रीग्श्युङ् ग्याछो हाम्रो परम्पराको पुस्तकबाट जति जानेको सिकाएँ। मिफाम माध्यमिकलंकार, दाग्पो टाशी नाम्ग्याल विरचित महामुद्रा चन्द्रप्रभा आदिको आफ्नो अनुभवद्वारा सिकाएँ।

संक्षेपमा भन्नु पर्दा १७ वर्षको अन्तरालमा धेरै जसो समय त्यत्तिकै व्यर्थ बिताएको छैन जस्तो लाग्छ। त्यस बेला एउटा स्येडा (बौद्ध शिक्षण केन्द्र)को स्थापना गर्न सके उचित हुन्थ्यो भनी सम्बन्धित ठाउँमा मैले धेरै पटक कुरा राखेँ। तर त्यस बेला गोन्पा निर्माण कार्य पनि चलिरहेको थियो भने भिक्षु तथा गोन्पाको नियम पनि विस्तार भइरहेको कारणले मेरो अनुरोधको कुनै परिणाम निस्केन।

त्यसपछि कम्छाङ शिक्षालाई लाभ होस् भनी म आफैंले एउटा बौद्ध शिक्षण केन्द्र स्थापना नगरी नहुने भो भन्ने लाग्यो। तसर्थ मैले कुशल उपायका साथ ग्याल्वङ् कर्मपालाई अनुमति लिँदा पहिले त अलि नरुचाएको जस्तो गर्नुभएको थियो तर पछि सोचे जस्तो फलदायी नै भयो।

त्यसपछि नेपालमा आएर बौद्ध शिक्षण केन्द्र स्थापनाको लागि बाहिरी, भित्री कार्यहरू तयारी गर्दैगर्दा मेरा शरणनाथ परम पावन ग्याल्वङ् कर्मपा महापरिनिर्वाण हुनुभयो।

पछि रुम्तेग गोन्पामा उच्च बौद्ध शिक्षण केन्द्र स्थापना गर्नुभई मलाई त्यहाँ सिकाउन आमन्त्रण गर्नुभयो। मेरो यता स्येडाको काम अपूरो रहेको हुनाले चट्टै छोड्न पनि नमिल्ने भएको कारण धेरै गाह्रो भएको थियो। तर पनि उहाँहरूको आमन्त्रणलाई मैले सहजै स्वीकार गरेँ।

केही वर्ष त्यहाँ स्येर्क्षिन ज्येचुन डाल्सो, माध्यमिकलंकार, नाम्शे हेस्ये ज्येपा आदि सिकाएँ। त्यस बेला पोन्लोव रिन्पोछेले लेखन सुविधा मिलाउनु भएपछि मैले शुरुवातीहरूलाई लाभ होस् भनी प्रज्ञापारमिताको छोटो व्याख्या पनि लेखें। आठौँ कर्मपाको 'परशून्य दर्शन' शिक्षणका क्रममा सहज हुनका लागि भनेर त्यसको रूपरेखा तथा बुँदाहरू तयार पारेँ। हाम्रा कम्छाङ् परम्पराको विशेष ग्रन्थहरू जुन उपलब्ध थिए ती सबै सिकाउने प्रयास गरेँ।

त्यहाँ बौद्ध शिक्षण केन्द्र प्रारम्भ गरेकोले धेरै राम्रो भएको छ भने हाल नेपाल र भारतमा अवस्थित स्येडाहरू मध्ये रुम्तेग स्येडा उच्च स्थानमा पुग्न सकेको छ।

यसै क्रममा स्येडाको २५ औँ महोत्सवमा सहभागी भएको बेला हातमा मंगल खादा लिई दुवै हात हृदयमा जोड्दा भित्रैदेखि आस्था जागी आङ् जिरिङ्ग भएको जस्तो अनुभूति भयो। त्यस अवसरमा मैले सबैलाई सयौँ पटक धन्यवाद व्यक्त गरेँ। ठङ्गु टुल्कुले लेखेको। शुभम् ॥

(नोट: भोट भाषामा रहेको 'रुम्तेग उच्च बौद्ध शिक्षण केन्द्रको सेवा' भन्ने अध्याय पवित्र तीर्थस्थल नमोबुद्ध स्थित ठङ्गु टाशी याङ्चे गोन्पामा, क्याब्ज्ये योङ्झिन खेन्छेन ठङ्गु रिन्पोछे नब्बे वर्षको हुँदा सन् २०२२ साल मे महिनाको १० तारिख मंगलबारको दिन गुरु स्वयम्ले आगम प्रदान गर्नुभयो।)

# परम पूजनीय नवौँ ठङ्गु रिन्पोछेको आत्मजीवनीमा आधारित आठ प्रश्नोत्तर

(हाम्रा परम पूजनीय गुरु क्याब्ज्ये योङ्गिन खेन्छेन ठङ्गु रिन्पोछेज्यूको कार्य लीला बाह्य, भित्री र गुह्यको लीला अचिन्तनीय रहेका मध्ये समस्त सर्वसाधारणको जसतो बाह्य जीवनी भिडियो रेकर्डिङ् मार्फत आठ प्रश्नोत्तरको रूपमा रहेका छन्। १) जन्म कहाँ र कसरी भएको, २) कल्याणमित्रहरूको भेट र सन्चय तथा शोधनको सम्बन्ध कस्तो रहेको, ३) त्यसको पुण्यले पठनपाठन सम्बन्धी के कस्तो भयो, ४) अध्ययन अध्यापनले अरुको मनमा सद्धर्मको कस्तो सम्वन्ध राख्नु भएको, ५) त्रिरत्नको के-कस्ता अद्भुत प्रतिमाहरू दर्शन गर्नुभएको, ६) गुफावास तथा ध्यान साधना के कस्तो गर्नुभएको, ७) अभिसमय बोध के कस्तो भएको, ८) गुरुको के कस्तो सेवा गर्नुभएको।)

## १) जन्म कहाँ र कसरी भएको थियो ?

**उत्तर:** भोट पात्रो: जल-चरा वर्षको १० महिना १० गते तदनुसार सन् १९३३ नोभेम्बर २६ तारिखको दिन तिब्बतको *रलुङ्दा* भन्ने गाउँको एउटा सानो परिवारमा आमाको माइतीघरमा मेरो जन्म भएको थियो। त्यस बेला आमाकी बहिनी छेरिङ याङ्जोमले प्रसुतीमा सहयोग गर्नुभएको रहेछ। त्यस बेला बुबा भेन्छेन गोन्पामा छेच्यु दिवस मनाउन जानु भएकोले घरमा उपस्थित नभएको कुरा आमाले भन्नुभएको थियो। बुबाले क्येगु गोन्पाको ग्यानाग टुल्कुको दर्शन गरी नवजात शिशुको नामकरण गर्न अनुरोध गर्नुहुँदा उहाँले,

“नामकरण गर्न एकजना आउने छ, तपाईंले फोहोर नगरी सफा राख्नु।” भन्नुभयो।

पछि परम पावन १६ औँ कर्मपाले ‘लोडो छ्योफेल’ भनी नामकरण गर्नुभएको थियो। सितु पेमा वाङ्छ्योग ग्याल्पोले पनि ‘कर्म लोडो छ्योई पाल शाङ्पो’ राख्नुभएको र दुवै नाम एउटै सुनिने र अर्थ पनि उस्तै लाग्ने भएकोले मान्छेहरू आश्चर्यजनक र अद्भुत अनुभूति भएको कुरा गर्थे। ग्यानाग टुल्कु एक अभिज्ञा युक्त गुरु भएको र उहाँको भविष्यवाणी सही हुन्छ भनी सबैले श्रद्धा र ठूलो आस्था राख्दा रहेछन्।

त्यसपछि सन् १९३४ सालमा आफू दुई वर्षको हुँदा गोन्पाले टुल्कु (निर्माणकाय) खोजीको लागि पाल्पुङ्मा आवेदन पत्र दिएको रहेछ। त्यसको उत्तरमा, अवतार खोजीमा कठिनाइ भएकोले प्रमाणीकरण सहज गर्न वृहत पूजापाठ गर्नु भनेर स्पष्ट लेख्नुभएको थियो। त्यसैले म आफू औतारी नभए पनि बुद्ध शासनको सेवा गर्नको लागि मात्र पहिचान गर्नुभएको कुरा स्पष्ट हुन्छ। त्यस बेला अघिल्लो ठङ्गु रिन्पोछेको परिचारक कर्म मोन्लम भन्ने वृद्ध लामाले धेरै पूजापाठ गर्नुपर्ने भएको थियो।

वास्तवमा, सन् १९३२ साल (जल-बाँदर वर्ष)मा चीन र तिब्बत युद्ध भएकोले स्याशुर र खेन्छ्युङ् दावाको छाउनी ठङ्गु गोन्पामै राखी बसेकाले स्वर्ण अस्तु स्तूप बनाउने सुन, चाँदी जस्ता सबै बहुमूल्य सर-सामान शौचालयममा लुकाएकाले ती बाहेक अघिल्लो टुल्कुको अरु सबै सामान गुमाउनुपरेको थियो। त्यसैले कर्म मोन्लमलाई ठूलो कठिनाइ आइपरेको थियो। तर पनि अघिल्लो ठङ्गु टुल्कुको अन्तिम आज्ञानुसार स्वर्ण अस्तु स्तूप र बज्रसत्वको उत्कृष्ट मूर्ति लामो तीर जति अग्लो बनाउनुभएको रहेछ।

परम पावन १४ औँ दलाई लामाको जन्म भएको साल अर्थात् सन् १९३५ (सुँगुर वर्ष)मा म तीन वर्षको हुँदा मेरो दाहिने गालामा ठूलो चोट लागेको थियो जुन घाउको दाग अहिले पनि छ। मेरो आमा साधारणतया अति नै लगनशील हुनुहुन्थ्यो तर त्यस बेला मलाई थोरै समय खुला छोड्नुभएको के थियो, म बाहिर बाटोमा डुल्दै गर्दा याकले हानेर गम्भीर अवस्थामा पुगेको रहेछु। अहिले त्यति स्पष्ट याद आउँदैन। त्यस बेला बुबाले औषधी लगाउँदै 'छेछ्योए' मन्त्र पढ्नुभएको अलि अलि याद आउँछ। त्यस बेला ज्यान जोखिमबाट मुक्त हुनु भनेको पूजापाठ र औषधीको देन हो जस्तो लाग्छ।

सन् १९३६ मा, म चार वर्ष हुँदा ठलेग रिन्पोछे (सन् १९०२-१९५३) पैँतीस वर्षको हुनुहुन्थ्यो। उहाँले त्यस बेला परम पावन ग्याल्वङ् कर्मपा रिग्पे दोर्जे र परम पावन ज्याम्गोन ताई सितु पेमा वाङ्छ्योग ग्याल्पो दुवैले दिनुभएको पहिचान पत्र मेरो बुबा आमालाई देखाउनु भएछ। मेरो मामा लोडो क्येगु गोन्पाको लामा हुनुहुन्थ्यो। उहाँलाई पहिले त विश्वास लागेको रहेनछ तर पछि पत्र देखाउँदा पूर्ण विश्वासका साथ मान्नुभएको कुरा आमाले भन्नुभएको थियो। उक्त पहिचान पत्रमा दोन्डुब नामको पिता र काल्शाङ वा डोन्मा नामको माता लगायत घरको दिशा समेत कालो र रातो मुकुट वाहक दुवैले एउटै उल्लेख गर्नुभएको रहेछ। मेरो बुबाको नाम उहाँ सानो हुँदा ज्याम्याङ छेफेल र छोटकरीमा ज्याम्खो भन्दथे। यसै बीच ठूलो विमार परेकोले नाम परिवर्तन गरी पछि मलाई याद भएअनुसार सबैले कुन्गा दोन्डुब भनेर बोलाउँदा रहेछन्। मेरो आमाको नाम काल्शाङ वाङ्मो हो। घरको ढोका पूर्वपट्टि भएको कुरा उक्त पहिचान पत्रमा स्पष्ट उल्लेख गर्नुभएको देखेर सबैजना आश्चर्यचकित भएका रहेछन्।

विशेष गरी परम पावन ग्याल्वङ् कर्मपा सानै भए पनि उहाँले शुद्धाभासमा

“गोन्पाको पूर्वमा ठूलो मणि रहेछ र त्यो भन्दा अगाडि देखिन। तर मणिको अति नजिक छ” भन्नुभई परोक्ष पनि स्पष्ट देख्नुभएर अद्‌भुत भविष्यवाणी गर्नुभएको कुरा ठलेग रिन्पोछेले सुनाउनु भयो। तर उक्त पहिचान पत्र राजनीतिक परिवर्तनका क्रममा गुमाउनु परेको थियो। आफू साधारण मान्छे भए पनि महान् व्यक्तित्वहरूको अद्‌भुत भविष्यवाणी पत्र गुमाउनु परेकोमा ठूलो दु:ख लाग्छ। यसरी भविष्यवाणी पत्रमा उल्लेख गर्नुभए जस्तै बुबा ४० वर्षे कुन्गा दोन्डुब र आमा ३४ वर्षे काल्शाङ वाङ्मोको कोखबाट सन् १९३३ सालमा मेरो जन्म भएको थियो।

सन् १९३६ (अग्नि: मुसा वर्ष)मा म चार वर्षको हुँदा जुरी टुल्कु दोङाग छ्योक्यी सेङ्गे मेरो घरमा पाल्नुभई चोखाउनुका साथै भिक्षुको प्रतीक वस्त्र; शेन, स्याम्थब आदि प्रदान गर्नुभयो। त्यसपछि सन् १९३७ साल जुन महिनाको १९ तारिख (अग्नि गोरु वर्ष पाँचौँ महिनाको ११ गते)मा म पाँच वर्षको हुँदा उहाँले घोडा सवारीका साथ भव्य स्वागतसहित गोन्पामा प्रस्थान गरी गद्दीमा राख्नु भएको थियो। त्यस लगत्तै नवौँ पेन्छेन छ्योक्यी ङ्यिमा गोन्पामा पाल्नुभई केही दिन बस्नुभएकोले उहाँको दर्शन र अभिषेक प्राप्त गर्ने सौभाग्य मिल्यो। त्यस बेला पेन्छेन रिन्पोछे परिचारक टोलीसहित मध्य तिब्बतमा पाल्नुहुने योजना भए पनि तिब्बत सरकारले रोक लगाएका कारण जान सक्नु भएन। अन्तमा उहाँले सन् १९३७ साल (अग्नि गोरु वर्ष)मा क्येगु गोन्पामा परिनिर्वाण प्राप्त गर्नुभयो।

सन् १९३८ (बाघ वर्ष)मा म छ वर्षको हुँदा अघिल्लो ठङ्गु टुल्कुको भतिजो पर्ने ठिन्ले छेरिङ् र उसको छोरो ज्याम्याङ् छ्योफेलले आफ्नो घरमा मेरो शिक्षक कर्म मोन्लम र परिचारक कर्म टाशीलाई आमन्त्रण गर्नुभएको बेला म पनि सँगै गएको थिएँ। त्यस बेला मेरो आमाले बहिनी जन्माउनु भएको थियो। बुबाले ठलेग रिन्पोछेलाई छोरीको नामकरण गर्न अनुरोध गर्दा छेरिङ पाल्डोन भनी नाम

राख्नुभयो। हाम्रो ङ्येर्पाले ठलेग रिन्पोछेलाई मेरो पढाइको बारेमा सोध्नु हुँदा, उहाँले अहिले सानै भएकोले त्यति फलदायी नहोला, त्यसैले सात वर्षदेखि पढाइ सुरु गरे हुन्छ भन्नुभएकाले त्यो वर्ष खेलेरै बित्यो।

सन् १९३९ सालमा म सात वर्षको थिएँ। मेरो शिक्षक कर्म वाङ्छयुगको परिवार पहिले जुर्माङबाट रहेछ। उहाँको बुबा थार्क्षीन भन्ने सिपालु र दक्ष हुनुहुन्थ्यो। उहाँहरू थोन्नाङ् भन्ने गोन्पाको नजिकै बस्नुभएको थियो। उहाँहरूका तीन छोराहरू सबै गोन्पामा लामा बन्नुभएको थियो। सबै छोराहरू लगनशील, ज्ञानी र विद्वान थिए। ती मध्ये मेरो शिक्षक भने जेठो छोरो हुनुहुन्थ्यो। उहाँ सानै छँदा बुबासँगै ठाउँ ठाउँमा गएर पत्थर कुँद्ने गर्नुहुन्थ्यो। यसरी पढ्ने लेख्ने त्यति नगर्नु पर्ने गरी स्वत जान्नुभएको रहेछ। तर पनि उहाँको त्यति बेलाको लेखाइ हेर्दा उत्कृष्टता थिएन।

एकदिन उहाँहरू तीनभाइ छुर्फु गोन्पाबाट यता आँउदै गर्दा भाइहरूको नजरमा उहाँ जुवा खेल्न अति रमाउन थालेको जस्तो देखेर नरोयोग ध्यान केन्द्रको प्रमुख गुरु, जीवनभर गुफाबासमा रहेको मामा कर्म टाशी भएको ध्यान केन्द्रमा उहाँको इच्छा विपरीत राख्नुभएको थियो। त्यहाँ उहाँको ज्ञानको नेत्र खुलेको जस्तो भई लगनशीलताका साथ पढाइ र अभ्यास गर्नुभएको थियो। त्यसपछि ड़ु ज्याम्याङ डाग्पाबाट कलाप व्याकरण, परम पावन तेस्रो कर्मपा राङ्ज्युङ दोर्जे विरचित 'गम्भीर भित्रीअर्थ' र दुई साना तथा सरल शास्त्रहरुको अध्ययन गर्नुभएको थियो। त्यस बेला घरबाट टाढा गएकोले दिन गुजार्न धेरै गाह्रो भए तापनि लगनशीलताका साथ सिक्ने र ध्यान अभ्यास गरेकोले सबै दंग थिए। एउटा उदाहरण भन्नुपर्दा, उहाँले राति पुस्तक पढ्न दियो बाल्ने क्षमता पनि नभएकोले धूप बालेर एउटा एउटा अक्षर हेर्नुभई पढ्नु भएको रहेछ।

त्यसपछि उहाँले देगे पाल्पुङ् गोन्पामा पाल्नुभई पाल्पुङ् उक्षेन तेन्जिन दोर्जेबाट ज्योतिष शास्त्र, व्याकरण, कविता आदि सिक्नु भएको थियो। त्यसै गरी बेरी खेन्चेबाट त्रिपिटकको आगम पाउनुभएको थियो। हस्तलेखन पनि परिवर्तन गर्नुभई त्यसपछि धेरै राम्रो लेख्न थाल्नुभएको रहेछ। त्यस बेला देगेको व्यवस्थापक लुग्राको ज्याम्याङ्ले आर्थिक सहयोग गर्नुभई दिन गुजारा पनि धेरै राम्रो भएको रहेछ। व्याकरणमा अति दक्ष भएकाले उहाँलाई ठलेग रिन्पोछेले मलाई क ख (वर्णमाला) सिकाउनु भन्नुभएको थियो। मलाई रिन्पोछे आफैँले उच्येन अक्षरमा लेख्नुभएको क ख अर्थात् भोट लिपि वर्णमाला रेशमी कपडाले बेरेर दिनुभएको थियो। यसै गरी जुरी टुल्कुले पनि उमे अक्षरमा लेखेर दिनुभयो। ती दुई सिकाउँदै उहाँ मेरो घरमा केही महिना बस्नुभएको थियो। त्यतिबेला आधारभूत शिक्षा प्रदान गर्नुभएकोले धेरै राम्रो भयो जस्तो लाग्यो। सानै भएकाले के हो भनी त्यति अनुभूति भने भएन।

सन् १९४० सालमा म आठ वर्षको हुँदा परम पावन १६ औं ग्याल्वङ् कर्मपा रिग्पे दोर्जे सत्र वर्षको हुनुहुन्थ्यो। उहाँ गोन्पामा पाल्नुहुने खबर सुने पछि गोन्पाको झ्याल-ढोकामा रङ लगाइयो। ढोकामा चन्द्र, सूर्य र रत्न आदिको राम्रा चित्रहरू बनाइए। सबै लामाहरू परम पावनको स्वागतका लागि गएका थिए। तर आफू सानै भएकाले ठलेग रिन्पोछेले नगए पनि हुन्छ भन्नु भएकोले म गएको थिइनँ। देवालयमा दर्शन गर्ने बेलामा उत्कृष्ट आकारको पालकी र स्वागत गर्ने सबैले राम्रा राम्रा लुगा, चिनियाँ टोपी, मंगोल जुत्ता आदिले सजिएकाले त्यहाँको माहौल धेरै रमाइलो देखिएको थियो।

मुकुटको स्वागतका क्रममा व्यवस्थापक ङेदोन ग्याल्छेन अति शानदार देखिनुभएको थियो। ढोकामा दुई सुरक्षाकर्मीले बाघ र चितुवाको लामो कोट

लगाएका थिए। फलामे छड भिर्दा डरलाग्दो देखिन्थे। अभिषेकको बेलामा उनीहरूले पालकी समातेर सर्वसाधारणहरूलाई अपशव्द बोलेर गाली गरेको देख्दा नैतिकताहीन जस्तो लाग्यो। तर परम पावन भने मुहारमा चमक भएका र शानदार देखिनु हुन्थ्यो। त्यो बेला आस्था भनेको के हो थाहा नभए पनि उहाँको दर्शन गर्ने उत्साहले जति दर्शन गरे पनि फेरि फेरि गरिराखौँ जस्तो भएको थियो। ठलेग रिन्पोछेले चढावा स्वरूप घोडा, खच्चर र दश हजार तोला जति चिनियाँ मुद्रा चढाउनुभएको थियो। अनि साना ठूला लामाहरूबाट पनि व्यक्ति तथा आधिकारिक रूपमा पनि जति सक्दो चढाउनुभएको थियो। मेरो निवासको भने आर्थिक अवस्था कमजोर भएकोले धौ धौ भएको कुरा व्यवस्थापकले भन्नुभएको थियो। अन्तमा मेरा नजिकका दाताहरू मिलेर दुई हजार तोला जति चिनियाँ मुद्रा चढाउन सकेका थिए। त्यस बेला अभिषेक प्राप्त भएको र परम पावन ग्याल्वङ् कर्मपा तथा मुकुटको धेरै पटक दर्शन गर्ने सौभाग्य मिल्नु अति भाग्यमानी हो जस्तो लाग्यो।

त्यसै बीच अघिल्लो ठङ्गु टुल्कुको परिनिर्वाणपछि उहाँका परिचारक गेरी शोपा र कर्म टाशी दुवैजना निवासबाट बाहिरिएका थिए। त्यसपछि एउटा दाताको छोरो कर्म छेवाङ भन्ने लामालाई गोन्पाको कर्मचारीहरूले मुख्य ङ्येर्पा नियुक्त गर्नु भए पनि अघिल्लो ठङ्गु टुल्कुको परिचारक कर्म मोन्लमसँग मन मुटावका कारण कामबाट बिदा लिनु भएपछि ल्हाक्याब भन्ने एकजना कामचलाउ मात्र थियो। पछि गोन्पा व्यवस्थापकले लोछ्योइ भन्ने एकजना बुद्धिमान र दक्ष व्यक्तिलाई नियुक्त गर्नुभयो। उहाँ हेर्दा जीउ अलि सानो भए पनि कपाल र दाह्री सेतो फुलेको थियो। उहाँ अति कुशल व्यक्तित्व हुनुहुन्थ्यो भन्ने कुरा पछि कुराकानीको क्रममा सुनेँ। परम पावन ग्याल्वङ् कर्मपाज्यूले उक्त समय कर्म वाङ्छ्युगलाई मेरो शिक्षक नियुक्त गर्नुभएको थियो।

त्यसपछि शिक्षकले संभोटलिपिको स्वरवर्ण र व्यञ्जनवर्ण धेरै राम्ररी विष्तृत रूपमा सिकाउनु भयो। त्यस बेला अरु लामाहरू संगै नभई छुट्टै बसी सिकेकाले पढ्न सक्नेसम्म मात्र भएको थियो। तर 'छ्य' लाई 'छ' र 'ज्य' लाई 'ज' पढ्ने भने गाउँको चलनअनुसार थियो। उहाँले शब्द उच्चारणहरू सबै राम्ररी सिकाउनु भएको थियो। तर मन्त्र उच्चारण गर्दा 'पाद्यं' लाई 'पेयं' सिकाउनु भएको चाहिँ तिब्बतमा जसरी सिकाउनु भयो त्यसलाई विश्वास भए पनि पछि भारतमा आएपछि भारत र तिब्बत बीचको भौतिक दूरीले गर्दा उच्चारणमा फरक आएको होला जस्तो लाग्यो।

सन् १९५८ सालमा, म २६ वर्षको हुँदा भोट पात्रोको छैटौँ महिनाको २५ गते राति मेरो दाइले एकजना सन्देशवाहक पठाउनु भई चिनियाँ सेना याङ्चे नदी पारि आइपुगिसकेकाले नेताहरू र केग्यु गोन्पाको महत्त्वपूर्ण व्यक्तित्व भाग्न लागेकोले त्यस्तै गर्नु भनी खबर दिनुभयो। तर उक्त समाचार अति गोप्य भएकोले कसैलाई नसुनाउनु भन्नुभएको थियो। तत्काल जुरी टुल्कु रिन्पोछेलाई सोधी पर्सिपल्ट गोन्पाबाट निस्किने निर्णय भयो। केही सामान लग्न भनी पोको पारेँ। हामीहरू निस्कँदा विध्न बाधा नहोस् भनी केही लामाहरूले पूजा पनि गर्नुभयो। जोखना पनि हेर्नुभएको थियो। केही त अति नै निराश देखिनु हुन्थ्यो। म वर्षाबास कक्षमा जाँदा कर्म सम्डुब (वरिष्ठ लामा) त्यहीँ ठूलो स्वरले रुनुभएको थियो। त्यसकै लक्षण होला उहाँ केही दिन पछि २९ गतेका दिन चिनियाँ सेनाको गोली लागेर मृत्यु भएको थियो।

भोलिपल्ट २७ गतेका दिन बिहान सबेरै महाकाल कक्षमा छोटो समय दर्शन गरेँ। ठलेग टुल्कु आफ्नो बुबा आमा र जुरी टुल्कु केही परिचारकसहित निस्कनु भई बोरोगमा पुग्ने बेला धेरैले समयमै निस्कन सकेकोले धेरै राम्रो भयो भन्दै

थिए। गुफावास नायक वरिष्ठ लामा उर्गेनको भेट हुँदा उहाँले आफ्नो सपनामा ठङ्गु टुल्कुहरू प्रकाशमय स्वर्ण मुकुटसहित प्रस्थान गरेको देख्नुभएको रहेछ। जुरी रिन्पोछेको मुख्य कोषाध्यक्ष पनि आइपुग्नुभएको थियो। उहाँ पहिले सँगै आउने भए तापनि केही लामाहरूले भाग्नु ठीक नहोला भनेपछि मन परिवर्तन भएको थियो भन्ने जस्ता धेरै कहानी सुनाउनु भएको थियो।

दुई दिनपछि जुरी टुल्कुको महाकाल कक्षको लामासँग भेट भयो। उहाँले भनेअनुसार गोन्पामा २९ गतेका दिन बिहान सबेरै चिनियाँ सेनाले तोप, गोली हानी कब्जा गरेर भिक्षुहरू सबैजना *क्येगुदो* कारागारमा थुनेर राखेका थिए। त्यसपछि मेरो बिचारमा मध्य तिब्बतमा सीधै आइपुग्न पाए हुन्थ्यो जस्तो लाग्यो तर पहिले नै जुरी टुल्कुको मुख्य कोषाध्यक्षले त्यसरी जान हुन्न भन्नुभएको थियो। यदि गएर यस साल उत्तरमा बसे चिनियाँ सेना आउने निश्चित भएको कुरा गर्नुभएको थियो। अनि अरु कुनै उपाय नभएको र कसैलाई पनि पहिले दुश्मन भेटेको कुनै अनुभव नभएकाले जुरी टुल्कु रिन्पोछेले मेरो सुझावअनुसार सीधै नजानु भई उत्तरदिशा हुँदै ङुल्खीम र खोइश्युङ् आदि ज्याङथङको ठूला गाउँहरूमा आइपुगेका थियौँ।

## २) कल्याणमित्रहरूको भेट र उहाँहरूसँग सन्चय तथा शोधनका बारेमा केही बताइदिनुहोस् न ?

उत्तर: मैले कल्याणमित्र तथा गुरुवर्गहरू धेरै दर्शन गरेँ। ती मध्ये मेरो मुख्य कल्याणमित्र तथा गुरु परम पावन १६ औँ ग्याल्वङ् कर्मपा रिग्पे दोर्जेको दर्शन गर्ने सौभाग्य मिल्यो। म आठ वर्षको हुँदा उहाँ खाममा पाल्नु भएको बेला पहिलो पटक दर्शन भएको थियो। त्यस बेला अभिषेक र मुकुटको दर्शन गर्ने सुवर्ण अवसर मिलेको थियो। त्यसपछि म एघार वर्षको हुँदा खामबाट छुर्फुमा गएको बेला परम

पावनले श्वेततारा चिन्तचक्रको अभिषेक प्रदान गर्नुभएको थियो। वास्तवमा उहाँको करुणा र अधिष्ठानले गर्दा म यसरी लामो समय बाँच्न सकेको हुँ। दीर्घायु भए पनि सद्धर्मलाई योगदान पुऱ्याउने महान् कार्य केही पनि गर्न सकिनँ। तर पनि सद्धर्मको विपरीत कार्य भने खासै भएको छैन। यी सबै उहाँ र उहाँले प्रदान गर्नुभएको श्वेततारा चिन्तचक्रको करुणा र अधिष्ठानले गर्दा हो जस्तो लाग्छ।

त्यसपछि परम पावन दलाई लामा चीन जानुभएको बेला परम पावन ग्याल्वङ् कर्मपा पनि चीन जानुभएको थियो। त्यस बेला कग्यु गोन्पाका सबैले उहाँको दर्शन गर्न पाएका थिए। चीनबाट परम पावन दलाई लामा फर्किनु अगाडि परम पावन ग्याल्वङ् कर्मपाले धर्म उपदेश दिन पाल्नु भएको थियो। त्यसपछि उहाँ पाल्पुङ गोन्पामा पाल्नु भयो। हाम्रो खाममा भएका लामा, टुल्कु, र भिक्षुहरू धेरै जना पाल्पुङ गोन्पामा दर्शन गर्न गएका थिए। त्यस बेला ज्याम्गोन सितु रिन्पोछेको अवतारलाई गद्दी आरोहण गर्नुभएको थियो।

सोही साल अर्थात् सन् १९५४ (घोडा वर्ष)मा, म बाइस वर्षको हुँदा उहाँबाट प्रतिमोक्ष संवर ग्रहण गर्ने सौभाग्य मिल्यो। त्यसपछि परम पावनले ज्याम्गोन सितु रिन्पोछेलाई बोधिचित्तोत्पाद संवर प्रदान गर्नुभयो। बोधिचित्तोत्पाद संवर ग्रहण गर्दा नागार्जुनको परम्परा र असङ्गको परम्परा भएकाले उहाँले दुवै परम्पराद्वारा बोधिचित्तोत्पाद संवर प्रदान गर्नुभयो। परम पावन ग्याल्वङ् कर्मपाबाट ज्याम्गोन सितु रिन्पोछेको सँगै मैले पनि बोधिचित्तोत्पाद संवर दुवै परम्परानुसार ग्रहण गर्ने सुवर्ण अवसर प्राप्त भयो। त्यसपछि गुह्यतन्त्र बज्रयानमा जिनसागरको अभिषेक र थुग्डुब बाछ्र्यें कुन्सेलको विष्तृत अभिषेक प्रदान गर्नुभएको थियो। त्यसको चौथो अभिषेक प्रदान गर्ने क्रममा परम पावन ग्याल्वङ् कर्मपाले शब्द र अर्थ विस्तारै वाचन गर्दा आफ्नो मनमा धेरै लाभ भएको र ठूलो अधिष्ठान प्राप्त भयो।

उहाँको व्यवस्थापनमा परम पावन दलाई लामा चीनबाट यता *आलोचेशुर* त्रिवेणीमा आउनु भयो। त्यसपछि २-३ दिनपछि *छ्याब्दो* हुँदै मध्य तिब्बतमा फर्कने बेला म उहाँसँग धेरै नजिक नभएकोले पूर्ण श्रद्धा र आस्थाले उहाँलाई साक्षात् बुद्ध मानेर प्रार्थना तथा प्रणिधान गरेँ। हामीले 'देन्डुब मोन्लम' गरेका थियौँ। त्यसकै कृपाले होला पछि चिनियाँ दमनमा नपरी भारतमा आइपुग्न सफल भएँ। भारतमा आइपुगेर पनि परम पावन ग्याल्वङ् कर्मपाको शरणमा बस्ने सौभाग्य प्राप्त भयो।

त्यसपछि भारतमा आइपुगेर सिक्किम रुम्तेगमा करिब सत्र वर्ष जति सेवा गर्ने सौभाग्य प्राप्त भयो। त्यही समयमा 'कग्यु मन्त्रकोश, उपदेश कोश, वृहत उपदेशकोश, सर्वव्यापी ज्ञेयकोश' आदि पाँच कोश मध्ये महारत्न निधिकोश बाहेक अरु सबै परम पावन स्वयम्बाट प्राप्त गर्न पाएँ। त्यसै गरी सातौं कर्मपा छ्योडाग ग्याछोले नव संकलित तीन ठेली महामुद्रा ग्याश्युङको आगम तथा व्याख्या र गम्पोपाको उपदेश सँग्रहको सबै आगम प्रदान गर्नुभई ठूलो कृपा गर्नुभयो।

पूर्व ज्याम्गोन सितु पेमा वाङ्छ्योग ग्याल्पो धेरै टाढा भएकोले उहाँको दर्शन गर्न सकिनँ। त्यसैले उहाँबाट अभिषेक, आगम, व्याख्या आदि केही प्राप्त गर्ने अवसर मिलेन। कग्यु स्वर्णमालामा भएको १५ औँ ग्याल्वङ् कर्मपा पुत्र अर्थात् दोस्रो ज्याम्गोन कोङ्टुल रिन्पोछे पाल्देन खेन्चे होईशेर र ठलेग क्याब्गोन रिन्पोछे दुईको सम्बन्ध अति घनिष्ट भएकाले उहाँ ठङ्गु गोन्पामा केही पटक पाल्नुभएको थियो। उहाँ गोन्पामा पाल्नुभई थुग्डुब बाछ्र्ये कुन्सेल महासाधनामा आधरित सिद्धि औषधी साधना सुरु गर्नुभएको थियो। उक्त महासाधनमा म पनि सहभागी भई उहाँहरूसँगै पूजा गर्ने अवसर पाएँ। ज्याम्गोन कोङ्टुल रिन्पोछेज्यूले चक्रसंवर,

जिन-सागर, बज्रवाराहीको अभिषेक लामाहरू सबैलाई प्रदान गर्नुभएको बेला मैले पनि प्राप्त गरेँ। उहाँले 'गोन्पो बेर्नग् च्येन' जस्ता धर्मपालको अभिषेक, महामुद्रको व्याख्या, नवौँ कर्मपा वाङ्छ्युग दोर्जे विरचित 'महामुद्रा नितार्थ सागर, महामुद्रा अविध्या अन्धकार निवारण, महामुद्रा औँलाले दर्साउने' ग्रन्थहरु केहीको आगम दिनु भयो। केहीको व्याख्या गर्नुभएको थियो। त्यसमध्ये 'वज्रधर लघु प्रार्थनाको' विस्तृत व्याख्या गर्नुभएको थियो। उहाँले यस्ता विशेष कृपा गर्नुभएको थियो।

त्यसपछि नेनाङ् पावो रिन्पोछेको दर्शन भयो। पावो रिन्पोछे मध्य तिब्बतमा बस्नु हुन्थ्यो भने म खाममा बस्थेँ, त्यसैले पहिले त्यति धेरै दर्शन गर्ने अवसर प्राप्त हुँदैन थियो। तर पछि उहाँ पनि भारतमा पाल्नुभयो। वास्तवमा उहाँ एउटा विशेष गुरु हुनुहुन्थ्यो। उहाँ सानै हुँदा परम पावन १५ औँ ग्याल्वङ् कर्मपाज्यूले विभिन्न अभिषेक, आगम र व्याख्या गर्नुभएको थियो। त्यसैले विशेष तथा दुर्लभ आगम, अभिषेक र व्याख्याहरू उहाँसँग धेरै रहेकोले परम पावन १६ औँ ग्याल्वङ् कर्मपाले ती अभिषेक, आगमहरू जसरी भए पनि प्रदान गर्नुपर्छ भन्नुभएको थियो। ती मध्ये विशेष गरी आठौँ कर्मपा विरचित 'विनयटीका सौर्यमण्डल'को पूर्ण आगम प्रदान गर्नुभयो। आगम प्रदान गर्दा पावो रिन्पोछेको उमेर ठूलो भएकाले उहाँले प्रष्ट देख्न सक्नु हुन्न थियो। वाचन गर्ने बेला धेरै गाह्रो भो भन्नु हुन्थ्यो। तर पनि परम पावनको आदेश हो भन्नुभई 'विनयटीका सौर्यमण्डल' र महाकाल पाठको आगम प्रदान गर्नुभयो जुन मैले पनि प्राप्त गरेँ।

त्यसपछि मैले क्याब्जे कलु रिन्पोछेज्यूलाई कल्याणमित्र अर्थात् गुरु मानेँ। एक समयमा क्याब्जे कलु रिन्पोछेज्यूलाई रुम्तेगमा आमन्त्रण गर्नुभई नरो योगको व्याख्या र स्याङ्पा कग्युको अभिषेक तथा आगम सबै परम पावन ग्याल्वङ्

कर्मपाको नजिक रहेका टुल्कुहरूलाई प्रदान गर्ने बेला मैले पनि प्राप्त गर्ने सौभाग्य मिल्यो। त्यसपछि परम पावन १६ औँ कर्मपाले 'रत्न निधिकोश'को अभिषेक प्रदान गर्ने मनसाय भए तापनि त्यस बेला गोन्पा पुनर्निर्माण, भिक्षु संघको लागि निवास निर्माण आदि कार्य व्यस्तताले गर्दा अभिषेक प्रदान गर्न भ्याउनु भएन। त्यसपछि सितु रिन्पोछेको लागि 'रत्न निधिकोश'को अभिषेक कुन गुरुबाट ग्रहण गर्दा उत्तम होला भनी कुरा चल्दा उहाँले क्याब्जे कलु रिन्पोछेबाट ग्रहण गरे उत्तम होला भन्नुभयो। किनभने सर्वप्रथम ज्याम्गोन कोङ्टुल रिन्पोछे योन्तेन ग्याछोले रिन्छेन तेर्जोई परम पावन १५ औँ ग्याल्वङ् कर्मपालाई प्रदान गर्नुभएको थियो। अनि १५ औँ ग्याल्वङ् कर्मपाले दोस्रो कोङ्टुल पाल्देन खेन्चे होईशेरलाई प्रदान गर्नुभएको थियो। कोङ्टुल पाल्देन खेन्चे होईशेरले क्याब्जे कलु रिन्पोछेलाई प्रदान गर्नुभएको थियो जसले गर्दा यस परम्परा मात्र तीन पुस्ता भएको थियो। यसरी परम्परा अति नजिक र अधिष्ठित मात्र नभई क्याब्जे कलु रिन्पोछेलाई ज्याम्गोन कोङ्टुल रिन्पोछेको कर्मको निर्माणकाय हो भनी केही गुरुहरूले पहिचान गर्नुभएको थियो। त्यसैले उहाँहरूले क्याब्जे कलु रिन्पोछेबाट ग्रहण गर्ने निर्णय भएपछि सोनदामा 'महारत्न निधिकोश'को पूर्ण अभिषेक मैले पनि ग्रहण गर्ने सौभाग्य पाएँ।

मध्य तिब्बतबाट शेछेन कोङ्टुल रिन्पोछे पेमा डिमे लेग्पी लोडो वृद्ध अवस्थामा पनि ठङ्गु गोन्पामा पाल्नुभएको थियो। त्यतिबेला ठङ्गु गोन्पामा स्येडा अर्थात् उच्च बौद्ध शिक्षण केन्द्र थिएन। त्यसैले उच्च बौद्ध शिक्षण केन्द्र स्थापना गर्नु थियो। तर शिक्षण केन्द्रको स्थापना गर्दा वचन तथा धर्मको परम्पराको निरन्तरता बारे विचार राख्नुपर्छ किनभने विभिन्न परम्पराहरु मिश्रित भएमा धर्म, समय शीलमा त्रुटि वा खोट पुग्न सक्छ। तर त्यस्तो नभई शेछेन रिन्पोछेको

वाकिक परम्पराको बारेमा भन्नुपर्दा ज्याम्गोन मिफम रिन्पोछेद्वारा आएको परम्परा भएको र ज्याम्गोन मिफम रिन्पोछे ज्याम्गोन कोङ्टुल रिन्पोछे लोडो थायेको चेला हुनुहुन्थ्यो। यसरी मिफमद्वारा निरन्तर आएको विशुद्व र विशेष वाकिक परम्परा वाहक भएको र सिद्धान्त पनि हाम्रो कग्युपाको विशेष महामुद्रको अभ्यास क्रमसँग मेल खाने आदि कारणहरू हेर्नुभई शेछेन कोङ्टुल रिन्पोछे ठङ्गु गोन्पामा आमन्त्रण गर्नुभएको थियो। उहाँले त्यस बेला 'शान्त-क्रोध'को अभिषेक विस्तृतमा प्रदान गर्नुभएको थियो। त्यसै गरी मिफम विरचित ग्रन्थ सङ्ग्रहको पूर्ण आगम प्रदान गर्नुभएको थियो। अनि उच्च बौद्ध शिक्षण केन्द्र स्थापना गर्नुहुँदा महाग्रन्थ सर्वव्यापी ज्ञेय कोशको पूर्ण आगम र व्याख्या गर्नुभएको थियो तर उहाँले व्याख्या गर्नुहुँदा अति विस्तारमा भने गर्नुभएको थिएन। यसरी उहाँबाट सङ्क्षिप्त व्याख्या सुन्ने सौभाग्य प्राप्त भएको थियो।

वास्तवमा, ज्याम्गोन मिफम रिन्पोछे ठङ्गु ध्यान गुफामा केही साल बस्नुभएको थियो। त्यही ठाउँमा उहाँले 'पण्डितावतार' लेख्नु भएको थियो। डुगु तोग्देन शाक्यश्री मिफमको दर्शनको लागि ठङ्गु ध्यान गुफामा पाल्नुभएको थियो। उहाँहरू बीच वार्तालाप आदि भएको र भविष्यमा ठङ्गु समुदायमा मिफमको वाकिक परम्पराद्वारा बुद्ध शासनलाई वृहत लाभ हुने विस्तृत प्रणिधान गर्नुभएको कहानी रहेका छन्। त्यसपछि शेछेन कोङ्टुल रिन्पोछे ठङ्गु गोन्पामा पाल्नु हुँदा विशेष गरी शुद्धाभास भएको कुरा गर्नुभएको थियो। यसरी शेछेन कोङ्टुल रिन्पोछे ठङ्गु गोन्पामा पाल्नुभयो। उच्च बौद्ध शिक्षण केन्द्र स्थापना पछि उहाँको भतिजा खेन्पो लोडो राब्साललाई ठङ्गु गोन्पामै राख्नुभएको थियो।

अनि खेन्पो लोडो राब्सलले स्येडाको अनुमति प्राप्त गर्नु भएपछि सर्वप्रथम बोधिसत्त्वाचर्यावतारको मूलबाट नै व्याख्या गर्नुभएको थियो। त्यसपछि

अभिधर्मकोश, मूलमाध्यमिककारिका, माध्यमिकलंकार, सूत्रालङ्कार, धर्मताविभाग, माध्यान्तविभाग, उत्तरतन्त्र आदिको क्रमश: विस्तृत व्याख्या गर्नुभएको थियो। म कुनै विद्वान होइन तर विशेष गुरु तथा कल्याणमित्रहरूको दर्शन र उहाँहरूबाट विभिन्न ग्रन्थहरूको विस्तृत व्याख्यान र प्रवचन श्रवण गर्ने सौभाग्य प्राप्त भयो।

त्यसै गरी पूजापाठको विधि तथा उपदेशहरूको अभिषेक, आगम र व्याख्या भने ठलेग रिन्पोछे र जुरी टुल्कुद्वारा प्राप्त गर्ने सौभाग्य मिल्यो। त्यसपछि भारतमा आएर अघिल्लो डुपोन रिन्पोछे, डुपोन तेन्जिन जो परम पावन ग्याल्वङ् कर्मपाले साक्षात् बोध भएको गुरुको रूपमा लिनुहुन्थ्यो, उहाँबाट 'गम्भीर भित्रीअर्थ, ग्युताग्ङ्यी, सद्धर्मचिन्तामणिमोक्षरत्नालङ्कार' आदिको शिक्षा लिएँ। यस्ता विशेष गुरु तथा कल्याणमित्रहरूबाट सिक्ने र अध्ययन गर्न पाएँ।

**३) कल्याणमित्रहरूको कृपाले पढाइ लेखाइ के कस्तो गर्नुभयो भन्ने बारेमा तीन प्रश्नहरु, क) प्रत्यक्ष रूपमा सद्धर्मको अध्ययन तथा अभ्यास कसरी गर्नुभयो ? ख) भिक्षु संघ तथा देश विदेशमा के-कस्ता धर्म प्रवचन गर्नुभयो ? ग) दान दक्षिणाहरूबाट विशेष गरी के-कस्ता ध्यान तथा शिक्षण केन्द्रहरू स्थापना गर्नुभयो ?**

**क) उत्तर:** वास्तवमा जुन जुन अभिषेक तथा आगम प्राप्त भयो ती सबैको ध्यान साधना राम्रै संग गर्न सकेँ। त्यसै गरी पुस्तकहरू पनि दोहोऱ्याई तेहऱ्याई पढ्ने गरेँ। म आफ्नो शिक्षकबाट कविताको माध्यम अध्याय सिकेर ती सबैमा कविता लेखी परीक्षा पनि दिएँ। मेरो कवितामा त्यति मिठास नभए पनि स्पष्ट भने हुँदो रहेछ। मेरो शिक्षकले कविताको पुस्तक पाउनु अगावै कविता लेख्न सिक्नु भएकोले कहिलेकाहीँ उदाहरण बिर्सेर धेरै गाह्रो भएको कुरा सुनाउनु हुन्थ्यो। आफूले कविता लेखनको पुस्तक पढ्न पाएकाले अलि फरक भने पर्दो रहेछ।

मलाई "जति सक्छ लेख्दो रहेछ" भन्नुभई प्रशंसा पनि गर्नुभएको थियो। तर पछिल्लो समयमा केही राम्रो केही रचना भने गर्न सकिएन।

वास्तवमा भन्नुपर्दा मेरो जन्म अति खराब समयमा भएको थियो। किनभने म मात्र बीस-बाइस बर्षको उमेरसम्म पढाइ गरेर बसेँ। जब धर्म सुन्ने सुनाउने समय आयो तब परिस्थिति अनुकूल थिएन। म चौबीस-पच्चीस बर्षको हुँदादेखि नै गाउँमा युद्ध सुरु भएकोले आफू यता उता जानुपर्ने भयो। त्रिरत्नको करुणामय कृपाले प्रत्यक्ष जेल जाने वा ज्यानै जाने घटना भने भएन। तर पनि पहिले खामबाट ल्हासातिर भाग्यौँ। ल्हासाबाट क्रमशः भुटान हुँदै भारत आइपुगेका थियौँ। त्यो पनि सीधै आइपुगेको कहाँ हो र? चिनियाँ सेनाको त्रासले यता जाने उता जाने गरेर धर्म प्रवचन सुन्ने सुनाउने त परै जाओस, अब कहाँ जानुपर्ने हो भनी हेर्दै बस्नु पर्थ्यो। तर पनि त्रिरत्नको करुणामय कृपाले ज्यान भने जोगियो। त्यस बखत पुस्तक पढ्ने जस्ता कार्य खासै भएन।

म सिक्किममा आइपुगेर सर्वप्रथम परम पावन ग्याल्वङ् कर्मपाको दर्शन गरेँ। त्यस बेला बाङ्याग आतेनले 'मञ्जुश्री नामसङ्गीति' पुस्तक हामी सबै पूजामा उपस्थित भएका बेलामा सबैजनालाई वितरण गर्नुभएको थियो। उहाँहरूसँग मञ्जुश्री नामसङ्गीति पाठको स्यिङ्पर (काठमा खोपिएको अक्षर) रहेछ। उक्त स्यिङ्परमा नीलो मसी लगाई छाप्नु भएको थियो। पूजामा सबै भेला भएको बेला नीलै नीलो देखिने पुस्तक वितरण गर्नुभयो। उक्त पूजामा सबै जनाले एक पटक मञ्जुश्री नामसङ्गीति पाठ वाचन गरे। त्यति खेर मेरो मनमा आज मसँग मञ्जुश्री नामसङ्गीति पाठको पुस्तक एउटा त छ भन्ने महसुस भयो किनभने त्यस बेला आफूसँग एउटा पनि पुस्तक नभएको अवस्था थियो।

त्यसपछि रुम्तेग गोन्पामा बस्दै गर्दा छुर्फु गोन्पाका केही लामाहरूलाई

बोधिसत्त्वाचर्यावतार सिकाउनु पऱ्यो भने। बोधिसत्त्वाचर्यावतारको मूल पुस्तक भने एउटा मात्रै भएकाले आज विद्यार्थीले लगेर सिक्ने अनि भोलि फेरि ल्याएर उक्त पुस्तक मार्फत सिकाउने गरेँ। यसरी एउटा पुस्तक आलो पालो गरेर सिकाएको थिएँ। धार्मिक पुस्तकको कमी भएकोले त्यस बेला पठन-पाठन गर्न निकै कठिनाइ थियो। तर पनि परम पावन ग्याल्वङ् कर्मपाज्यूले क्रमश: धार्मिक अध्ययन गर्ने स्थान अर्थात् गोन्पा स्थापना गर्नुभयो। त्यस बेला परम पावन ग्याल्वङ् कर्मपाको मुख्य हृदयपुत्र; श्यमर रिन्पोछे, ज्याम्गोन ताई सितु रिन्पोछे, तेस्रो ज्याम्गोन रिन्पोछे, गौश्री ग्याल्छब रिन्पोछे चारै जना रुम्तेगमा उपस्थित हुनुहुन्थ्यो। उहाँहरूलाई सिकाउनु भनी परम पावन ग्याल्वङ् कर्मपाको आदेश अनुरुप धेरै जसो महाग्रन्थहरू आफूले सके जति व्याख्या गरी सिकाएँ। सिकाएअनुसार उहाँहरूले पनि बुद्ध धर्मको संरक्षण तथा प्रचार-प्रसार गर्नुभई मैले दु:ख गरेर सिकाएको खेर गएन।

**ख) भिक्षु संघको स्थापना र स्वदेश तथा विदेशमा धर्म प्रवचन सम्बन्धी के कस्तो रह्यो भनिदिनुहोस् न।**

**उत्तर:** त्यसपछि विभिन्न गोन्पाहरूका एक दुई जना भिक्षुहरूलाई पढाएर बसेँ। त्यस बेला परम पावन ग्याल्वङ् कर्मपा र परम पावन दलाई लामाको करुणाले गर्दा मात्र बौद्ध धर्म जोगिन सकेको हो। भारतमा पहिलो चोटि आउने बेला बोधगयामा भोट बौद्धको गोन्पा एउटा मात्र थियो। वाराणसी सारनाथमा भोट गोन्पा भन्ने एकमात्र गोन्पा बाहेक अरु कुनै भिक्षु संघ थिएन। तर पछि उहाँहरू जस्ता महान् व्यक्तित्व तथा धर्मरक्षकहरूको कृपाले बौद्ध धर्म विस्तारै फैलिँदै गयो।

त्यसपछि कहिले काहीँ विदेशका केही ठाउँमा गएँ। एक हिसाबले विदेश

जानु भनेको अर्थहीन जस्तो देखिन्छ किनभने त्यस ठाउँमा धर्म विस्तार नभएको, धर्मको वास्ताविकता बुझेका हुँदैनन्। तर पनि शायद बुद्ध र बोधिसत्वहरूका करुणा तथा अधिष्ठानले गर्दा होला, जे भए पनि उनीहरूमा धर्मप्रति अपार आस्था भएको देखेँ। बौद्ध धर्ममा विशेष उपदेशहरू होला भन्ने सोचले प्रवचन सुरु भएपछि सबैजना एकाग्र मनले अति ध्यान दिएर सुनी आफ्नो कापीमा टिप्पणी लेख्ने गर्छन्। आफूले लेखेका टिप्पणीहरू फेरि फेरि पढी नबुझेकाहरू सोध्ने गर्छन्। प्रश्नहरू पनि सामान्य नभई आफ्नो विवेक प्रयोग गरेर विश्लेषणका साथ जति बुझिन्छ त्यसकै आधारमा प्रश्न गर्ने गर्छन्। यदि प्रश्नको जवाफ चित्तबुझ्दो पाएमा धेरै खुसी पनि व्यक्त गर्ने रहेछन्।

विदेशमा भिक्षु संघ फैलाउने भन्ने कुरा त्यस ठाउँको परम्परा र परिस्थितिले गर्दा धेरै गाह्रो कुरा हो। तर पनि उनीहरू धर्ममा साँच्चै नै ठूलो आस्था भएका हुन्छन्। त्यसैले ती श्रद्धालु विदेशीहरूलाई धर्म चाहिन्छ र धर्म प्रवचन गरिएन भने उनीहरू सद्धर्मबाट बन्चित हुन्छन्। तर आफूले विदेशी भाषा नजानेका कारण प्रत्यक्ष उनीहरूकै भाषामा धर्म प्रवचन गर्न सक्ने कुरै भएन, त्यसैले अनुवादक चाहियो। अनुवादकमार्फत धर्म प्रवचन गर्ने क्रममा कहिले राम्रो अनुवादक भेटिन्छ भने कहिले अनुवादक त्यति राम्रो हुँदैन। अनुवादकले राम्ररी अनुवाद गरे पनि नगरे पनि ती विदेशी श्रद्धालु भक्तजनहरू भने अति लगनशीलताका साथ ध्यान दिएर सुन्ने र जति सक्दो अभ्यास गर्ने गर्छन्। तर पूर्वयोग अन्तर्गत ढोग, वज्रसत्व, मण्डल आदि संचय गर्दा भने अलि कठिनाइ आईपर्ने रहेछ किनभने उनीहरू आफ्नो जीवन गुजाराको लागि काम पनि गर्नुपर्‍यो। जे भए पनि दुःख गरेर अभ्यास गर्ने कोसिस गर्दा रहेछन्।

उनीहरूलाई धर्म प्रवचन गर्दा हाम्रो यहाँ जस्तो ग्रन्थको व्याख्या नभएर

सामान्य कुराकानी गर्दा गर्दै प्रवचन गर्दा उनीहरूले धर्मको स्वाद लिने रहेछन्। धर्ममा आस्था नभएकाहरूमा आस्था जागेर आउने र आस्था भएका तर धर्मको अभ्यास गर्न नसकिरहेकाले पनि अभ्यास गर्न सक्ने हुने रहेछन्। म पश्चिमी मुलुकमा भने नर्वे, स्वीडेन, आइसल्याण्ड लगायत विश्वका धेरै ठाउँमा पुगेँ। दक्षिणमा अस्ट्रेलिया, न्युजिल्याण्ड, दक्षिण अमेरिका, चिली आदि देशमा पुगी धर्म प्रवचन गरेँ। धर्म प्रवचन गर्ने बेलामा उनीहरूले नोट लेखेर, विश्लेषण गरी अभ्यास गरेको देख्दा साँच्चै धर्म प्रवचनले लाभ पुगेछन्, अभ्यास राम्रो गर्ने रहेछन् जस्तो लाग्यो।

## ग) दान दक्षिणाहरूबाट विशेष गरी के-कस्ता ध्यान तथा शिक्षण केन्द्रहरू स्थापना गर्नुभयो ?

**उत्तर:** अघि भने जस्तै मेरो जन्म अति खराब समयमा भएकोले बौद्ध धर्म ध्यान तथा शिक्षण गर्न अति नै कठिन भएको थियो। किनभने पहिले ठङ्गु गोन्पामा लामाहरू कहिले तीन सय जना कहिले पाँच सय भन्दा धेरै हुने गर्थे भने ध्यान केद्र र शिक्षण केन्द्र दुवै थिए। तर ती सबै एकै दिनमै खत्तम भए। हुन त ती सबै आ-आफ्नो कर्मको फल हो। त्यसै गरी एक वर्ष, अर्को वर्ष गर्दै विभिन्न ठाउँमा भौतारी रहेँ। यसरी यता उता गरेर भारत आइपुगेँ। भारतमा आइपुग्दा फरक ठाउँ, फरक भाषा, फरक मौसम, फरक खाना आदि भएको एउटा नयाँ ठाउँ जुन ठाउँमा धर्मको आधार जस्तो केही पनि थिएन। उदाहरणको लागि अचेल जिरो वा शून्य अर्थात् खाली केही नभएको गाउँमा आइपुगेको थिएँ। त्यहाँ धर्मको एक पाइला सार्न पनि धेरै कठिन थियो। तर पनि शरणको लागि परम पावन १६ औँ ग्याल्वङ् कर्मपा विद्यामान हुनुभएकोले धेरै सहज भयो।

त्यसपछि महापुरुषहरू धेरैले गोन्पाहरू स्थापना गर्नुभयो। धेरै जनाले "तपाईंले ठङ्गु गोन्पा भन्ने नाम मात्र बाँकी हुन नदिनु" भन्नु भएकोले मैले नेपाल र भारतमा अलि पाइला राखें। तर त्यहाँ सर्वप्रथम न त जग्गा थिए, न त गोन्पा थिए, न त भिक्षु संघ नै थिए। ती सबै सुरुबाटै बन्दोबस्त गर्नुपर्ने हुँदा सजिलो थिएन। अरु महापुरुषहरूलाई भने त्यति कठिन थिएन तर मलाई वास्तवमा भन्नुपर्दा धेरै कठिन थियो। जति कठिन भए पनि ती सबै एक एक गरेर जुटाएँ। अनि अहिले भारतको वाराणसी र नेपालको नमोबुद्धमा स्येडा (उच्च बौद्ध शिक्षण केन्द्र) र ध्यान केन्द्र दुवै स्थापना गरें। ती स्थापना गरेर ध्यान केन्द्रबाट केही समूहले गुफाबास सम्पन्न गरिसकेका पनि छन्। त्यसले गर्दा धर्मको अभ्यास राम्रो गर्न सकेको र स्येडामा पनि पढाइ सम्पन्न गरेर अहिले कोही त खेन्पो भएर उहाँहरूले नै पढाउने गर्नुहुन्छ। कोहीले पुस्तकहरू पनि लेख्न सफल भएका छन्। भविष्यमा कतिसम्म फैलाउन सकिन्छ, के कस्तो होला भन्ने कुरा मैले अहिले तोकेर भन्न सक्दिनँ। तर पनि मैले प्रणिधान गरेअनुसार अहिलेको मेरो सुरुवातले भविष्यमा साँच्चै नै बुद्ध शासनमा ठूलो योगदान पुग्नेछ भन्ने आशा गरेको छु।

**४) अध्यापन तथा अभ्यासले अरुको मनमा सद्धर्मको छाप राख्नु भएको बारेमा तीन प्रश्नहरू, शील संवरले के लाभ भएको छ ? ज्ञेय तथा सिक्नु पर्ने सारा सिकेपछि के लाभ भएको छ ? दर्शन गर्दा पुण्य संभारको प्रोत्साहनले कस्तो लाभ मिलेको छ ?**

**उत्तर:** पहिलो, परम पावन १६ औँ कर्मपाज्यूले आफूलाई खेन्पो नियुक्त गर्नुभएर 'भविष्यमा शील तथा संवर प्रदान गर्नु' भन्ने स्पष्ट आदेश प्राप्त भएकाले त्यसपछि भने भिक्षु संवर आदि प्रदान गर्ने गरेको छु। खास गरी मैले तिब्बतमा

पनि दुई-तीन पटक उपसंपदा संवर प्रदान गरेको थिएँ भने भारत र नेपालमा धेरै पटक उपसंपदा संवर प्रदान गरिसकेको छु। हुन त केहीले शील पालन गर्न नसक्ने अवस्था पनि आइपरेका छन्। त्यस्तो जहिले पनि हुनसक्छ। तर पनि संवर प्रदान गरेकोमा पनि ठूलो लाभ हुन्छ। शील पालन गरी पोषध, वर्षाबास र प्रवारणा (वर्षाबास समाप्ति) जस्ता अभ्यास गरेर विनय सद्धर्ममा योगदान पुगेको छ होला भन्ने विश्वास लिएको छु।

**दोस्रो,** ज्ञेय तथा सिक्नु पर्ने सारा सिकेर देखाउने खासै केही छैन। तर पनि भोट व्याकरण, हिज्जे, कविता केही सिकाएर केहीले लेख रचना गर्न सक्ने र केहीले पढाउन सक्ने भएका छन्।

**तेस्रो,** म आफूसँग कुनै करुणा वा अधिष्ठान केही छ जस्तो लाग्दैन। तर पनि आफूले भिक्षु वस्त्र लगाएर विभिन्न ठाउँमा जाँदा त्यहाँका धेरै मानिसहरूलाई धर्मको राम्रो छाप छोड्न सकेँ। कोही मान्छे जो धर्ममा आस्था नभएकाहरूले पनि जब फरक खालको वस्त्र लगाएर आएको देख्दा उनीहरूले प्रश्न सोधी कुरा गरेर पछि उनीहरूको मनमा पनि राम्रो छाप राख्न सकेँ। धर्ममा चासो राख्ने कोही मान्छे त भिक्षु संघका साथमा बसेर धर्मसँग सम्बन्धित कुरा गर्छन्। त्यसले गर्दा सद्धर्मप्रति लगनशीलता र विश्वास बढेर ठूलो लाभ हुने रहेछ।

**५) त्रिरत्नको अद्‌भुत प्रतिमाहरूको दर्शन बारे तीन प्रश्नहरू, क) मानव निर्मित काय, वाक, चित्तका प्रतीकहरू के-के दर्शन गर्नुभयो ? ख) स्वयम् उत्पन्न भएको प्रतिमाहरू के-के दर्शन गर्नुभयो ? ग) अरु कुन-कुन महापुरुषहरूसँग भेट वार्ता भयो ?**

**क) उत्तर:** सन् १९८४ सालमा म जन्मेको ठाउँ तिब्बत ठङ्गु गोन्पामा गएको थिएँ। त्यहाँ देवालय तथा काय, वाक, चित्तका प्रतीकहरू सबै ध्वस्त भएका थिए। अति नै दयनीय र नाजुक अवस्था थियो। वास्तवमा धर्म तथा प्रतिमाहरूको

नाश भए तापनि समाजको विकास गरी सर्वसाधारणको जीवन शैलीमा सुधार ल्याएको भए हुन्थ्यो तर त्यो पनि थिएन। उक्त ठाउँ प्रेतहरूको गाउँ जस्तो भएको रहेछ। पहिले तिब्बतमा विद्यालय, अस्पताल, बाटो आदि त्यति राम्रा थिएनन्। तर भिक्षु संघ, गोन्पा, देवालय आदि भएकाले गाउँमा एक प्रकारको ऊर्जा भने थियो। जहाँ पनि दर्शन गर्न मिल्ने, हेर्न मिल्ने अति सुन्दर थियो। त्यहाँका ती गोन्पाहरू, भिक्षु संघहरू सबै नष्ट पारिए। हामीहरू विदेश जाँदा त्यहाँ गोन्पा तथा भिक्षु संघहरू देख्न पाँउदैनौं। तर पनि त्यहाँ धेरै राम्रा विद्यालय र अस्पताल आदि हुन्छन्। मेरो गाउँमा त्यस्ता केही सञ्चालन गर्न सकिएका छैनन्। अनि ती गाउँहरू प्रेतहरूको गाउँ जस्तो भएको देख्दा आँखाबाट आँसु आयो।

त्यहाँ के चाहिन्छ भन्दा काय, वाक, चित्तका प्रतीकहरू भए धेरै राम्रो हुन्थ्यो जस्तो लागेर त्रिकाल बुद्धको मूर्ति बनाएको थिएँ तर त्यति राम्रो भएन। पछि फेरि नयाँ साट्नुपर्ने भयो। हजार बुद्धको मूर्ति राख्न सके त्यस गाउँमा धेरै लाभ हुने थियो भन्ने भावले हजार बुद्धको मूर्ति र त्रिपिटक तिब्बतमा आमन्त्रण गर्न सकें। त्यसको करुणा र अधिष्ठानले गर्दा गोन्पामा अलि शुभ लाभ भएको थियो। ती प्रतिमाहरू हेर्दा पनि अति सुन्दर र राम्रा देखिन्थे। यसरी भिक्षु संघको सानो जग बसाल्न सकेको जस्तो भयो। भारत र नेपालमा स्थापना गरेका काय, वाक, चित्तका प्रतीकहरू प्रत्यक्ष देखिरहेकोले त्यसको बारेमा नभने पनि हुन्छ होला।

### ख) स्वयम् उत्पन्न भएको प्रतिमाहरूको दर्शन बारे स्पष्ट पार्नु हुन्छ कि ?

**उत्तर:** स्वयम् उत्पन्न भएको प्रतिमाहरूको दर्शन बारे भन्नुपर्दा, मेरो व्यक्तिगत स्वामित्वमा रहेको र नरहेको काय, वाक, चित्तका प्रतीकहरू दुई मध्ये पहिलो व्यक्तिगत स्वामित्वमा रहेको अति नै अमूल्य र पवित्र कायको एउटा प्रतीक छ। किनभने पाँच साक्या गोङ्मा मध्ये अति शक्तिशाली र भाग्यमानी डोगोन

छ्योग्याल फाग्पा हुन्। उहाँको अद्भुत कपालः (खोपडी) रहेको छ। वास्तवमा डोगोन छ्योग्याल फाग्पाले तिब्बतको तीन राज्यहरुमा राज गर्नुभएकोले अति शक्तिशाली र भाग्यमानी मात्र नभई मंगोल राजाको मूलगुरु पनि हुनुभएको थियो। उहाँको कपालः माथि ज्वाला रत्न छ जसको दाँया बाँया दार्च्यर्डको (रिबन अकारको) रेखाचित्र रहेको छ। त्यो कपालः कहाँ थियो भन्दा साक्या गोङ्मा र ङोर गोन्पामा थियो। त्यो मैले पाएको जस्तो कुरा केही होइन। यसमा उहिलेको कहानी जोडिएको मात्र हो।

पहिले साक्याको ठूलो दाता देगेको राजा हुनुहुन्थ्यो। देगेको छ्योग्यल तेन्पा छेरिङ आदिले त्रिपिटक तथा पछिका पण्डितहरूले लेख्नुभएका ग्रन्थहरू छाप्नु भएको थियो। साक्याको ठूलो दाता भएकोले डोगोन छ्योग्याल फाग्पाको कपालः देगेको राजाले पाउनुभएको थियो। यसरी देगेको राजकालमा केही राजाहरू अति शक्तिशाली र भाग्यमानी भएका थिए। त्यसपछि देगेको राजालाई दुई पुत्र लाभ भयो। ठूलो राजकुमारको नाम दोर्जे सेङ्गे वा उपनाम आज्या र सानो राजकुमारको नाम ङावाङ् ज्याम्पाल रिन्छेन वा उपनाम बाबा भन्ने थियो। आज्या र बाबा दुई मध्ये एक जना भिक्षु बने। तर तिनीहरू बीच राजनीतिक मतभेद भएका कारण दुई राजकुमारहरू बीच द्वन्द्व भई सर्वसाधारणले ठूलो कठिनाइ भोग्नुपरेको थियो। अन्तमा, एकले चीनलाई आत्मसमर्पण गरे भने अर्कोले तिब्बत सरकारलाई आत्मसमर्पण गरेपछि चीन र तिब्बत बीच युद्ध हुनपुग्यो जसले गर्दा सबैजना धेरै दुःख ग्रस्त भए।

त्यस बेला देगे राजा आज्याको एकजना मोटो सुरक्षाकर्मी योरी आटा भन्ने थियो। ऊ अति साहसी र निडर भएकोले युद्ध लड्न र मार्न माहिर थियो। सुरक्षाकर्मीहरूलाई गोलीबाट बच्न अमूल्य प्रतीकहरू दिनुभएर,

"यी लगेर आफ्नो बचाउ गर्नु" भनेछ।

जब उनीहरूको ज्यान जोखिममा पऱ्यो तब आर्मी जेनेरलले आफ्नो कपालभित्र डोगोन छ्योग्याल फाग्पाको कपालः कसैले नदेख्ने गरी बाँधेर राखेकोले उसको ज्यान बचेको थियो। पछि ऊ गखोग तथा अरू विभिन्न ठाउँमा गएर डाकूँ बन्यो। लुट्दै जाने बेला अन्तमा चिनियाँ जिनिङ नेताले उसलाई समातेर जेल हाले। त्यो पनि एकजनाले प्रतिज्ञा गरेर मात्र उसलाई जेल हाल्न सकिएको रहेछ। जेलमा उसलाई खाना समेत नदिई राखेकोले यसरी खाना नपाएर अब म मर्छु होला भन्ने सोची उसको आफ्नो चिनजानका एकजना बोलाएर,

"अब म जेल भित्रै मर्छु होला। यदि म मरेमा मेरो शिरमा एउटा अमूल्य प्रतीक छ, त्यो जसरी भए पनि एकजना लामा गुरुलाई चढाउनू, नत्र जेलमै खेर जान्छ होला।" भनी उसले डोगोन छ्योग्याल फाग्पाको कपालः दिए।

सो व्यक्तिले उक्त कपालः ठङ्गु रिन्पोछेलाई चढाउनु भएको थियो जुन अहिलेसम्म हामीले सम्हालेर राख्न सकेका छौँ।

त्यसै गरी मसँग दुल्मो टाशी होईशेरको कपालः पनि छ। ज्याम्गोन मिफाम रिन्पोछे महापरिनिर्वाण प्राप्त भएपछि परिचारक होईसलले उहाँ पहिले जानुभएको सबै स्थानमा उहाँको अस्तु हालेको धार्मिक प्रतीक स्वरूप मञ्जुश्रीको मूर्ति स्थापना गर्नुभएको थियो। उक्त अधिष्ठित तथा विशेष प्रतिमा पनि ठङ्गु रिन्पोछेलाई चढाउनु भएकाले अहिले हाम्रो गोन्पामा आइपुग्न सकेको हो। यस्ता स्वयम् उत्पन्न भएका विशेष अधिष्ठानयुक्त प्रतिमाहरू मेरो आफ्नो व्यक्तिगत स्वामित्वमा रहेका छन्।

आफ्नो व्यक्तिगत स्वामित्वमा नरहेका पवित्र तथा प्रतिष्ठित प्रतिमाहरूको दर्शनको बारेमा भन्नुपर्दा म धेरै तीर्थस्थलहरू जाने क्रममा भारतमा रहेको

विशेष तीर्थस्थलहरूको पनि दर्शन गरेँ। अरू श्रीलङ्का, म्यान्मार, थाइल्याण्ड, कम्बोडिया, चीन आदि दर्शन गरेँ।

## १. श्रीलङ्काको तीर्थ दर्शन

श्रीलङ्काको तीर्थ दर्शनको बारे भन्नुपर्दा विशेष गरी श्रीलङ्कामा अवस्थित तीर्थ दर्शन गर्नसके भाग्यमानी हुन्थेँ भन्ने सोचेर श्रीलंका गएँ। बुद्धको दाँत रहेको क्यान्डी मन्दिर दर्शन गरेँ। बुद्धको दाँतको दर्शन गर्न जाँदा त्यहाँ श्रीलङ्काकै जनमानसहरू र भिक्षु संघ सबैले बुद्धको दाँतलाई अति पवित्र र महत्व दिएको देखेँ। कोलम्बो शहरबाट करिब पाँच घन्टा गाडीमा जानु पर्दो रहेछ। महाविहारमा बास मागेर बसेको बेला एक जना भिक्षुले,

"तपाईंहरू दर्शन गर्न जाने भए जानुहोस् तर खर्च धेरै हुन्छ।" भनेका थिए।

तर त्यस बेला भने त्यति साह्रो महङ्गो जस्तो लागेन।

अनि क्यान्डीमा बुद्धको दाँत दर्शन गरेँ। दर्शनको क्रममा त्यहाँका भिक्षुहरूले पनि धेरै राम्रो खातिरदारी गरेका थिए। वास्तवमा भन्नुपर्दा हाम्रो परम्परा उहाँहरूको जस्तो छैन। तर पनि उहाँहरूले भिक्षुहरू सँगै राख्नुभयो। सर्वसाधारणहरूलाई मन्दिर भित्र जान नदिई ढोका नजिकबाटै दर्शन गराउँदा रहेछन्। भिक्षुहरूलाई भने एक सिर्को कपडा बाँधेर बुद्धको दाँत राखेको स्थानमा पठाउँदा रहेछन्। दर्शन गरेर राम्रो प्रार्थना र प्रणिधान गरेँ।

खासमा म जुनै पनि पवित्र तीर्थस्थलको दर्शन गर्न पुग्दा भव्य हुँदैन रहेछ तर पनि बुद्ध शासन फैलिरहोस् भनी कामनाका साथ 'तेन्ग्ये मोन्लम' एक पटक पाठ गर्ने गर्छु। म आफू तिब्बतमा जन्मेको हुँ। त्यसैले तिब्बत र तिब्बतीहरूको सु-स्वास्थ्य शान्तिको कामनासहित 'भोट शान्ति प्रणिधान' एक पटक पाठ गर्ने

गर्छु। अग्लो स्थान, पवित्र प्रतिमा, प्रसिद्ध ठाउँ आदिमा पुग्दा जहिले पनि ती दुई प्रणिधान गर्ने गर्छु। यसरी गौतम बुद्धको दाँत दर्शन गर्ने क्रममा पनि ती दुई प्रणिधानसहित प्रार्थना गर्ने सौभाग्य मिल्यो।

## २. म्यान्मारको तीर्थ दर्शन

एक समय म म्यान्मार गएको थिएँ। म्यान्मारमा अवस्थित सुनको चैत्य श्वेडागोन पगोडाको बारेमा भन्नुपर्दा भगवान बुद्धको पालामा दुई व्यापारी तपुस र भल्लिकलाई भगवान बुद्धले आफ्नो आठ टुक्रा कपाल दिनुभएको थियो। उक्त कपाल उनीहरूले त्यस स्थानमा आमन्त्रण गरी चैत्य बनाएका हुन् भन्ने कहानी रहेछ। यस्तो महापवित्र र अधिष्ठित चैत्यको दर्शन गर्न पाउँदा बडो सौभाग्यवान आभास भयो। चैत्य भएको स्थान अलि होचो समुद्र सतह जति रहेछ। त्यहाँको करिब १३ मिटर जति अग्लो ठाउँमा उक्त चैत्य स्थापना गरिएको रहेछ। पहिले उक्त चैत्य सानो रहेको र पछि ठूलो बनाउनु भएको जस्तो छ। हुन त आजकल म्यान्मार देश गरिब छ भनेको सुनें। तर उक्त चैत्य दर्शन गर्दा म्यान्मार धेरै धनी छ होला भन्ने जस्तो लागेको थियो।

सुनले बनेको उक्त चैत्य अति चमकदार र स्वर्णको प्रकाशमय देखिन्थ्यो। परिक्रमा गर्ने बाटोमा पनि सेतो सिंगमरमर राखिएकाले सफा र राम्रो देखिन्थ्यो। त्यहाँ जुत्ता-चप्पल भने लगाउन नदिइने रहेछ। तर पनि सिंगमरमर माथि खाली खुट्टा हिँड्दा कठिनाइ थिएन, बरु राम्रै लाग्यो। त्यहाँका मान्छेहरूमा धर्म प्रति ठूलो आस्था देखें। माथि १३ मिटरसम्म लिफ्टमा जानुपर्ने रहेछ। माथि परिक्रमा गर्ने ठाउँमा शौचालय पनि थिएन, दिसापिसाब गर्न भने तल नै जानुपर्ने रहेछ। सङ्क्षेपमा भन्नुपर्दा, चैत्य सफा राख्नुपर्छ भनेर जुत्ता पनि तल नै राखेका रहेछन्। अनि चैत्य वरिपरि धेरै मन्दिरहरू थिए भने हरेक मन्दिर अगाडि माला झुन्डाई

राखेका रहेछन्। भक्तजनहरू आएर माला लिई केहीले मन्त्र जप्ने र केही भने ध्यान गरेर बस्ने रहेछन्। सकेपछि माला लिएर नगई फेरि माथि नै झुन्डाई राख्दा रहेछन्। हरेक मन्दिर अगाडि चटाई बिछ्याइएको रहेछ। त्यही माथि बसेर प्रार्थना तथा प्रणिधान गर्न मिल्ने स्थान बनाइएका रहेछन्।

म्यान्मारमा म त्यति गएको थिइनँ। त्यसैले पनि होला चिनजानका मान्छे पनि खासै थिएनन्। एक हिसाबले राम्रै भयो जस्तो लाग्यो, नत्र चिनजानका मान्छेहरूले यता बस्नुहोस्, उता जानुहोस् आदि धेरै भन्छन्। अहिले माथि बस्नुहोस् भन्ने मान्छे नभएकोले तल सर्वसाधारण सँगै बसेर प्रार्थना तथा प्रणिधान गरेँ। उक्त स्वर्ण चैत्य र अरु नयाँ केही चैत्यहरू सबै दर्शन गर्दा आफूलाई धेरै भाग्यमानी महसुस भयो। श्वेडागोन पगोडा अति राम्रो रहेछ। एउटा उदाहरण भन्नुपर्दा नेपालको बौद्धनाथ स्तूप र स्वयम्भूनाथ स्तूपमा पूर्णिमा, औँसी र अष्टमीका शुभ दिनहरूमा केशर लगाएको देख्दा ती स्तूपहरू अति शानदार र अद्भुत लाग्थ्यो। तर म्यान्मारमा श्वेडागोन पगोडा देख्दा त नेपालका ती स्तूपहरू अति सामान्य रहेछ जस्तो लाग्यो। त्यस्तो विशाल र अद्भुत चैत्यको दर्शन गरी प्रार्थना तथा प्रणिधान गरेँ।

## ३. थाइल्यान्डको तीर्थ दर्शन

गेदुन छ्योफेलले लेखेको तीर्थस्थल पुस्तकमा उल्लिखित गरे जस्तै थाइल्याण्ड बैंकक फ्रा नाखोन जिल्लामा अवस्थित वाटफ्राकाउ भन्ने मन्दिरभित्र रहेको 'पन्ना बुद्ध' जुन इन्द्रदेवको सहयोगबाट बनाइएको भन्ने किम्वदन्ती रहेको छ। उक्त बुद्धको मूर्ति दर्शन गरेँ। वाट फ्रा काउ भन्नाले थाई भाषामा विहार भनेको रहेछ। पन्ना बुद्ध करिब दुई हात भन्दा अलि अग्लो रहेछन्। उक्त मूर्तिमा वर्षा याममा एउटा वस्त्र, शिशिर याममा एउटा वस्त्र, वसन्त याममा एउटा वस्त्र चढाएर हरेक याममा वस्त्र फेर्ने रहेछन्। मैले पन्ना बुद्धको धेरै पटक दर्शन गरेँ तर धेरै उच्च

स्थानमा राखेको हुनाले गहिरिएर हेर्न भने पाइनँ। उक्त विहार वास्तवमै अति सुन्दर रहेछ। उनीहरूका अनुसार पन्ना बुद्ध थाइल्याण्डको मुटु हो। उक्त मूर्ति अगाडि पनि माथि भने झैँ 'तेन्ये मोन्लम' र भोट शान्ति प्रणिधान पाठ गरी प्रार्थना गरेँ।

## ४. कम्बोडियाको तीर्थ दर्शन

कम्बोडियामा अंकोरवाट भन्ने विशाल मन्दिर रहेको छ। पहिले त कम्बोडियाको अंकोरवाट मन्दिर दर्शन गर्न पाउँदैन होला भन्ने सोचेर बैंककमा रहेको त्यसको अनुकृति दर्शन गरेको थिएँ। कम्बोडियामा कम्युनिस्ट शासन सुरु भएको थियो। पछि कम्युनिस्ट शासनमा अलि परिवर्तन आएको बेला अंकोरवाट मन्दिर (सन् २००१)मा दर्शन गरेँ। उक्त मन्दिर पनि अति विशाल र रोचक लाग्यो। चारैतिर मानव निर्मित तालले घेरेको रहेछ। त्यसमा पुल पनि रहेछ। तीनवटा पर्खालले घेरिएको बीचमा मुख्य मन्दिर रहेछ। शायद त्यस ठाउँको मुख्य आम्दानी भनेकै यसबाटै हुने होला। प्रवेश शुल्क पनि अलि महङ्गो लाग्यो। एकजनाको २० डलर लियो। हुन त त्यति राम्ररी संरक्षण गरेर राखेको जस्तो लागेन। शिलालेखमा उहिलेको भारतको कथा, स्वर्ग-नरक आदिको शिलाचित्र रहेछन्। मन्दिर साँच्चै नै अद्‌भुत रहेछ। यस मन्दिर विश्वका सात आश्चर्यहरू मध्ये एक रहेको र विश्वका सबैभन्दा ठूलो मन्दिर पनि रहेको सुनियो।

## ५. इन्डोनेसियाको तीर्थ दर्शन

इन्डोनेसियाको बोरोबुदूर चैत्य पनि विश्वका सात आश्चर्यहरू मध्ये एक रहेछ। प्राचीन समयमा बौद्ध धर्मप्रचारक अतीश दीपंकर श्रीज्ञान र ज्योवो सेर्लिङ्पा (सुवर्णद्वीपका गुरु धर्मकीर्ति) का पालामा स्थापना गरिएको रहेछ। पछि इन्डोनेसिया इस्लामिक देश हुन पुगेको थियो। तर उक्त विहार भने पहिले बौद्ध देश भएको

बेला स्थापना गरेको रहेछ। चैत्य अलि अग्लो स्थानमा बनाइएको रहेछ। त्यसभित्र चार खुट्किलाहरू रहेछन् भने हरेकमा पर्खाल रहेछन्। ती पर्खालमा बुद्धको कहानी खोपिएका रहेछन्। पत्थर पनि ठूलो नभई स-साना ईंटा जत्रो आकारका रहेछन्। ती पत्थरहरूमा शिलाचित्र खोपिएका रहेछन्। पहिले सिमेन्ट जस्तो केही नभए तापनि पत्थर एकमाथि अर्को चाङ लगाएर बनाइएका थिए भने स-साना ती पत्थरहरू नहल्लिने मजबुत थिए। त्यहाँ चार खुट्किलाहरू मध्ये चौथोमा फेरि तीन खुट्किलाहरू रहेछन्। ती खुट्किलाहरू माथि घन्टी आकारका साना पत्थरहरू मिलाएर बनाइएका ३६ वटा साना स्तूपहरू रहेछन्। ती स्तूपहरूभित्र बुद्धको मूर्ति मान्छे जति अग्लो कुनै धर्मचक्र मुद्र, कुनै वरद मुद्र, कुनै ध्यानी मुद्र, कुनै अभय मुद्र, कुनै भूमिस्पर्श मुद्र आदि पञ्च बुद्धको मुद्र आसनमा रहेछन्।

दक्षिण एशियामा अवस्थित मूर्तिहरू जस्तै थाइल्यान्डको मूर्तिमा पनि नाक अलि लामो, शिर चुच्चो जस्तो हुन्छ। तर इन्डोनेसियामा रहेका ती पुराना मूर्तिहरू भने अहिले तिब्बतका मूर्तिहरू जस्ता छन्। यसरी शिर ठूलो सानो, वस्त्र लगाउने तरिकामा फरक, शरीर पनि ठूलो सानो आदि फरक परम्पराको हुने भए पनि त्यहाँका आकृतिहरू भने तिब्बतको जस्तो देखिने र पत्थर राम्ररी मिलाएर बनाइएका रहेछन्। बीचमा मंडल थियो भनेर उनीहरूले भन्दा रहेछन्। त्यहाँ बज्रको ढोका भएको तर पछि बिग्रेर गयो भन्दै थिए। घण्टी आकारको उक्त बोरोबुदूर भन्ने पहिले अतीश र ज्योवो सेर्लिङ्पाको पालामा स्थापना गरेका ती तीर्थ दर्शन गरेँ। बोरोबुदूर अति नै गर्मी ठाउँ रहेछ। यस ठाउँमा पछि फेरि आउने मौका मिल्दैन होला भन्ने सोची अब राम्रोसँग प्रार्थना र प्रणिधान गर्नुपर्छ जस्तो लागेर केही मैन बत्ती किनेर बाल्न लाग्दा त्यसभित्र भने दियो बाल्न निषेध रहेछ। तर एउटा कुनामा भने बाल्न मिल्छ भनेकोले त्यहाँ बालेर ‘भद्रचर्या प्रणिधान’ पाठ गरेँ। पाठ गर्दै गर्दा टन्टलापुर

घामले डढेर पसिना खल खल बग्न थाले पनि 'भद्रचर्या प्रणिधान', 'तेन्ये मोन्लम' र 'भोट शान्ति' प्रणिधान पाठ गरी प्रार्थना गरेँ।

त्यसपछि अलि उता गएपछि मेन्डुत मन्दिर भन्ने रहेछ। उक्त मन्दिर पहाड जस्तो ठूला पत्थरले बनाइएका रहेछ। त्यसभित्र भट्टारक ताराको मूर्ति, मैत्रीय बुद्धको मूर्ति, बुद्धको मूर्ति गरी तीन मूर्तिहरू रहेछन्। त्यो एउटा गुफा जस्तो भए पनि गुफा नभई पत्थरले बनाएको ठूलो मन्दिर रहेछ। यस मन्दिरमा पनि प्रार्थना र प्रणिधान गरेँ।

## ६. चीनको तीर्थ दर्शन

चीनमा तीर्थयात्राका लागि जाने बेला मैले चीनको तीर्थस्थल बारे लेखेको एउटा सामान्य पुस्तक पाएँ। उक्त पुस्तकमा चीनमा चारवटा पवित्र तथा प्रसिद्ध पर्वत रहेको र ती मध्ये एक 'उ थाइ पर्वत' जुन बोधिसत्व मन्जुश्रीको तीर्थ रहेको कुरा उल्लेख गरेको रहेछ। अर्को 'ईमै पर्वत' जुन बोधिसत्व समन्तभद्रको पवित्र स्थल हो। अर्को पर्वतलाई भने हाम्रो भोट भाषामा पोताला वा रीवो डुजिन भनिन्छ। तर चिनियाँहरूले भने 'फुथो पर्वत' भन्दा रहेछन्। यो भने बोधिसत्व अवलोकितेश्वरको पवित्र तीर्थस्थल हो। अर्को च्यिउ ह्वा पर्वत जुन बोधिसत्व क्षितिगर्भको तीर्थस्थल हो। यी चार पवित्र तीर्थस्थलहरूको बारेमा लेखेका रहेछन्। त्यसमध्ये च्यिउ ह्वा पर्वत मैले कहिल्यै सुनेको थिइनँ। त्यसैले दर्शन नगरे पनि हुन्छ होला जस्तो लाग्यो। अनि तीन पवित्र पर्वतहरू जसरी भए पनि दर्शन गर्नुपर्छ भन्ने सोचेँ। अहिलेसम्म पनि च्यिउ ह्वा पर्वत दर्शन गर्न सकेको छैन। त्यसैले अहिले दर्शन गर्न पाए हुन्थ्यो जस्तो लाग्यो तर समय सहज नै भएन।

(सन् १९८६)मा सबैभन्दा पहिले फुथो पर्वतको दर्शन गर्ने सौभाग्य मिल्यो। हङ्कङ्को एउटा तीर्थयात्री समूहसँगै गएको थिएँ। त्यस बेला चीन अति नै गरिब

थियो। सांघाइमा पुग्दा त्यहाँको गेस्ट हाउस, बाटो आदि फोहोर र कच्ची थियो। सांघाइमा प्रसिद्ध के छ भनेर सोध्दा सांघाइ जेड बुद्ध भन्ने बहुमूल्य पत्थरले बनेको बुद्धको ठूलो मूर्ति छ भनेपछि दर्शन गर्न गएँ। उक्त बुद्धको मूर्ति अति पवित्र रहेछ। त्यस बेला उक्त मन्दिर भने पुनर्निर्माण गरेकाले अलि सफा थियो। त्यसपछि सांघाइ रक गार्डेन अर्थात् पत्थरी बगैंचामा ढुङ्गाहरू यता उता छरिएका जस्ता थिए। त्यो ठाउँ पनि अति प्रसिद्ध र महत्वपूर्ण मान्ने रहेछ। उनीहरूको भनाइअनुसार जीवनमा एक पटक यस रक गार्डेन आउन नसके जीवन अधुरो हो भन्ने भनाइ रहेछ। अति नै राम्रो त खासै थिएन।

त्यस बेला सांघाइबाट फुथो पर्वत समुद्री मार्ग हुँदै जानुपर्ने रहेछ। एउटा पानी जहाज सीधै फुथो पर्वतमा जाने रहेछ तर हामी ढिला भएकाले जहाज छुट्यो। अर्को जहाज थियो तर त्यो भने एउटा द्वीपसम्म मात्र जाने रहेछ। त्यसपछि जहाज साटी जानुपर्छ भनेपछि हामी त्यसमै गयौँ। उक्त पानी जहाजमा बस्ने ठाउँ पनि राम्रो थिएन। शौचालय पनि अति फोहोर थियो। त्यसपछि फुथो पर्वतमा आइपुग्यौँ। फुथो पर्वतको मन्दिरमा हङ्कङ्का तीर्थयात्रीहरूले धेरै दान गरे जस्तो लाग्यो। मन्दिरमा हामीलाई धेरै राम्रो खातिरदारी गरिएको थियो। त्यस ठाउँमा पहिले दुईवटा मात्र मन्दिर भएको र त्यस बेला नौवटा पुनर्निर्माण गरिरहेको छ भन्दै थिए। नौ मन्दिरमध्ये एउटा चिनियाँ राजा आफैले स्थापना गरेको भन्दा रहेछन्। जीर्णोद्धार अवस्थाको उक्त मन्दिर महत्वपूर्ण र पवित्र रहेछ। यहाँ हृदयदेखि प्रार्थना गरियो भने साक्षात् अवलोकितेश्वरको दर्शन हुन्छ भन्दा रहेछन्। उनीहरूले चिनियाँ भाषामा मन्त्र वाचन गरे। अवलोकितेश्वर प्रकाशको छायामा देखिन्छ भन्दै थिए। तर मलाई देखिन्छ जस्तो लागेन र देख्दा पनि देखिएन। तर पनि अति पवित्र तीर्थस्थल हो भनी प्रार्थना र प्रणिधान राम्ररी गरेँ। मेरो साथमा

लामा सोनम छ्योदार थिए। उनले “उता एउटा देखिदै छ, अवलोकितेश्वर हो कि ?” भन्दै थिए। यसरी फुथो पर्वतको दर्शन गरियो। सङ्क्षेपमा भन्नुपर्दा फुथो अर्थात् पोताला जस्तो अधिष्ठित र विशेष तीर्थस्थलको पहिलो पटक दर्शन गर्न पाएँ। उक्त ठाउँ पनि अति रमणीय रहेछ।

त्यसपछि मैले उ थाइ पर्वत र ईमै पर्वत सँगै दर्शन गरेँ। उ थाइ पर्वत दर्शन गर्दा धेरै रमाइलो लाग्यो। ठाउँ पनि अति सुन्दर र अग्लो रहेछ। बोधिसत्व मञ्जुश्रीको पवित्र तीर्थस्थल तिब्बतको ठाउँ जस्तै अति शीतल रहेछ। उ थाइ पर्वत चुचुरो निस्केको जस्तो छ। माथि पुग्दा तिब्बतमा जस्तै फूल फुलिरहेको फाँट रहेछ। धेरै पहिले तिब्बतका महान् गुरुहरू, परम पावन दलाई लामा, परम पावन पाँचौं ग्याल्वङ् कर्मपा देश्यीन श्येग्पा आदि यस उ थाइ पर्वतमा बस्नुभएको हो जस्तो छ। उहाँहरूको गोन्पा, च्याङ्क्या रोल्पे दोर्ज्येको शयनकक्ष र विमलमित्रको गुफा आदि दर्शन गरेँ। ती स्थानहरू धेरै नै सुन्दर, सफा र अधिष्ठित रहेछन्। यो अलि पछिको कुरा हो। त्यसैले पुनर्निर्माण पनि गरिसकेका रहेछन्।

उ थाइ शान (पाँच टाकुरे पर्वत) मा पाँचवटा टाकुराहरू भएकाले यसको नाम पनि उ थाइ वा पञ्च टाकुरे भनिएको रहेछ। बीचको टाकुरा छुइयान (सिंहमुद्र जस्तो) टापु, पूर्वमा वाङ्हाइ (हात्ती जस्तो) टापु, पश्चिममा क्यायए (मयूर नाच जस्तो) टापु, उत्तरमा येतोउ (सारस जोडिरहेको जस्तो) टापु, र दक्षिणमा च्यिङ्स्येउ (घोडा जस्तो) टापुहरूको सूचीसहित उक्त पुस्तकमा विश्लेषण गरिएको रहेछ। पाँच टापुहरू मध्ये बीचमा रहेको छुइयान टापु अलि होचो स्थानमा रहेछ। अरु पूर्व, पश्चिम, उत्तर, दक्षिणको टापुहरू भने अलि अग्ला स्थानमा रहेका कुरा उल्लेख गरिएको रहेछ। टाकुराको शिखरमा फू:सा: तिङ् भन्ने मन्दिर रहेछ। उक्त ठूलो मन्दिरमा पहिले शायद ठूलो गोन्पा थियो, किनभने त्यहाँ ठूला ठूला

भाँडाकुँडाहरू थिए। अहिले भिक्षुहरू धेरै नभएकाले ती भाँडाहरू अलपत्र रहेछन्। त्यहाँ मञ्जुश्रीका केही उत्कृष्ट मूर्तिहरू रहेछन्। मञ्जुश्रीका ती मूर्तिहरूमा मन्त्र आदि हालेर पहिलेका महापुरुषहरूले अधिष्ठित गर्नुभएको रहेछ। यसरी विशेष तीर्थ रीवोचेङ अर्थात् उ थाइ शानको दर्शन गरेँ।

बोधिसत्व समन्तभद्रको पवित्र तीर्थस्थल सिंहासन जस्तो देखिने ईमै पर्वत रहेछ। चीनको सिचुआन प्रान्तमा रहेको उक्त पर्वत फेदी जस्तो ठाउँमा भीरको टुप्पोमा रहेछ। मन्दिर अति नै राम्रो रहेछ। मन्दिरको माथिपट्टि बोधिसत्व समन्तभद्र हात्तीमा बसेको शानदार र उत्कृष्ट मूर्ति निर्माण गरिएको रहेछ। मन्दिरमा बुट्टाहरू पनि धेरै राम्रा बनाइएका रहेछन्। मन्दिरको छाना पनि ठूलो, विशेष र फरक रहेछ। उक्त पर्वतको पछाडिपट्टि जाँदा एउटा सानो स्तूप रहेछ। मौसम सफा भएको बेला त्यहाँबाट हेर्दा तिब्बतको मिङ्याग घाङ्कर हिमाल देख्न सकिन्छ भन्दै थिए तर म पुग्दा मिङ्याग घाङ्कर हिमाल बादलले ढाकेको कारण देख्न सकिएन। तर पनि तिब्बतको भूमि र तीर्थस्थल हो भन्ने सोचेर 'भोट शान्ति प्रणिधान' पाठ गरेँ। यसरी चीनको तीर्थस्थल तथा पवित्र पर्वतहरूको दर्शन गरी प्रार्थना र प्रणिधान गरेको थिएँ।

## ७. दक्षिणको तीर्थ दर्शन

म सानै छँदा तिब्बतको दक्षिणमा अवस्थित तीर्थहरूको विस्तारमा दर्शन गरेको थिएँ। त्यस बेला तीर्थयात्राको क्रममा सेरा, डेपुङ्, गादेनको प्रतिमा आदि दर्शन गरेको थिएँ। त्यति खेर आफू सानै भएकाले कुनै अथाह प्रणिधान गर्न भने सकिनँ। तर पनि दर्शन गर्न पाएकोमा भाग्यमानी ठान्छु। टाशी ल्हुन्पोको मैत्रीय बुद्ध र साक्या गोङ्को कालो मुखौटो दर्शन गर्न पाएँ। ङोरमा ङोर वज्रधरको अभिषेक कक्ष दर्शन गरेँ। छुर्फुमा पनि छुर्फुको ठूला गोन्पाहरू आदि ध्वस्त नभए

अगावै दर्शन गर्ने सौभाग्य मिल्यो। साम्येमा पनि ध्वस्त हुनु अगाडि सबै राम्रै भएको बेला साम्ये डाग्युर ग्यागार लिङ् र आर्य पालोय् लिङ् आदि सबैमा प्रार्थना गर्ने सौभाग्य प्राप्त भएको थियो। भट्टारक मिलारेपाको सेखर गुथोग र मर्पाको गोन्पा ल्हो-डोवो-लुङ् दर्शन गरेको थिएँ। तर दाग्पो रिन्पोछेको गोन्पा दाग-ल्हा-गम्पोमा भने पुग्न सकेको थिएन। पुग्न सकेका ती सबै तीर्थस्थलहरूमा प्रार्थना गरेको थिएँ। त्यति खेर मसँगै एकजना धेरै राम्रो शिक्षक हुनुहुन्थ्यो। मर्पा लोचवा (अनुवादक)को गोन्पा ल्हो-डोवो-लुङ् पुगेर त्यहाँ मर्पा गुरुयोग गणचक्र पूजा गरेँ। मिलारेपाको सेखर गुथोग र ताग-ञ्या-लुङ्तेन गुफामा पुगेर मिला गुरुयोग गणचक्र पूजा गरेको थिएँ। साम्येमा गुरु पद्मसम्भवको गणचक्र पूजा गरेँ भने *राडेङ्* र *तग्लुङ* आदि ठाउँमा पुगेर 'ज्याङ्छ्युब ञ्चीङ्पोर छ्यीक्यी बार ॥' (बोधिगर्भ प्राप्त नहुन्जेल) आदि बोधिचित्त संवर ग्रहणको पाठ गरेर प्रार्थना गर्ने सौभाग्य प्राप्त भयो। सङ्क्षेपमा भन्नुपर्दा त्रिरत्नका ती अद्भुत प्रतिमाहरूको दर्शन गरेको थिएँ। तर *चरीला पास* र *गङ्रीला पास* भने अहिलेसम्म पुगेको छैन।

## ग) महापुरुषहरू सँगको भेट वार्ता

उत्तर: म सानै छँदा ल्हासाको तीर्थयात्राका क्रममा परम पावन दलाई लामाको दर्शन गरेँ। त्यस बेला उहाँ पनि सानै हुनुहुन्थ्यो। पछि भारतमा भने धेरै पटक दर्शन गर्ने सौभाग्य मिल्यो। परम पावन १६ औँ र १७ औँ कर्मपा दुवैको दर्शन गर्न पाएँ। ज्याम्गोन कोङ्टुल रिन्पोछे दोस्रो, तेस्रो र चौथो गरी तीनवटै अवतारहरूको दर्शन गर्न पाएँ। म त तीन पुस्ताको बूढो मान्छे भन्ने जस्तो पो भइरहेको छ। हा! हा! हा! उहाँहरू सबैको दर्शन गर्ने सौभाग्य मिल्यो। दोस्रो ज्याम्गोन रिन्पोछे पाल्देन खेन्छे होईशेरले,

"तिमीलाई भेट्ने छु।" भनेर स्पष्ट रूपमा धेरै पटक भन्नुभएको थियो।

ती सबै अधिष्ठित वचन होला भन्ने ठान्दछु। अनि भारतमा आउनुभएका लामा गुरुहरूको दर्शन गरेर केही कुराकानी पनि भयो। वास्तवमा भन्नुपर्दा मसँग केही छैन। तर परम पावन ग्याल्वङ् कर्मपाको कृपाले गर्दा सबैले कदर र स्वीकार गर्ने गर्छन्। कोही गुरूहरूबाट त धर्मदेशना पनि सुनेको छु।

ती मध्ये क्याब्जे दुईज्योम रिन्पोछेले धेरै राम्रो गर्नुभएको थियो। एक समयको कुरा हो, म लोसारमा नेपाल आएको बेला उहाँको दर्शनको लागि गएको थिएँ। त्यहाँ म पुग्नु भन्दा अगाडि ङ्यीङ्माको गुरुहरू आउनु भएको रहेछ। त्यसैले उहाँको दर्शन नपाएर फर्किएँ। तर उहाँहरूले थाहा भएपछि किन त्यसो गरेको भन्नुभयो। सोही दिन मलाई तुरुन्तै आउनु भन्नु भएपछि म दर्शनको लागि गएँ। त्यस बेला उहाँले,

"छेच्यु साधना गर्नुपर्ने र त्यसको लागि के गर्नुपर्ने हो ?" भनेर सोध्नुभयो।

उहाँले, "मुखौटो पनि छैन। छ्येच्यु धार्मिक नृत्य गर्न पाए धेरै राम्रो हुने थियो। रुम्तेगमा छेच्यु धार्मिक नृत्य गर्छौ त ? तिमीहरूले कसरी गर्छौ, मुखौटो कस्ता छन् ? नृत्यको वस्त्रहरू कस्ता छन् ?' भनी सोध्नु भएको थियो।

उहाँ पुस्तक मिलाएर बस्नुभएको रहेछ। उहाँले करुणाका साथ धेरै राम्रो गर्नुभएको थियो।

एक समय मलाई अलि निन्द्रा नलाग्ने, राति डर लाग्ने जस्तो भएको थियो। फेरि उहाँ कहाँ विघ्न बाधा हटाउन गएको थिएँ। उहाँले मेरो शिरमा गुरु पद्मसम्भवको प्रतिमा राख्नुभएर ङ्यिङ्माको गुरुतन्त्र वाचन गर्दै अधिष्ठान प्रदान गर्नुभएको थियो। उहाँ अति विशेष गुरु हुनुहुँदो रहेछ जस्तो लाग्यो। मलाई आस्था र श्रद्धा ठूलो नभए पनि उहाँ धेरै राम्रो गुरु रहेछ भन्ने ठाँने। साँच्चिकै उहाँको पूजापाठले निको भएको थियो।

अनि दिल्गो खेन्चे रिन्पोछेको पनि दर्शन गरेँ। साक्या सम्प्रदायको फुन्छोग फोडाङ् र डोल्मा फोडाङ् दुवैले धेरै राम्रो गर्नु हुन्छ। डिगुङ् क्याब्गोन रिन्पोछे र गादेन ठी रिन्पोछेको पनि दर्शन गरेँ। उहाँहरू सबैले अपार करुणा देखाउनु भएको थियो।

श्रीलङ्कामा जाँदा मैले भाषा त्यति राम्रो बुझ्दिन थिएँ। उहाँहरूको अङ्ग्रेजी बोल्न जान्ने एउटा साधारण भिक्षु आउनुभयो। उहाँले पहिले श्रीलङ्कामा भगवान बुद्धको पालामा उहाँ आफ्नो अलौकिक शक्तिले त्यहाँ पाल्नु भएको कहानी भन्नुभयो। त्यसपछि धर्मराज अशोकको पुत्र राजकुमार महेन्द्र र पुत्री राजकुमारी संघमित्र श्रीलङ्कामा आउनु भएको कहानी विस्तृत रूपमा सुनाउनुभयो। ती कहानी सबै भित्तेचित्रमा कोरिएको रहेछ। त्यहाँ एकजना भन्ते पनि भेटेको थिएँ। उहाँको बारेमा केही थाहा हुन सकेन किनभने त्यस बेला ब्याङ्ककबाट धेरै भिक्षुहरू आउँदैछन् भनेर उहाँहरू हतार हतारमा देखिनु हुन्थ्यो। हामी पनि यताउता के गर्ने के गर्ने भएर उक्त भन्तेसँग भेट-वार्ता गर्न पाएनौँ।

ब्याङ्ककमा संघराज भन्ने त्यहाँका वरिष्ठ भिक्षु भेटेँ। उहाँ अति राम्रो हुनुहुन्थ्यो। उहाँको जीवनीमा पनि उहाँले प्राप्त गरेको शिक्षा, अभ्यास आदि विस्तारमा लेखेको रहेछ। ठूलो सोच भएको व्यक्तित्व हुनुहुँदो रहेछ। उहाँ करिब ७८-७९ वर्षको वृद्ध हुनुहुन्थ्यो। थाइल्यान्डको परम्परानुसार अधिष्ठान प्रदान गर्ने बेला जल छर्कने रहेछ। तर हाम्रो परम्परानुसार चामल छरेर अधिष्ठान प्रदान गर्छौँ नि त। यदि साधारण भिक्षु हो भने कलशमा जल हालेर धूपीले शिरमा जल छर्काउने गर्दा रहेछन् तर भिक्षु संघराज भने महान् र शक्तिशाली भएकोले बिजुलीबाट चल्ने जल छर्काउने कलश बनाएर राख्नु भएको रहेछ। उहाँहरू सँगै एकजना हाम्रो नेवारी भिक्षु पनि हुनुहुन्थ्यो। भिक्षु संघराजको सहायक उक्त नेवार

भिक्षुले धेरै सहयोग गर्नुभएको थियो। भिक्षु संघराजको पनि हामीहरूसँग राम्रो कुराकानी भयो। उक्त नेवार भिक्षुले अनुवाद गर्नुभएको थियो। उहाँहरूले त्यस बेला राम्रो सहयोग गर्नुभएको थियो।

भारतको वाराणसी, सारनाथमा रहेको वज्र विद्या संस्थान (उच्च बौद्ध शिक्षण केन्द्र)को मुख्य प्रतीक शाक्यमुनि बुद्धको मूर्ति थाइल्यान्डबाट आमन्त्रण गर्नुपर्ने थियो तर त्यहाँबाट ल्याउन सजिलो थिएन। भन्सारमा सिफारिस पत्र देखाउनुपर्ने थियो तर सिफारिस पाउन धेरै गाह्रो रहेछ। तर भिक्षु संघराजको सिफारिस भए सजिलो हुन्छ भनेकोले हामीले उक्त मूर्ति किनेको भएता पनि भिक्षु संघराजले दान गर्नुभएको हो भनी लेखेर सिफारिस पत्र दिनुहुन अनुरोध गऱ्यौँ। उहाँले पनि त्यही अनुरूप सारनाथमा रहेको वज्र विद्या संस्थानको मूल प्रतीक दानस्वरूप प्रदान गरेको हो भनी सिफारिस पत्र दिनुभएपछि मात्र बुद्धको मूर्ति थाइल्यान्डबाट बाहिर ल्याउन सकिएको थियो। भन्सारमा भिक्षु संघराजको पत्रलाई धेरै महत्व दिइने रहेछ। उहाँको सिफारिस पत्रले धेरै सहज भयो। उहाँ साह्रै परहितकारी र राम्रो सोच भएको व्यक्तित्व हो भन्ने सुनेँ। भिक्षु संघराजको उमेर पनि ठूलै रहेछ।

तिब्बतका लामा गुरुहरूले प्रतिमाहरू अलि अग्लो स्थानमा सजाएर राखी जल आदि चढाउँछन्। तर थाइल्यान्डमा त्यस्तो होइन रहेछ। त्यहाँ ठूला साना मूर्तिहरू सबै राख्ने गोदाम जस्तो रहेछ। केही मूर्तिहरू ठूला रहेछन् त केही साना रहेछन्। हीनयान परम्परानुसार भगवान बुद्ध बस्नुभएको र परिनिर्वाणको प्रतीक मध्ये उहाँहरूले परिनिर्वाण अवस्थाको प्रतीकलाई महत्वपूर्ण मान्नुहुने रहेछ। किनभने उनीहरूका अनुसार अर्हत पनि सोपाधिशेष अर्हत् र निरूपाधिशेष अर्हत् दुई ओटा हुन्छन्। भूमिस्पर्श मुद्र अवस्थाको प्रतीकले सोपाधिशेष अर्हत् र परिनिर्वाण अवस्थाको प्रतीकले निरूपाधिशेष अर्हत्को स्वरूप जनाउँछ। त्यसैले सोपाधिशेष

भन्दा निरूपाधिशेष महत्वपूर्ण मानिएका हुन्। भगवान् बुद्धले अन्तमा आफ्नो पार्थिव शरीर पनि छोडेर केही बाँकी नराखी परिनिर्वाण हुनुभएको बेला मात्र उहाँले वास्तविक महापरिनिर्वाण प्राप्त गर्नुभएको हो भन्ने विश्वासले परिनिर्वाण अवस्थाको प्रतीकलाई विशेष महत्व दिएको रहेछ। उठिरहनु भएको, बसिरहनु भएको, सुतिरहनु भएको मूर्तिहरू यताउता मिलाएर राखिएका रहेछन्। भिक्षु संघराज पनि त्यही बसी रहनु भएको थियो। त्यस बेला साँच्चै नै एक विशेष भिक्षुको दर्शन भएको थियो।

कम्बोडियामा भिक्षु संघ धेरै छैन रहेछन्। एक दुई ओटा साधारण भिक्षुहरू फाट्ट फुट्ट रहेछन्। कम्बोडिया पहिले क्षति भएको थियो। त्यसपछि विकास गर्न नसकेकोले देश गरिब नै भइरह्यो। पुरानो परम्परा पनि दूषित हुँदै गएको रहेछ।

इन्डोनेसिया त मुस्लिम देश भएकोले त्यहाँ पनि भिक्षु संघ धेरै छैन। बोरोबुदूरमा थाइल्याण्डको एक दुई जना भिक्षुहरू बसेर वर्षाबास गर्दै रहेछन्। त्यहाँ एकजना इन्डोनेसियाको थेरावाद भिक्षु रहेछन्। उमेर त्यति ठूलो त होइन रहेछ तर उनी थाइल्याण्ड तथा विभिन्न ठाउँमा गएर धर्म प्रवचन सुन्ने गर्दा रहेछन्। त्यसपछि एउटा सानो विहारको स्थापना गरेका रहेछन्। उक्त विहारमा बीसजना जति भिक्षुहरू वर्षाबास बसिरहेछन्। मलाई पनि थोरै धर्म प्रवचन गरिदिनु भनेकाले मैले प्रवचन गरेको थिएँ। वर्षाबासको क्रममा उनीहरू पनि पठनपाठन, भिक्षुको वस्त्र (चीवर) लगाउने, बिछ्याउने, झोला बोक्ने तरिकाहरू आदि सिकाउँदै रहेछन्। व्यस्तताले गर्दा उनीहरूलाई अलि गाह्रो हुन्छ जस्तो छ। पछि म फर्किने बेलामा उनीहरूको कोठामा गएको थिएँ। उनीहरू थकित भएर सुतीरहेका रहेछन्।

म्यान्मारमा भने भिक्षु संघहरू धेरै रहेछन्। बाटो बाटोमा जताततै भिक्षुहरू देख्न सकिने रहेछ। हाम्रो तिब्बतको लामाहरू जस्तै जताततै देखिन्थे। थाइल्याण्डमा भने त्यस्तो होइन रहेछ। बिहान भिक्षाको लागि बाहिर निस्कन्छन् अनि दिउँसो बाहिर नगएर विहारभित्र नै बस्छन्। तर म्यान्मारमा भने दिउँसो पनि बाहिर निस्कने रहेछ। उहाँहरू ट्याक्सी वा हिंड्दै पनि विभिन्न ठाउँमा जानुहुने रहेछ। हामी दिउँसो खाना खाने ठाउँमा आइपुग्यौँ। भिक्षुहरू घुँडा टेकेर गोलो बसेर भोजन गर्दै रहेछन्। कहिले कहीँ भिक्षाको लागि पनि निस्कने रहेछन् त कहिले कहीँ दाताहरूले विहारमै संघदान गर्ने रहेछन्। उनीहरू भोजन गर्ने ठाउँमा शायद मैले एउटा फोटो पनि खिचेको थिएँ। तर भाषा नबुझेर धर्मको सम्बन्ध त्यति राम्रो राख्न सकिएन।

## ६) गुफावास, ध्यान साधना तथा अभ्यास के कस्तो गर्नुभएको थियो ?

**उत्तर:** समय भएको बेला साधना गर्ने गर्छु। विशेष अभ्यास गर्ने मौका भने मिलेन। म तेह्र वर्षको उमेरमा गुफावासमा गएर सोह्र वर्षसम्म गुफावासमा रहेँ। त्यस बेला पूर्वयोग र मौल (मूल साधना)को अभ्यास गर्ने मौका प्राप्त भएको थियो। त्यस बेला आफूले ध्यान साधना गरेर बसेँ। त्यसपछि लगतै सोह्र वर्षमै स्येडा अर्थात् उच्च बौद्ध शिक्षाको अध्ययन सुरु गरेँ।

## ७) अभिसमय बोध के कस्तो भयो ?

उत्तर: अभिसमयको बोध बारे मलाई केही भन्नु छैन। किनभने बाहिरी रूपमा लामा गुरु जस्तो देखेको मात्र हो तर भित्र भने क्लेश तथा त्रिविषको ज्वाला बलिरहेको बाहेक मसँग कुनै विशेष अनुभव र ज्ञान प्राप्त भएको जस्तो केही छैन।

## ८) गुरुको के-कस्तो सेवा गर्नुभयो ?

उत्तर: कल्याणमित्र अर्थात् गुरुको सेवाको बारेमा भन्नुपर्दा विशेष गरी भौतिकरूपमा आफैँ खटेर खासै गरेको छैन। विशेष गरी मेरो मूल गुरु परम पावन १६ औँ ग्याल्वाङ कर्मपा रिग्पे दोर्जे हुनुहुन्छ। उहाँको चित्तको आलम्बन भनेकै बुद्ध, शासन र रत्न नै हो। त्यसैले मैले उच्च बौद्ध शिक्षण केन्द्र र ध्यान केन्द्र त्यति विशाल बनाउन नसके पनि जे जति बनाउन सकेको छु ती सबै उहाँप्रति मेरो सानो सेवा हो भन्ने सोचेको छु।

## अतिरिक्त प्रश्न: तिब्बतमा कति पटक जानुभएको थियो ?

**उत्तर:** म तिब्बतमा सन् १९८४ सालमा पहिलो पटक गएको थिएँ। पछि फेरि सन् १९९६ र १९९८ सालमा गएको थिएँ। सन् २००० सालमा पनि एक पटक गएको थिएँ। तिब्बत गोन्पामा एकजना अति कुशल टुल्कु भएकोले म गइराख्नु पर्दैन। तर पनि गोन्पामा प्रवर्जित उपसंपदा संवर (भिक्षु शील) पहिले एक पटक प्रदान गरेको थिएँ। फेरि पछि धेरै जना भिक्षु बन्नु भएको थियो। उहाँहरूलाई भिक्षु शील प्रदान गर्ने गुरु नभएको र अरु गुरुबाट नभई मबाट नै ग्रहण गर्ने चाहना रहेकाले भिक्षु शील प्रदान गर्नुपऱ्यो भन्ने विचारले त्यसकै निम्ति करिब चौध दिनको लागि गएको थिएँ।

(परम पूजनीय नवौँ ठङ्गु टुल्कुको आत्मजीवनी प्रश्नोत्तर भन्ने यो अध्याय, शिष्य छिरिङ् शेर्पा, मैले भारत आर्य भूमि, वाराणसीको सारनाथ स्थित वज्र विद्या संस्थानमा सन् २००८ साल फेब्रुअरीको १० तारिखका दिन क्याब्जे रिन्पोछे स्वयम्को आत्मजीवनीको बारेमा आठ प्रश्न चढाएकोमा उहाँको उत्तर भिडियो रेकर्डिङ गरेको र उहाँको हरेक शब्द मैले थप घट नगरी दुरुस्त लिपिबद्ध गरी धेरै पटक सम्पादन पनि गरेर सम्पन्न भयो।)

(नोट: भोट भाषामा रहेको 'परम पूजनीय नवौँ ठङ्गु रिन्पोछेको आत्मजीवनी आधारित आठ पश्नोत्तर' भन्ने अध्याय पवित्र तीर्थस्थल नमोबुद्ध स्थित ठङ्गु टाशी याङ्चे गोन्पामा, क्याब्ज्ये योङ्गिन खेन्छेन ठङ्गु रिन्पोछे नब्बे वर्षको हुँदा सन् २०२२ साल मे महिनाको १२ तारिख बिहीवारको दिन गुरु स्वयम्ले आगम प्रदान गर्नुभयो।)